# समानताका सपनाहरू

## नेपाली महिलाका संघर्ष र आशाका कथाहरू

FRIEDRICH
EBERT
STIFTUNG
Nepal Office

# समानताका सपनाहरू

## नेपाली महिलाका संघर्ष र आशाका कथाहरू

सम्पादक

**आन्विका गिरी**

*साथमा*

**कुन्साङ**

# विषय सूची


**प्राक्कथन** ७

**सपनाको पुस्तान्तरण** ११

१. **सपना : उन्मुक्तिको अध्याय** २०
संगिता उराँव

२. **अनुमतिको उल्झनमा सपना** ३२
ममता कुमारी बैठा

३. **'शैली, तिमी के बन्न चाहन्छौ ?'** ४०
शैली चौधरी

४. **कसैका लागि राहतको खबर हुन चाहन्छु** ५०
भावना गुरुङ

५. **आँखाबाट झरेका आँसुहरुको अठोट** ६२
रुक्शना कपाली

६. **म तिम्रो पनि सपना बाँचिरहेकी छु...** ७८
एलिजा ढकाल

७. **हिजाबको उडान** ९२
समन इक्वाल सिद्दिकी

८. **भोत केटीहरुले सपना देख्न कहिले सिक्लान् ?** १०२
कुन्साङ

९. **मेरो दौड म दौडिने छु !** ११०
अस्मिता वादी

१०. **मुक्तिक डगर** १२२
इन्दु थारू

# प्राक्कथन

समाज अगाडि बढिरहनका लागि महिला र पुरुष दुवैको योगदान उत्तिकै जरूरी हुन्छ। सभ्य र न्यायिक समाज निर्माणका क्रममा हरेक व्यक्तिले कुनै न कुनै रूपमा भूमिका खेलेका हुन्छन्।

हरेक लिंग, जातजाति, समुदाय, वर्ग र समूहहरूको सामाजिक सद्भावले राष्ट्र अगाडि बढ्छ। यसरी अगाडि बढ्दै जाने क्रममा हरेक व्यक्ति र समाजका आ-आफ्नै संघर्षका चुलीहरू पनि ठडिँदै जान्छन्। उन्नत समाज निर्माण गर्ने क्रममा यिनै संघर्षका कथाहरू पनि लेखिँदै जान्छन्। वास्तविक जीवन भोगाइका कथाहरू कसैलाई प्रेरणाको स्रोत बन्न सक्छन्, त कसैलाई समाज बुझ्नका लागि ऐनाको काम गर्न सक्छ। त्यसैगरी यसले कसैलाई पथ प्रदर्शन गर्न सक्छ। त्यसैले त हामी वीर मान्छेहरूको जीवनी पढ्छौं, इतिहास अध्ययन गर्छौं।

इतिहास प्रायः यिनै र घटनाक्रमहरूको लेखाजोखा पनि हो। धेरैजसो कथा-कहानी राजनीतिका वरिपरि लेखिएका भेटिन्छन्। तर सामाजिक लडाइँ लड्नेहरूका कहानी त्यति धेरै लेखिएका छैनन्। त्यसमाथि पनि महिलाका योगदानका बारेका कमै लेखिएका छन्।

महिलाहरूको सामाजिक लडाइँको विषयमा बहस खासै हुँदैन। सार्वजनिक जीवनमा कमै प्रवेश गरेका तर समाजका विविध क्षेत्रमा योगदान पुऱ्याइरहेका महिलाको कथा भन्ने र सुन्ने चलन हाम्रो समाजमा नगन्य मात्रामा छ। यथार्थ के हो भने, लैंगिक तथा सामाजिक न्यायको क्षेत्रमा महिलाले उल्लेख्य भूमिका

खेलेका छन् । दुरदराजमा लोकतन्त्रलाई बलियो बनाउने जिम्मेवारी उनीहरूले नै लिँदै आएका छन् । तर यसलाई लिपिबद्ध गरिँदैन ।

यिनै यथार्थलाई मनन गर्दै हामीले धेरै नसुनिएका, नबोलिएका र नलेखिएका यस्तै कथाहरूलाई नेपालको कुना-कन्तराबाट बटुल्ने जमर्को गरेका हौं । जुन कथाहरूले कथाका पात्र स्वयंलाई परिचय देओस् र पाठकहरूलाई, विशेषगरी युवा पुस्तालाई अगाडि बढ्ने हौसला देओस् ।

यहाँ कथाका पात्रहरू जीवित छन् । जीवन बाँच्दै गर्दा 'केही गर्छु' भन्ने अठोट लिएका युवतीहरूका आँट, साहस र उत्साहका पानाहरू छन् । पानाहरू लेखिँदै छन्, थपिँदै छन् । सिंगो आफ्नो पहिचानलाई माथि उठाएर आफ्ना अधिकारका लागि देखेका सपनाका तरेलीहरू यसमा समेटिएका छन् ।

असमानता र भेदभावविरूद्ध लड्नका लागि सर्वप्रथम समानताको सपना देख्ने सामर्थ्य राख्नुपर्छ भन्ने सन्देश यो प्रकाशनमा समेटिएका भोगाइहरूले दिएका छन् । जसले अन्ततोगत्वा नेपाली समाज सामाजिक न्यायका मामिलामा निरन्तर सुधारोन्मुख छ भन्ने छर्लङ्ग पारेको छ ।

'समानताका सपनाहरू' नामक यो पुस्तक प्रकाशनले महिलाका सपनाको कुरा गर्छ । लैंगिक अल्पसंख्यकको पहिचानको कुरा गर्छ । महिला भएर मात्र नपुगेका दलित महिला, मुस्लिम महिला, वादी महिला, तराई-मधेसकी महिला, पहाडकी महिला र हिमाली महिलाका परिचयको भारी बोकेकाहरू एउटा मानव भएर सम्मानपूर्वक बाँच्न स्वतन्त्र क्षितिज भेट्ने उत्साहमा उडान भरेका नालीबेलीको कुरा गर्छ । जसले पुरातनवादी सोचलाई प्रश्न गर्छ । अन्यायलाई चुनौती दिन्छ ।

यो प्रकाशनको प्रमुख उद्देश्य भनेको शक्ति र स्रोतको वितरणमा महिलाहरूको पहुँचको वास्तविक स्थिति छर्लङ्ग पार्ने कोशिस गर्नु पनि हो । यसैगरी सम्मानपूर्वक बाँच्नका लागि संरचनागत अवरोधहरूलाई चुनौती दिँदै समतामूलक समाज निर्माण गर्न महिलाहरूले गरेका संघर्षहरूलाई बाहिर ल्याउनु हो । फरक पृष्ठभूमिका महिलाहरूले अहिलेसम्म भोगेका अनुभवका कथाहरूले समाज

परिवर्तनका लागि कम्तीमा सुरूआतसम्म गरोस् भन्ने उद्देश्य यसले लिएको छ ।


पुस्तकभित्रका दसवटा कथाहरूले समग्र अवस्थाको बारेमा बोल्दैनन् । तर यी कथाहरूलाई प्रतिनिधिका रूपमा 'ग्रासरुट' स्तरमा युवा पुस्ताका महिलाहरूले दैनिक जीवनमा लोकतन्त्रको अनूभूति कसरी गरिरहेका छन्, सामाजिक तथा लैंगिक न्यायका विषयमा कार्यगत जटिलता कस्ता छन्, जस्ता प्रश्नको जवाफ खोज्ने सानो प्रयास गरेको छ ।

समग्रमा यसले सबैका लागि प्रजातन्त्र र यसको सुदृढीकरणमा सहयोग पुग्ने अपेक्षा छ । यो व्यक्तिगत घटनाका कथाको सँगालो हो । यसमा व्यक्त गरिएका विचार र घटनाहरू नितान्त लेखकका हुन् । फ्रेडरिक इवर्ट स्टिफटुङ (Friedrich-Ebert-Stiftung) 'एफइएस' नेपालका आधिकारिक भनाइ होइनन् ।

अन्तमा सम्पादक आन्विका गिरी लगायत उनका सहकर्मीले कथाहरू बटुल्ने क्रममा देखाउनुभएको उत्साहदेखि प्रकाशनसम्मको जिम्मेवारीका लागि आभार व्यक्त गर्छौं । साथमा एफइएस नेपालका सहकर्मीहरूलाई पनि सल्लाह, सुझाव र सहयोगका लागि धन्यवाद ।

**पवित्रा राउत**
एफइएस नेपाल





SCHOOL







# सपनाको पुस्तान्तरण

म तीन-चार वर्षकी हुनुपर्छ। सुनसरीको औरावनी भन्ने ठाउँमा मेरो बुबा हेडसर हुनुहुन्थ्यो । मूलघर मधेशाबाट दैनिक आउजाउ गर्न साधन नभएकाले औरावनीनजिकै भमरी भन्ने ठाउँमा डेरा लिनुभएको थियो । हामी त्यहीँ बस्थ्यौं ।

भमरीमा सोमबार र बिहीबार हाट लाग्थ्यो । अरू दिन भने साँझमा गुद्री लाग्थ्यो । सानो बजार भए पनि साँझको चहलपहल रमाइलो हुन्थ्यो ।

एकसाँझ मेरी आमासँग म हाट गएकी थिएँ । आमा एक जना चिनेका मान्छेसँग कुरा गर्न थाल्नुभयो । म सानोमा अति उत्सुक थिएँ । कसैसँग बोल्न डराउँदिनँ थिएँ । मैले ती चिनेका मान्छेसँग उनको घर, उनको काम, उनका छोराछोरी, उनीसँग भएको पैसा, सबका बारेमा सोधेछु ।

मलाई के के सोधेँ सम्झना छैन । तर मेरी आमा अहिले पनि सम्झिनुहुन्छ । हामी छुट्टिन लाग्दा उनले मेरी आमालाई भने, ‘भारतकी इन्दिरा गान्धी मरे पनि नेपालमा अर्की इन्दिरा गान्धी जन्मिइसकिछ । छोरी ठूली नेता हुन्छे ।’

ती मान्छेले मेरो टाउकोमा हात राखेर आशीर्वाद पनि दिए । त्यो नै जीवनमा म केही हुने रहेछु भनेर मेरो सपनाको पखेटा हाल्ने घटना हो । म जन्मिनुभन्दा दुई वर्षअघि भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीको मृत्यु भएको रहेछ । नेपालको छिमेकी मुलुक भएकाले होला, नेपालमा इन्दिरा गान्धी शक्तिशाली नेताका रूपमा चिनिन्थिन् । अझ त्यसमाथि भारतजस्तो देशको पहिलो महिला प्रधानमन्त्री भएकीले पनि होला, धेरै अभिभावक आफ्ना छोरीहरू उनीजस्तो होऊन् भन्ने सोच्थे होला ।

त्यतिखेर मलाई इन्दिरा गान्धीका बारेमा थाहा थिएन । उनका बारेमा थाहा पाउन मलाई अलि समय लाग्यो । तर मैले म केही बन्नुपर्छ भन्ने थाहा पाइसकेकी थिएँ । यो थाहा पाउनुले मेरो जीवनमा अनेकन सपनाहरू लिएर आए । कुनै पूरा भए । कुनै छुटेर गए । कुनै अधुरै रहे ।

मेरो परिवार छोराको अत्यन्त चाहना राख्ने परिवार हो । पाँच छोरी पाएपछि मात्र मेरी आमाले दुई छोरा जन्माउनुभयो । अनि बल्ल उहाँले बच्चा जन्माउनु परेन । मलाई अहिले पनि याद छ, पहिलोपटक मेरो ठूलो भाइलाई काखमा लिँदै मेरा हजुरबुबाले भन्नुभएको थियो- 'अब म स्वर्ग जान पाउने भएँ !'

त्यो दिन भाइ जन्मिएको खुसीसँगै छोरी भनेको छोराजत्ति होइन रहेछ भन्ने लघुताभाष अनुभूति भयो । कालान्तरमा यो अनुभूतिले सधैं डटेर लड्ने साहस भने दियो ।

पूर्व-पश्चिम राजमार्गदेखि दक्षिणमा रहेको मेरो गाउँ मधेशा सानै भए पनि सामाजिक र राजनीतिक रूपमा एकदमै 'भाइब्रेन्ट' थियो । तर यी सबैमा पुरुषहरूकै नेतृत्व र विचार चल्थ्यो । बिहान चिया पसलमा आएर देश-दुनियाँका विषयमा बहस गर्नेहरू आफ्नै घरका बारेमा भने पटक्कै चासो नलिने खालका थिए । महिलाहरू घर, परिवार, बालबच्चाकै जिम्मेवारीमा थिए ।

मेरी आमा आफैंले पैसा पाउने काम नपाएकाले होला, हामी छोरीहरूलाई 'जागिर गर्नुपर्छ' अर्थात् 'आफैंले पैसा कमाउनुपर्छ' भनिरहनुहुन्थ्यो । मेरी आमाले दस कक्षासम्म पढेपछि थप पढ्न पाउनुभएन । हामी पाँच जना छोरीहरू नै हाम्रो घरको कलेजसम्म पुग्ने पहिलो पुस्ता थियौं । मेरा फुपूहरू केहीले स्कुलसम्म जान पाउनुभएको थियो भने केहीले त्यो पनि पाउनुभएन । मेरो बुबा र अंकलले भने उच्च शिक्षा अध्ययन गर्न पाउनुभयो ।

केही बन्नुपर्छ भन्ने कुरा मेरा लागि सधैं सुनिरहने कुरा थियो । पढाइमा राम्रो भएकाले पनि होला, सानैदेखि केही बन्नुपर्ने कुरा घरमा, गाउँमा र स्कुलमा भइराख्थ्यो । घरमा आउने सबै पाहुनाहरू 'तिमी के बन्छौ ?' भनेर सोधिराख्थे ।

शिक्षकहरू पनि चासो राख्थे । म आफैं पनि कहिले के, कहिले के बन्ने भन्ने सोचिराख्थेँ । पाँच-छ कक्षा हुन्जेल म प्रहरी बन्न चाहन्थेँ । प्रहरीसँग शक्ति हुन्छ र त्यसले केही गर्न सक्छ भन्ने मलाई लागेको थियो ।

परिवार, समाज र विद्यालयले पनि म केही बन्न सक्छु भन्ने सोचेको भएर होला ममा भने सधैं 'म केही बन्छु' भन्ने आत्मविश्वास थियो । तर मेरा केटी साथीहरूले सपनाको कुरा गरेको मैले कहिल्यै सुनिनँ । उनीहरूलाई आफू केही बन्न सक्छु भन्ने आत्मविश्वास भएको पनि मैले महसुस गरिनँ ।

मेरा केटी साथीहरू हतारिँदै स्कुल आउँथे । घर गएर खाना बनाउने, घाँस काट्ने लगायतका थुप्रै कामको जिम्मेवारी उनीहरूको भागमा थियो । पढाइमा न उनीहरूलाई परिवारको सहयोग थियो न त्यो कुरा शिक्षकहरूले बुझ्थे । शिक्षकहरूले त उनीहरूलाई खासै वास्ता नै गर्थेनन् । त्यसैले अहिले मेरा थोरै केटी साथीहरू मात्र घरभन्दा बाहिरको काम गर्छन् । धेरैजसोको एसएलसी पास गरेर कलेज पुग्दै गर्दा विवाह भयो । केटा साथीहरू भने धेरैले आफूले चाहेको सपना पछ्याएका छन् ।

एकदिन घरमा एक जना पाहुना आएका बेला मलाई सोध्नुभयो, 'तिमी के बन्ने ?'

मैले बोल्न पाएकै थिइनँ, मेरा हजुरबुबाले 'मेरी नातिनी वकिल हुन्छे' भनिदिनु भयो ।

मैले त्यति बेलासम्म वकिल हुनेबारेमा सोचेकै थिइनँ । अचानक हजुरबुबाले भनेपछि मैले वकिल बन्नेबारे नै सोचेँ । मेरो हजुरबुबा सधैं नाति चाहनुहुन्थ्यो तर नातिनातिनामा म उहाँकी प्रिय थिएँ । मलाई सधैं साथमा लिएर हिँड्नुहुन्थ्यो । मेरो पढाइ सपार्न उहाँले निकै मेहनत गर्नुभयो । मैले राम्रो पढेकाले म उहाँको शान थिएँ भन्दा फरक पर्दैन ।

उहाँ मलाई जोसँग पनि निकै गर्वका साथ चिनाउनुहुन्थ्यो । त्यसैले पनि मैले हजुरबुबाको चाहलाई आफ्नो चाह बनाएँ । म वकिल नै हुन्छु भन्ने पनि

लाग्यो । तर जबदेखि म कथा लेख्न थालेँ तबदेखि मैले अरू सबैसबै सपना त्यागिदिएँ । जीवनको २० औं वर्षताका बल्ल मैले आफूभित्रको खास चाह र क्षमतालाई चिनेकी थिएँ । आफ्नो सपनाको बाटोमा हिँड्नुको मिठास मैले महसुस गरेकी छु ।

हाम्रो समाजमा छोरी मान्छे भएर सपना देख्नु आज पनि सजिलो छैन । हाम्री आमाहरूको पुस्तामा पढ्दा बिहे नहोला, बाहिरफेर हिँडेका केटीहरू भन्ने मान्यता थियो । हाम्रो पुस्तामा छोरी मान्छेरू विवाहका लागि योग्य हुन पढ्थे । अलिअलि नपढेकी छोरीहरू बिहेका लागि अयोग्य हुन थाले । अहिलेको पुस्ता भने आर्थिक आत्मनिर्भरताका लागि पढिरहेको आभास हुन्छ । म, मेरी दिदीहरू र बहिनी यही आत्मनिर्भरताको सपना बोकेर हुर्किएका हौं । किनकी मेरी आमा आर्थिक आत्मनिर्भरताको सपना मनमै गुम्स्याएर बाँचिरहनु भएको छ । त्यो गुम्साहट छोरीहरू आत्मनिर्भर भएको देखेर केही कम भएको होला, तर थकथकी त छँदैछ ।

मेरा लागि यो बन्ने, त्यो बन्ने कुरा सधैं महिलाको स्वतन्त्रता र अधिकारसँग जोडिएर आयो । व्यक्तिगत सफलता कहिल्यै पनि प्राथमिकतामा परेन । म पुलिस बन्न चाहन्थेँ र घरेलु हिंसाबाट पीडित महिलाको उद्धार गर्न चाहन्थेँ । म वकिल बन्न चाहन्थेँ र महिलाकै लागि लड्न चाहन्थेँ । महिलाबाट हरेक सिमान्तकृत समुदाय र लोकतन्त्र हुँदै मेरो जीवनको लक्ष्यको परिधि फराकिलो भयो ।

तर सधैं आवाजबिहीनका लागि आवाज हुने नै मेरो सपना भयो । आफ्नो सपनाका बारेमा सोचिरहँदा आम नेपाली महिलाको सपनाको भाष्य कसरी निर्माण हुन्छ भन्ने कुरा सधैं नै मेरो चासोको विषय थियो । किनकी आम रूपमा छोरी मान्छे 'के बन्ने ?' गफ आज पनि नेपाली परिवारमा उति रूचिकर छलफल होइन । यो छलफल कतै दबेको छ । मैलेजस्तो 'के बन्ने ?' 'के गर्ने ?' प्रश्नको सवाल-जवाफ धेरैका लागि कहिल्यै नसुनिएको कुरा हुन सक्छ । सपना हुनेहरूलाई अझै पनि विद्रोही करार गरिन्छ ।

तर विभिन्न व्यवस्था पार गर्दै लोकतान्त्रिक संघीय गणतन्त्रमा नेपाली महिलाको सपना के हो त ? कसले तय गर्छ उनीहरूको सपना ? आमा र हजुरआमाका अधुरा सपनाको हेक्का यो पुस्तालाई छ कि छैन ? कसले सघाउँछ उनीहरूलाई सपनाको बाटोमा हिँड्न ? कसले रोक्छ उनीहरूको सपनाको उडानलाई ?

सुन्दा सामान्य लाग्ने यी प्रश्नका असाधारण जवाफहरूले नै आगामी दिनमा समानताको बाटो तय गर्ने छन् ।

यो देशले पहिलो महिला न्यायाधीश, पहिलो महिला राष्ट्रपति, पहिलो महिला सभामुख देखेको धेरै भएको छैन । तर के त्यसले नेपाली महिलालाई पनि त्यो उचाइमा पुग्ने सपना देख्न हौस्यायो त ? ऐतिहासिक विभेद निर्मूल गर्ने र सामाजिक न्याय स्थापित गर्ने मूल ध्येयका साथ आएको नेपालको संविधानले नेपाली महिलाको अघि बढ्ने बाटामा कहाँकहाँ भऱ्याङ लगायो त ? पैतृक सम्पत्तिमा बराबरको हक भनेर लेखिएको कानुनले कति छोरीहरूलाई समानताको कसीमा बराबरीमा उकाल्यो त ?

दिनदिनै बलात्कार, हत्या, हिंसाका समाचार पढिरहँदा र त्यही समाचार बनिरहँदा नेपाली महिलाका लागि सपना देख्न कति सहज छ ? बालखैमा विवाह र सन्तानको भारी बोकेर आफ्ना सपनाको उकालीमा कति छोरीहरू बाटैमा थाके होलान् ? सपना भनेकै वर्तमानमा बाँचिरहेको जीवनको एक खुड्किला नै भए पनि स्तरोन्नतिको चाह हो । संस्कार, संस्कृति, असमान कानुन, सामाजिक, आर्थिक र राजनीतिक पहुँचको पिँधको साङ्लाले जकडिएका नेपाली महिलाहरू कुन आँटले अघि बढ्ने कोशिस गरिरहेका छन् ?

मेरो मनमा धेरै प्रश्नहरू थिए । यिनै प्रश्नका उत्तर खोज्न गरिएको प्रयास नै एफइएस नेपालको सहकार्यमा 'समानताका सपनाहरू' को रूपमा आएको हो ।

नेपाली महिलाहरूको कुरा आउँदा सधैं उनीहरूका दुःख र संघर्षको चर्चा हुने गर्छ । अधिकारको लडाइँको कुरा हुने गर्छ । उनीहरूका सपनाको भने उतिसाह्रो चर्चा हुँदैन । त्यसैले नेपाली महिलाहरू अहिले के सपना देखिरहेका

छन् त भन्ने जान्ने ध्येयका साथ 'समानताका सपनाहरू' को परिकल्पना गरियो ।

यस पुस्तकमा विभिन्न जातीय तथा धार्मिक समुदाय, विभिन्न यौनिकता, विभिन्न क्षेत्रका महिलाहरूको सपनाको निर्माण र विनिर्माण कसरी हुँदो रहेछ भनेर जान्न सकिने कथाहरू समेटिएका छन् ।

नेपाली भाषामा आफ्नो सपना उतार्दै गर्दा भोत भाषाका छोरीहरूले कसरी बुझ्लान् भन्ने चिन्ता बोकेकी हुम्लाकी कुन्साङको सपना पनि यसै पुस्तकमा छ । आफ्नो यौनिकताको पहिचानसँगै झेलेका अनेक मानसिक प्रताडनाका बाबजुद पनि नेपालभाषामा काम गर्ने सपनाको लेखोट काठमाडौंकी रूक्शना कपालीले सुन्दर ढंगले गरेकी छिन् ।

मधेसी दलित समुदायमा विवाहपछि पनि पढाइ पूरा गर्ने महोत्तरीकी ममता कुमारी बैठाको सपना होस् वा आर्थिक तथा सामाजिक हैसियत राम्रै भएर पनि राजनीतिमा होमिएपछि लैंगिकतालाई चरित्रको मापन बनाएर निरुत्साहित गर्ने राजनीतिक समाजसँग लडिरहेकी तनहुँकी एलिजा ढकालको सपना होस् वा परिवारले 'तिमी के बन्छौ ?' भनेर नसोधे पनि आफैंले आफ्नो सपनाको संसार सजाएकी वीरगञ्जकी शैली चौधरीको सपना होस् वा माओवादी 'जनयुद्ध' ले बुबा, हजुरबुबा र काका गुमाएपछि सपना देख्ने उमेरमा बास फेर्दै पढ्नुपरेकी कैलालीकी इन्दु थारूको सपना होस् वा ताराहरू र फूलहरू देखेर होइन, विभेद र भोको पेटमा देखको सुर्खेतकी अस्मिता वादीको सपना होस् वा आमा र हजुरआमाले देख्न नपाएको सपना देखेकी सिन्धुलीकी भावना गुरुङको सपना होस् वा रंगमञ्चमा धेरै पात्रको अभिनयमा आफ्नो सपना सजाएकी सुनसरीकी संगिता उरावँको सपना होस् वा ओलम्पिक्समा अम्पायर बन्ने सपना सँगालेकी नेपालगञ्जकी समन इक्वालको सपना होस्, हरेक सपनाले समानताको चाह राखेका छन् ।

त्यो चाह यी स्वप्निल मनहरूले आफ्ना लागि मात्र होइन, आम नेपाली महिलाका लागि देखेका छन् । स्वतन्त्र भएर सपनाको उडान भर्ने चाह यी व्यक्तिगत अनुभूति पढ्ने हरेकले महसुस गर्न सक्छन् ।

सपनाको निर्माण व्यक्तिको लैंगिकता, यौनिकता, परिवेश, सामाजिक, आर्थिक र राजनीतिक हैसियतले गर्छ । सपनाको वजन पनि यिनै कुराले तय गर्छन् । लोकतान्त्रिक र समतामूलक समाजमा, देशमा, व्यक्तिका सपनाको टेको राज्यले पनि समाएको हुन्छ । तर हाम्रो देशको व्यवस्थामा लोकतन्त्र भए पनि जातीय, वर्गीय, लैंगिकताको विभेदले पिल्सिरहेकाहरूले सपना देख्न ठूलै अठोट चाहिन्छ, आँट चाहिन्छ ।

बाटोमा ठेस लाग्यो भने धूलो टक्टकाएर फेरि उठेर हिँड्न पनि उच्च मनोबल चाहिन्छ । त्यो मनोबल कसैका परिवारले दिन्छन्, कसैका समाजले दिन्छन्, कसैलाई आफ्नै अवस्थाले दिन्छ त कसैका लागि राज्यले हात दिन्छ । नेपाली महिलाका लागि परिवार, समाज, राज्य सबै उति अनुकूल छैनन् । तर पनि उनीहरूले समानताको सपनाका लागि निरन्तर संघर्ष गरिरहेकै छन् । हामी अघिका पुस्ताले पटकपटक राज्यसँग संघर्ष गरेका छन् । परिवारसँग लडेका छन् । त्यो लडाइँ आज केही सजिलो भएको छ, आवाज ठूलो भएको छ, तर लडाइँ त जारी छ ।

यस पुस्तकका कथाले पनि निरन्तर संघर्ष र लडाइँलाई नै दस्तावेज गरेको छ । 'समानताका सपनाहरू' ले यो पुस्ताको सपनाको झलक त दिन्छ नै, अघिल्लो पुस्ताको अधुरा सपनाहरूलाई पनि बुझ्न सघाउँछ र भावी पुस्तालाई सपना देख्न हौस्याउँछ ।

पुस्तकमा आफ्ना सपनाहरूलाई सुन्दर र सशक्त ढंगले व्यक्त गर्ने सबै लेखकलाई म धन्यवाद दिन चाहन्छु । यी सपनाका कथाहरू पढ्दा कैयौं ठाउँमा मलाई ऐठन भएको छ । कैयौं ठाउँमा मेरा आँखा रसाएका छन् । कैयौं ठाउँमा म रिसाएकी छु । कैयौं छुटेका सपनाले मलाई थकथकी पारेका छन् । कैयौं ठाउँमा मेरा ओठहरू आफैं तन्केर मेरो मन उज्यालो भएको छ । कैयौं सपनाका सहयोगी सहयात्रीप्रति म नतमस्तक भएकी छु ।

अबको पाँच वर्ष, दस वर्षमा तपाईंहरू आफ्नो सपनामा बाँचेको देख्ने हुटहुटी मेरो मनमा छ । यी कथा पढ्ने पाठकलाई पनि त्यो हुटहुटी जाग्नेछ भन्ने

मलाई विश्वास छ । नेल्सन मण्डेलाले भनेझैं अघि बढ्ने बाटो बनाउँदै गर्दा बीचमा पार गरेका कोशेढुंगाको उत्सव मनाउन बिर्सनु हुँदैन । यो पुस्तक, 'समानताका सपनाहरू' तपाईंहरू, हाम्री आमा र हजुरआमा पुस्ता र हाम्रा छोरी पुस्ताका लागि समानताको बाटो तय गर्दैगर्दाको एक कोशेढुंगा हो र यो हामी सबैका लागि एक दस्तावेजी उत्सव हो । तपाईंहरू सबैलाई सपनाको यात्रामा धेरैधेरै शुभेच्छा छ !

सपनाका कथाहरूलाई चित्रमार्फत् अझ सजिव तरिकाले अभिव्यक्त गर्ने चित्रकारहरू अनामिका गौतम, निलम भूर्तेल, सपना संजिवनी, मनिषा साह, निती श्रेष्ठ, चाहना शाक्य, रोजिना शाक्य, पूर्णिमा राई, बन्दना तुलाचन, शुभा जोशीलाई धेरैधेरै आभार छ ।

आवरण चित्र बनाउने उजेली सुनार, आवरण डिजाइन बनाउने प्रज्ज्वल थापा मगर र पुस्तक तयार गर्न सहयोग गर्ने कुन्साङलाई धेरैधेरै धन्यवाद छ ।

यो पुस्तकको भाषा सम्पादन गर्ने चेतना गुरागाईं र लेआउट बनाउने ध्रुव बस्नेतलाई पनि धेरै आभार छ ।

एफइएस नेपालले यो पुस्तक प्रकाशन गर्न गरेको जमर्कोले नेपाली महिलाको अधिकार, संघर्ष, स्वतन्त्रताको चाह र समानताको हकलाई सम्मान गरेको छ । यो नेपाली महिलाका सपना दस्तावेज गर्ने श्रृंखलाको पहिलो भए पनि निकै महत्वपूर्ण काम हो । एफइएस नेपाललाई 'समानताका सपनाहरू' सम्पादन र संयोजन गर्ने अवसरका लागि धन्यवाद !

यो पुस्तक तयार पार्दा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्ने सबैलाई 'समानताका सपनाहरू' को यात्रामा जोडिनुभएकोमा मुरीमुरी आभार !

**आन्विका गिरी**
सम्पादक

# सपना : उन्मुक्तिको अध्याय

संगिता उराँव



चित्र : अनामिका गौतम

आमाको रातो सारी लगाएकी थिएँ । हातमा रजिष्ट्रर, चक डस्टर, कपालको खोपा (जुरो) मा पेन भिरेर चुपचाप सुरेनलाई हेरिरहेकी थिएँ । सुरेन घुँडा टेकेर भनिरहेको थियो, 'म तिमीलाई माया गर्छु, सानोलाई होइन । यदि तिमी मेरी भइनौ भने, म मर्छु ।'

मर्छु भन्नेबित्तिकै उसले चक्कु निकाल्यो र पजरा (पेटको छेउ) मा चक्कु घुसाऱ्यो । मेरो हातमा भएका सबै सामान झरे, सुरेनको छेउमा थचक्कै बसेँ । उसको छातीमा हान्दै रून थालेँ । रून बन्द भएपछि वरिपरिबाट ताली बज्यो । नाटक सकियो ।

त्यो मेरो पहिलो नाटक थियो । नाम त याद छैन तर काम चाहिँ याद रहेछ । बाल-क्लबमा पढाउने सर, मेरो काकु (प्रकाश उराँव) ले निर्देशन गर्नुभएको थियो । कलाकार बन्ने, नाट्यक्षेत्रमा लाग्ने मेरो सपनाको विजारोपण सायद यही थियो । तर यो कुरा ठम्याउन मैले लामै बाटो हिँड्नुपऱ्यो ।

बुबा धर्मेन्द्र उराँव र आमा श्यामवती देवी उराँवको कोखबाट नेपालको पूर्वी तराई सुनसरी जिल्लाको गढी गाउँपालिका वडा नम्बर ४, छिटाहा-६ फौदार स्थान, झोराटोलामा मेरो जन्म भएको हो । मेरो परिवारमा आमा, बुबा, दुई भाइ, बहिनी र म गरेर जम्मा छ जना छौं । मेरो पठनपाठन गाउँकै, फौदार स्थान निम्न माध्यमिक विद्यालय र उच्च शिक्षा श्री उच्च माध्यमिक विद्यालय, छिटाहा-३ मा भएको हो ।

म एक सुन्दर र सरल समुदायमा जन्मिएँ । तर मेरो समुदाय आर्थिक रूपमा शोषण, शैक्षिक रूपमा पिछडिएको र राजनीतिक बहिष्करणमा परेका सिमान्तकृत समुदाय हो । हामी प्रायः आफ्नो समुदायलाई 'कुडुखारो' अथवा कुडुख समुदाय भन्छौं । हाम्रो बोल्ने भाषा पनि कुडुख भाषा हो र यो द्रबिड भाषा समुदायमा पर्छ ।

संविधान २०६३ मा नेपालमा बस्ने हरेक समुदाय, भाषाभाषी, जातजाति, वर्ण र संस्कृति भएको समुदायलाई समान हक र अधिकार दिए पनि अहिलेसम्म

लागू भएको पाइँदैन । अहिले पनि हाम्रो समुदाय राज्यबाट पाउने अधिकारबाट बञ्चित नै छ । हामी अझै पनि ओझेलमै परेका छौं । हाम्रो धर्म, संस्कृति, चाडपर्व, भाषा, खानपान, लवाइखवाइ र परम्पराको हामी आफैंले संरक्षण गरेका छौं । हामी यही देशका नागरिक हौं भने यसलाई राज्यले पनि संरक्षण गर्नु आवश्यक छ ।

परालको छानो, बाँसको करचीको टाटीमा माटो र भुसले लिपेको भित्तामा फूलबुट्टा, जनावरको चित्र कोरेको र थरीथरीका रंगले रंगाएको घर । गोबरले लिपेको सफा र सुन्दर आँगन । मौसमअनुसार चोट सहेर ओत दिने घर । मेरो गाउँका सबै घरहरू त्यस्तै थिए ।

खेतमा होस् वा भान्छामा, हाटबजार होस् वा अरू काम, महिला र पुरुष सँगै मिलेर गर्थे । तर कमाइका लागि पुरुषहरू बाहिर जान थालेपछि घरमा काम बाँडफाँट सुरू भयो । यसमा अरू समुदायको प्रभाव पनि पर्‍यो । विस्तारै देख्दादेख्दै महिला घरभित्र सीमित भए । पुरुषले बाहिरी संसारमा आफ्ना पाइला बढाए । यो बिडम्बनापूर्ण तरिकाले भित्रिएको विभेदले हाम्रो सपनाको फैलावटलाई हामीले थाहै नपाई खुम्च्यायो ।

हाम्रो सिकाइको भाषा र व्यवहार नै बदलियो । सानैदेखि हामीले कुचो समायौं । घर बढार्‍यौं कि कसिङ्गरमा सपना पनि मिल्कायौं, कैयौं छोरीहरूले थाहासमेत पाएनौं । थाल, लोटा पखाल्न सिक्यौं कि सपनालाई पखालेर फ्याँक्यौं, हामीले चालै पाएनौं ।

खेल्नका लागि बाँसको करचीलाई आमाको च्यातिएको सारीले बेरेर 'कनिया-दुलहा' बनाएर उनीहरूको बिहे कसरी गराउने, कसरी परिवारको संख्या बढाएर खानदान ठूलो बनाउने सिक्यौं । खेलमा समेत लोग्नेको अधिनमा कसरी रहने नियममा पो बाधियौं । बेहुलीले बेहुलाको सबै कुरा मान्नुपर्ने । उसको लुगा धुने, खाना पकाएर खुवाउने । रक्सीले झुम्म मातेर आएको लोग्नेको गाली र कुटाइ खाने अनि कुट्टि (भकारी) को छेउमा गएर कसैले नसुनून् भनेर अचरा (पछ्यौरी) ले मुख थुनेर रूनुपर्ने । तर बाहिर सबैसँग हाँसेर बोल्नुपर्ने ।

बालापनमा कनिया-दुलहा खेल्नेबेला नै हामीलाई नियमै नियमको भारीले थिचियो । हाम्रो समाजले महिलाहरूलाई कसरी सानैदेखि आफ्नो अस्तित्व मास्न सिकाउँछ भन्ने यो गतिलो उदाहरण हो ।

म पनि यिनै खेलहरू खेलेर हुर्किएँ । तर म यी नियमहरूसँग सन्तुष्ट थिइनँ । मेरो मनमा अनेक प्रश्नहरू जाग्न थाले । 'यस्तो किन हुन्छ ?' म सोध्थेँ । मेरो प्रश्न सुन्दा हजुरआमाहरू भन्ने गर्थे, 'तिमी ठूली भएर बिहे गरेर दुल्हाको घर जान्छौ अनि आफैं थाहा पाउँछ्यौ ।'

कनिया-दुलहा खेल्दाखेल्दै हुर्किएको यो मन कनिया (बेहुली) बनेकै सपना देख्न थाल्यो । मेरो पनि यसरी नै बिहे हुन्छ । म पनि मडुवा (जग्गे) मा बसेर खुब रूनेछु । म रोएको सुनेर गाउँका महिलाहरू मेरो रूवाइलाई जितेर गीत गाउने छन् । दुलहाको घर जान्छु । मेरो दुलहाले धेरै माया गर्नेछ ।

माया ! कसरी गर्छ होला, कल्पना गर्दै लजाउँथेँ । आमा पाहुना गएका बेला, आमाको सारी-चोलो लगाएरै राती सुत्थेँ, कल्पनामा मेरो दुलहालाई सम्झेर । तर विपनामा मानिसहरू भन्थे- सुगीया त काली छ, धम्मरधुस छ, दुलहा भेट्न पनि गाह्रै पर्छ ।

त्यति बेला मेरो कल्पनामा सपनाको दुलहा कताकता मधुरो मात्र देखिन्थ्यो । मेरा कैयौं साथीहरू यो सपनाबाट उम्किनै सकेनन् । म धन्नले यो सपनाबाट उम्कें र खास सपनाको संसारमा पुगें ।

यो खास सपनाको गुन्जन मेरो गाउँमा एउटा साइकलमा बाँधेको स्पिकरले ल्याइपुऱ्याएको थियो । त्यो दिन हाम्रो गाउँमा 'नाटक ! नाटक ! नाटक फौदार थानको प्रांगणमा नाटक ! आउनुहोस् ! आउनुहोस् ! नाटक हेर्न आउनुहोस्' गुन्जियो ।

नहरमा हामी केटीहरू गोइठा बनाइरहेका थियौं । हल्ला सुन्नेबित्तिकै गोइठा बनाउन छाडेर हतारहतार हात धोएर नाटक हेर्न कुद्यौं । हामी नाटक खेल्ने कलाकारहरू तयार भइरहेको घरमा गयौं । भित्र जान दिएनन् तर म लुकेर भए पनि भित्र पसें ।

त्यहाँ कलाकारहरू तयार भइरहेका थिए । आ-आफ्ना लुगा लगाउँदै, हाँस्दै, खेल्दै संवाद बोल्दै थिए । म ट्वाँ परेर हेरिरहेकी थिएँ । तर एक जना आएर

'ए केटी बाहिर जा, सानो मान्छे अगाडि बस्नु, पछाडि पऱ्यो भने छेक्किन्छ, जा जा' भने ।

म परेँ अटेरी । जाँदै गइनँ । नाटक सुरू भयो । कलाकार मञ्चमा जान थाले । म पनि पछिपछि गएँ । तर भिड यत्ति धेरै भइसकेको थियो, म साँच्चै पछाडि परेँ । सेतो गोलो घेराभन्दा निक्कै पर । गोलो घेराभित्र नाटक सुरू भइसकेको थियो । पछि जसोतसो सेतो घेरासम्म पुगेँ । लाग्यो, म सपनाको अलि नजिक पुगेँ ।

एक जना कलाकार कल बनेर उभिएका थिए । त्यही कलमा छोरा वीरे हातखुट्टा धोइरहेका थिए र छेउमा वीरेकी बहिनी भाँडाकुँडा माझ्दै थिई । वीरेले स्कुल जान झोला बोक्यो । उसकी बहिनीले घाँस काट्न जान कचिया र बोरा बोकी ।

नाटक हेर्न मेरो छेउमा बसेकी हजुरआमाले भन्नुभयो- कुक्कोस्हिन स्कुल तैनाय । अ कुकेन घाँसी खोयागे होले एकासे कुके खद्दाय पढ्आ लेख्आ ओडगोर ? (छोरालाई स्कुल पठाउँछन्, छोरीलाई घाँस काट्न र घरको काम गर्न । अनि कसरी छोरीहरू पढ्न-लेख्न सक्छन् ?)

नाटक सकियो तर हजुरआमा र नाटकको कुरा मेरो मनमा गडेर बस्यो ।

घरकी ठूली छोरी म । आमालाई सघाउनेदेखि घाँस काट्ने, गाई चराउन लैजाने, गोबर सोहोरेर ल्याउने, दाउरा खोजेर ल्याउने सबै काम गर्नुपर्थ्यो । शिशु कक्षा पढ्दा मेरो पढाइ राम्रै थियो अरे । त्यसैले काकाले एकैचोटि दुई कक्षामा भर्ना गराउनुभयो । स्कुलमा पनि मेरो पढाइ राम्रो हुँदै गयो । बाबाले सबै विषयका लागि कापीहरू इटहरीबाट ल्याइदिनुहुन्थ्यो ।

छ कक्षामा हुँदा म बाल-क्लबको सदस्य भएँ र बैठक, तालिमहरूमा जान थालेँ । त्यसै क्रममा बाल-क्लबबाट कार्यक्रममा भाग लिने, नृत्य गर्ने, समूहमा नाटक गर्थें । बाल दिवसको दिन भव्य कार्यक्रम हुन्थ्यो । हामी पनि हाम्रो समूहका दाइ, दिदीहरूसँग नाटक गर्न जान्थ्यौं । मेरी आमाले कहिल्यै नजाऊ भन्नुभएन । तालिममा जानलाई साइकल नहुँदा गाउँकै कसैको मागेर ल्याइदिनु हुन्थ्यो । छ कक्षामा दोस्रो, सात र आठ कक्षामा प्रथम भएँ ।

नौ कक्षा मैले ठूली आमाको घर, मोरङको झोराहाटमा बसेर पढेँ । यहाँबाट भने मेरो पढाइ ओरालो लाग्दै गयो ।

ठूलो बाबा रक्सी खाएर आएका बेला घरमा बबन्डर हुन्थ्यो । ठूली आमा र ठूलो बाबाको बीचमा म पिल्सिन्थेँ । उहाँहरूका दुई सन्तानमध्ये छोरा विदेश थिए र छोरीको बिहे भइसकेको थियो । ठूली आमाले 'मेरो साथी हुन्छे, काम गर्दै पढ्छे' पनि भनेपछि मेरी आमाले 'नाइँ' भन्न सक्नु भएन । म पनि खुसी भएर गएँ ।

मलाई ठूली आमाको घरमा बस्नुभन्दा सरस्वती उच्च माध्यमिक विद्यालयको स्कुल ड्रेसले बढी तानेको थियो । म पहिलोपटक टाइ, बेल्ट र ब्याग बोकेर स्कुल जाने भएकी थिएँ । आमाले पहिलोपटक मेरा लागि स्कुल-ब्याग किनिदिनु भएको थियो । तर त्यहाँ घरको काम र सधैंको झै-झगडाले मेरो पढाइ बिग्रिन थाल्यो ।

ठूली आमालाई ठूलो बाबाले गरेको व्यवहार सम्झिँदा अहिले पनि जिउमा काँडा उम्रेर आउँछ । अनि बिहे गरेका दिदीहरूको अवस्था देखेरै बिहे गर्दिनँ भन्ने लागेको थियो । बरू पढ्छु र केही काम गर्छु भन्ने लाग्न थाल्यो । नौ कक्षाको परीक्षा दिएर म आफ्नै घर आएँ । फेरि पहिलेकै स्कुलमा दस कक्षामा पढ्न थालेँ । कहिल्यै फेल नहुने म एसएलसीमा फेल भएँ । खुब रोएँ ।

तर मैले फेरि एसएलसी दिने निधो गरेँ । अनि फेरि दस कक्षा पढ्न स्कुल जान थालेँ । आमाले पढ्ने बेला काम अह्राउन छोड्नुभयो । बाबा इटहरीको काम छाडेर अँधियामा खेती गर्न थाल्नुभयो र तरकारी व्यापार पनि सुरू गर्नुभयो । मैले जति सुविधा पाएँ, त्यो सुविधा मैसम्म सीमित रह्यो । बहिनी र भाइले पाएनन् ।

घरको आर्थिक अवस्था बिग्रँदै गयो । बाबाले घरखर्च जुटाउने कि चार सन्तानका लागि कापी-कलम जुटाउने ? भाइ र बहिनी दस कक्षाभन्दा अगाडि बढ्न सकेनन् । आर्थिक रूपले विपन्न भएपछि एउटा माथि चढ्दा अर्को तल ओर्लिनुपर्ने वा अर्कोले आधारभूत आवश्यकताको पूर्तिको मौकासमेत नपाउने हुन्छ । मेरो परिवारमा त्यस्तै भयो ।

रोपाइँको बेला हो भने बिहानै उठेर घरको काम गरेर बिउ उखाल्ने, रोपाइँ गर्ने अनि एक बजेको कोचिङ क्लास जाने । कोचिङबाट आएर खेततिर कुद्ने । धान काट्ने बेला हो भने उठेर धान काट्न कुद्यो । सुगर मिलको तेस्रो हर्न सुन्नेबित्तिकै घर टाप कस्थेँ । हतारहतार भात खायो, लुगा लगायो, आधा घण्टाको बाटो हिँडेर स्कुल पुग्यो । एसएलसी दिने मेरो दोस्रो प्रयासको दैनिकी यस्तो थियो ।

यति काम भ्याएरै म दोस्रो प्रयासमा एसएलसी पास भएँ । क्याम्पस पढाउनुपर्छ भनेर स्कुलको हेडसर र सरहरू घरमै आएर कुरा गरेर गए । त्यति बेला जो जो पास भए, सबैलाई घरघरमा गएर क्याम्पस पढाउन भन्ने गर्थे । हाम्रो घर आएका बेला आमा र हजुरआमाहरू हुनुहुन्थ्यो । हेडमास्टरले घरमै आएर पढाउनुपर्छ भनेकाले ममा पनि साहस बढेर आयो ।

आमालाई 'म पनि क्याम्पस पढ्छु' भनेँ । तर पढ्नका लागि पैसा कसरी जुटाउने ? आमाले लघुबचतबाट ऋण लिएर नाम लेख्न पठाउनुभयो । प्रौढ शिक्षा पढाएर आमाको ऋण फिर्ता गरेँ ।

एक साँझ नागरिका कला केन्द्रका जाहिर सरको फोन आयो, 'नाटकको दसदिने तालिम हुँदैछ ।'

तालिममा जाने कुरा बाबालाई भनिदिन आमालाई इसारा गरेँ । आमाले 'अहिले काम पनि छैन, जाओस् बरू' भन्नुभयो तर बाबा केही बोल्नु भएन । बाबाको मौनतालाई नै अनुमति सम्झेर कोठामा गएँ र लुगा निकालेर राती नै धोएर सुकाएँ । बाबा कडा स्वभावको हुनुहुन्छ । धेरै बोल्नुहुन्न तर मेरो सपनाका लागि उहाँ सधैं मेरै छेउमा उभिनुहुन्छ ।

बिहान बाबा तरकारी ल्याउन गइसक्नु भएको थियो । घरमा साइकल थिएन । कसरी जानु ! एक मनले 'ह्या हिँडेरै गइदिऊँकी क्या हो' भन्ने भयो । तर घाम र पूर्विया हावा थियो । दस बजे नै पुगिसक्नुपर्ने । मेरी आमा काकालाई भन्न जानुभयो । काकाले आमाको कुरा काट्न सक्नुभएन र मलाई बेलगछिया पुऱ्याएर फर्किनुभयो ।

तीन केटी र सात केटा रामगञ्जबाट विराटनगर नाटक तालिमका लागि आएका थिए। भोलिपल्ट बिहान सात बजेदेखि नै तालिम सुरू भयो । सुरूमा

शारीरिक व्यायाम हुन्थ्यो । मेरो शरीरमा कुर्ता सुरुवाल र घाँटीमा सल थियो । कताकता अल्झेको जस्तो ! कतै छातीबाट सल हट्छ कि ? कतै उलटपुलट हुँदा शरीरको कुनै भाग देखियो कि ? भन्ने कुराले अभ्यास नगर्न पाए हुन्थ्योजस्तो लाग्थ्यो । तर विस्तारै धक हट्दै गयो । तालिममा ध्यान दिन थालेँ । आफूले भोगेका कुराहरू, आफ्नै समुदायका समस्याहरूमा अभ्यास गर्दा सहज पनि हुँदै गयो । त्यसमाथि पहिलोपटक मैले आफ्नै भाषामा नाटक गर्न पाएकी थिएँ ।

घाममा कामको चापाचापमा हुने गरेकी म हप्ता दिन हलभित्र अभ्यासमा थिएँ । एकदिन ब्रेकको समयमा चर्को घाममा म यत्तिकै हिँडिरहेकी थिएँ । त्यही बेला हामीलाई तालिम दिने घिमिरे युवराजले 'ओइ केटी, किन घाममा हिँडेकी, भित्र बस' भन्नुभयो ।

चर्को घाममा काम गर्दा मेरो टाउको फुट्लाजस्तो दुखे पनि, रोएर काम गर्दा पनि कसैले पनि 'घाममा नबस' भनेका थिएनन् । सरको त्यो वाक्यले मेरो मनमा अपनत्व महसुस भयो । लाग्यो, नाटकमा अभिनय गर्ने मेरो सपनालाई कसैले शितल छहारी दियो । आखिर घामले सबैलाई पोल्छ भन्ने थाहा भएका मान्छे पनि हुने रहेछन् ।

त्यो तालिममा हामीले धेरै कुरा सिक्यौं । मैले नलजाई प्रश्न गर्न सिकेँ । मानव इतिहास, मानव विकासक्रम, महिला आन्दोलनका बारेमा मैले त्यहीँ हो सुनेको, बुझेको ।

हाम्रो भाषा, गीत, नृत्य मिसाएर नाटक बनाएकोमा मलाई झन् नाटकप्रति रूचि बढेर आयो । नाटक तयार भएपछि हामीले सुनसरी जिल्लाकै विभिन्न ठाउँमा गएर देखायौं ।

म नाटकका लागि निस्किँदा गाउँमा अनेक कुरा हुने रहेछन् । आमाले मलाई एकदिन सुनाउनुभयो । छिमेकी हजुरबुवाले 'किन छोरी मान्छेलाई नाटक गर्न जान दिन्छौ ? बिहे गर्ने बेला हुँदैछ । नानाथरीका कुरा हुन्छ । बिहे गर्ने केटाहरू भड्किन्छन् । कसैले बिहे गर्न मान्दैनन्' भनेछन् ।

मैले आमालाई भनेँ, 'बरू मलाई भात खान नदिनू तर नाटक गर्न जान दिनू । म घरको काम गरेर जान्छु । अयो (आमा), मान्छेले दसथरीका कुरा

गर्छन् तर राम्रो कुराका लागि अगाडि बढ भन्ने कमै हुन्छ । म नराम्रो केही गर्दिनँ, विश्वास गर्नु । मेरो कामको बारेमा राम्रो भन्ने मान्छेहरू पनि छन् ।'

आमाले कुरा बुझ्नुभयो र बाँकी कुरा त्यहीँ रोकियो ।

छोरी मान्छेका लागि सपनाको बाटोमा धेरै काँडाहरू हुन्छन्, हरदम पन्छाएर हिँड्नुपर्ने । कहिलेकाहीँ सोच्छु, यस्ता काँडा पन्छाउन नसकेर कैयौं छोरीहरूका सपना घाइते भए होलान् । मरे होलान् ।

बाह्र कक्षाको लागि तिर्ने पैसा थिएन, क्याम्पसमा पढाइ भइरहेको थियो । नाटकका लागि क्याम्पसबाट बिदा पाउन सजिलो थिएन । बाह्र कक्षाको शुल्क मैले नाटकबाट पाएको पारिश्रमिकबाट तिरेँ । तर त्यही क्याम्पस मेरो बिदाको निवेदन नै स्वीकार्दैन थियो ।

मधेसमा बर्खा सुरू हुनुअघि आँगन, दरबजा र गोहालीमा माटो भर्ने गरिन्छ, पानी जम्मा नहोस् भनेर । जेठको अन्तिमतिर बाबाको फोनमा एफ.एम.मा गीत सुन्दै म, पुनम र गाउँका धेरै जना बारीतिरको माटो खन्दै बोक्दै थियौं । काठमाडौंबाट युवराज सरको फोन आयो ।

तीन महिनाका लागि काठमाडौंमा तालिम रहेछ । मैले 'बाबाआमालाई सोधेर भन्छु' भनेँ । अरू केही सोधिनँ । फोन राख्नेबित्तिकै मेरो खुट्टा जमिनमा नै थिएन, म पुतली जसरी उडिरहेकी थिएँ । मेरो सपनाले निरन्तरता पाउने भयो । कुनैकुनै बेला म सानो घेरामा नै पो बाँधिन्छु कि जस्तो लाग्थ्यो । तर अर्को फराकिलो ठाउँमा पनि मेरो लागि ठाउँ रहेछ । फोनमा गीत बजाएर खेतमै मस्तले नाचेँ । सबै जना जिल्ल परेर हेरिरहेका थिए ।

एक ढाकी माटो बोकेर कम्मर मट्काउँदै आँगनमा माटो फालेर आमालाई डाकेँ । आमा आत्तिँदै आउनुभयो । एकैसासमा सबै कुरा भनेँ । मेरो खुसी देखेर आमाको अनुहार पनि उज्यालो भयो । पालो बाबालाई भन्ने थियो, तर कसरी ? हुँदैन भन्नुभयो भने ? मनमा डर बस्यो ।

दिउँसो दुई बजे बाबा खाना खान आउनुभयो । डराउँदै बाबालाई सबै कुरा भनेँ । आमाले पनि सहज बनाइदिनु भयो, 'काठमाडौंबाट सरले आफैं फोन

गरेर बोलाउनुभयो । छोरी गइन भने के सोच्छन् ? त्यो समूहमध्ये उसैलाई छानेका रे । बरू एकपटक फोन गरेर सोध्नु के कस्तो भनेर ।'

सरले खाने, बस्ने कुराको चिन्ता नलिनू मात्रै भन्नुभएन, बाबालाई मैले राम्रो गर्न सक्छु भन्ने भरोसा पनि दिलाउनुभयो । बाबाले 'हुन्छ' त भन्नुभयो तर उड्ने अनुमति पाए पनि उडानका लागि मसँग साधन थिएन । अर्थात् काठमाडौं जाने गाडी भाडासमेत थिएन । बाबाले ऋण खोजेर दुई हजार ल्याउनुभयो । आमाले घाँटीको सिक्री र पाउजु बन्धकी राखेर तीन हजार ल्याउनुभयो । अनि अमृता फुपूले दुई हजार पकेट खर्च र केही लुगा किन्न भनेर दिनुभयो ।

झोराहाट थिएटरबाट सञ्जय मुडियारी पनि सँगै जाने कुरा हुँदा बाबाले मलाई एकदिन अगाडि नै सानी आमाको घर पुऱ्याइदिनु भयो । त्यहाँबाट भोलिपल्ट जान सजिलो हुन्थ्यो । बाबाले मलाई आफ्नो साइकलमा लिएर जानुभयो । मलाई अहिले पनि याद छ, त्यो दिन पूर्वी हावा चलेको थियो । बाबालाई साइकल चलाउन गाह्रो भएको थियो । यसरी मेरो सपनाका लागि मेरी आमा, फुपू र बाबा सबैले आफूले सकेको गर्नुभयो ।

भोलिपल्ट झोराहाट नाटकघरमा हाम्रो विदाइका लागि सबै सदस्यहरू आउनुभएको थियो । 'दाइ, बहिनी जस्तो जाने, त्यस्तै आउने, बुझ्यौ ?' कसैले जाने बेलामा भन्यो ।

लौ न, कस्तो कुरा हो यो ! कस्तो सोच ? तर केही भन्न सकिनँ । विदाइ सकियो । म पहिलोचोटि ठूलो गाडी चढ्दै थिएँ । केही थाहा थिएन । सञ्जयले नै गाडी चिनेर रोक्यो । हामी गाडीमा चढ्यौं ।

यात्रा सुरू भयो । मेरो सपनाको सहर काठमाडौं, मेरो सपनाको निरन्तरता नाटक । मन जोडले चिच्यायो । भन्छन् नि- इच्छा भए उपाय निस्किन्छ । मैले नाटक गर्न चाहेँ र मेरो परिवारको सहयोग, समर्थन हरेक पाइलामा बढ्दै गयो ।

शिल्पी थिएटरको निर्देशक मेरो आदरणीय गुरू घिमिरे युवराजको साथ र हौसला पाएँ । यो सपनाको सहरमा सहकर्मी, अग्रज कलाकार र शिल्पीसँग

आवद्ध हरेकले मलाई नाटकतिर लाग्न अझ हौसला प्रदान गर्नुभयो । शिल्पीमा पहिलो चरणको तीनमहिने नाटकसम्बन्धी कक्षा पनि लिएँ । नाटक पनि गरेँ ।

'येल्लो कमेडी' शीर्षकको एकल नाटकमा म खेतको गँगटा बनेँ, त्यही गँगटाले मेरो गाउँको कथा भन्यो । मेरो हिम्मत र नाटकप्रतिको लगाव बढ्दै गइरहेको छ । साथीहरू, दर्शक, गुरुजनको प्रशंसाले नाट्यक्षेत्रमा अझ उडान भर्न मलाई प्रेरित गऱ्यो । रंगमञ्चप्रति लगाव बढ्दै गयो । तीन महिनापछि म थप एक महिना शिल्पीमै बसेँ । सडक नाटकमा अभिनय गर्ने अवसर पाएँ ।

शिल्पीमा तालिम र नाटक सकाएर म घर पुग्दा मेरो बिहेको कुरा हुँदै रहेछ । जता गयो 'बिहे गर, अब उमेर जाँदैछ । तिमीपछि बहिनी छिन् । तिम्रो साथीहरूले बिहे गरेर छोराछोरी पाइसके । अब अहिले नगरे बूढी भएपछि गर्छौ' भन्थे । तालिमका लागि काठमाडौं नआएको भए म पनि बिहेका लागि तयार हुन्थेँ होला । तर मैले मेरो सपनाको घेरो ठूलो बनाइसकेकी थिएँ । म त्यो घेरा अझै फराकिलो बनाउन चाहन्थेँ । विवाह मेरो सपना नभएको धेरै भइसकेको थियो ।

मैले बाह्र कक्षा पास गरेँ । विवाह गर्न नमानेकाले मेरो सफलताले घरमा उति उल्लास ल्याउन सकेन । मैले युवराज सरलाई घरको हाल सुनाएँ । शिल्पीले मलाई छात्रवृत्ति दिने भयो । मैले बाबाआमालाई सुनाएर आफ्नो सपनाको यात्रामा लाग्ने निर्णय आफैं लिएँ । मेरो सपनाले नै मलाई निर्णय लिन सक्ने पनि बनाएछ भन्ने महसुस भयो । सपना हुनु साँच्चै शक्तिशाली पनि हुनु रहेछ ।

म दीक्षान्त समारोहमा आफ्नो परिवारसँग गएर गाउन र टोपी लगाउन चाहन्थेँ । काठमाडौं आएर मैले नाटक र पढाइ सँगसँगै अघि बढाएकी थिएँ । मैले गाउन र टोपी लगाउने दिन पनि आयो । तर मेरो परिवार उतै गाउँमै थियो । मेरो परिवारमा मैले मात्र पढ्न पाएँ । काठमाडौं बस्न पाएँ । घरको अवस्थाले गर्दा बहिनी र भाइले पढाइ बीचमै छाडे । आफू पास भएको कुरा सुनाइहालूँ भन्दा बहिनीभाइहरूलाई कहीँ होच्याइरहेको त छैन भन्ने डरले आफ्नो खुसी पनि बाँड्न सकिनँ ।

तर मेरो सपनाले जुराएको शिल्पी परिवार भने मेरो सफलतामा निकै रमायो। दीक्षान्त समारोहको दिन शिल्पीका अध्यक्ष कुमार आले आएर लाइनमा बसेदेखि गाउन र टोपी लगाएर प्रमाण पत्र लिँदाको खुसीको पललाई साँच्चै नै अविस्मरणीय बनाउनुभयो। एक्लो महसुस हुन दिनु भएन।

अहिले म एम.ए. गर्दैछु। मैले रंगमञ्चमा दसवटा नाटक गरेँ। कचहरी नाटकमा पूर्वदेखि पश्चिमसम्म नाट्य यात्रा पनि गरेँ। केही रेडियो नाटक पनि गरेँ। केही फिल्ममा पनि अभिनय गरेकी छु। अझै पनि सपनाको यात्रामा छु। भर्खरै त म डिम्बबाट बाहिर निस्किएजस्तै लागेको छ। धेरै सिक्न, बुझ्न बाँकी नै छ। ममा भर्खरै पखेटा पलाइरहेको छ जस्तो लाग्छ। विस्तारै उड्न सक्ने हुनेछु। अभ्यासमा छु।

म नाटकमा सधैं स्टेजमा हुन्न। स्टेजमा नहुँदा टेक्निकल काममा प्रकाश, संगीत, सेट, रंगरोगन लगायत सबै काममा म रमाउँछु। अनुभवले नै राम्रो कलाकार बनाउँछ। एउटा सुन्दर सपनाको बाटोमै रहँदा पनि संघर्ष र मनमा जुनून भएन भने, मेहनत गरेन भने आफ्नो सपनाकै अपमान हुन्छ।

मेरो मूल सपना भनेको एउटा अब्बल र सबल कलाकार बन्ने हो। मैले खेलेका नाटक हेरेर दर्शकहरूले पनि गर्व गर्न सकून्। कलाकार भएर एउटा सम्मानित जीवन बाँच्न सकूँ। मेरो कामले अरू धेरै महिलाहरूलाई पनि प्रेरित गरोस्। दुलही बन्ने सपनाको पासोबाट थुप्रै संगिताहरू फुत्किन सकून्। यति भए पुग्छ।

एक आदिवासी, दुरदराजबाट जब आफ्ना सपनाका पंख खोलेर उड्न थाली तब मान्छेहरूले सम्मानको नजरियाभन्दा दयाको भावले हेर्न थालेको मैले महसुस गरेकी छु। बिचरा भन्ने गरेको सुनेकी छु। यो शब्दले मलाई निरुत्साहित गर्न थाल्यो। मैले धेरै अप्ठ्याराहरू झेलेकी छु। तर हरेक अप्ठ्यारासँग लडेकी छु। म आफ्नो, आफ्नो समुदायको आवाज बनेर सडकमा पुगेकी छु। म त जोधाहा हुँ, बिचरा होइन !

# अनुमतिको उल्झनमा सपना

ममता कुमारी बैठा



चित्र : सपना संजीवनी

छोरा जन्मे भोज, छोरी जन्मे बोझ !

आजभन्दा २५ वर्षअघि म यस्तै समाजको एक दलित परिवारमा जन्मिएँ । मानव विकास सूचकांकको आखिरीमा रहेको महोत्तरी जिल्लाको रामगोपालपूर नगरपालिकामा मेरो घर छ। आमा सवितादेवी र बुबा राजकिशोर बैठाका पाँच सन्तानमध्ये म जेठी छोरी हुँ । म हजुरआमा, हजुरबुबा, बुबा, आमा, अंकल, आन्टी, दुई फुपू, हामी चार दिदीबहिनी र एउटा भाइ गरी जम्मा १३ जनाको संयुक्त परिवारमा हुर्केकी हुँ ।

मैले विद्यालयस्तरीय शिक्षा आफ्नै गाउँको स्कुलमा लिएँ। अहिले त्यो स्कुलमा बि.एड.सम्म पढाइ हुन्छ । मेरा बुबा पहिले गाडी चालक हुनुहुन्थ्यो । आमा गृहिणी र लुगा सिलाउने काम गर्नुहुन्छ । बुबाले गाडी चलाउन्जेल हाम्रो आर्थिक अवस्था ठिकै थियो । दुर्घटना भएपछि बुबाले गाडी चलाउन छाड्नुभयो । त्यसपछि हाम्रो आर्थिक अवस्था कमजोर हुँदै गयो । बुबा जेठो छोरा भएकाले घरको सबै जिम्मेवारी पनि उठाउनुपर्थ्यो ।

हाम्रो समाजमा अहिले पनि छोरीलाई कमै मात्र पढाउँछन्। छोरीहरूको सपना नभएको होइन । छोराहरूको जस्तै अनेकौं सपना हुन्छन् । फरक यत्ति हो, पितृसत्तात्मक समाजमा छोरीहरूको सपनाको अर्थ हुँदैन । सपनाहरू अधुरा हुन्छन्। मरेर जान्छन् ।

हाम्रो समाजमा गर्भमै छोरीको हत्या गरिन्छ। आर्थिक अवस्था राम्रो भएकाहरूले लिंग पहिचान गरेर बच्चा जन्माउँछन्। आर्थिक अवस्था कमजोर भएकाहरूले छोराको आशैआशमा धेरै बच्चा जन्माउँछन्। सबैलाई थाहा छ, छोरी बिना यो संसार चल्दैन। तर पनि छोरीहरूलाई गर्भमै मारिन्छ। किनकी पितृसत्तात्मक समाजमा छोराको मान्यता धेरै हुन्छ। छोरा नै अंश र वंशको हकदार हुन्छ।

छोरा र छोरीमा भेदभाव नगरेको भए यो समाज छोरा र छोरीको कदममा कदम मिलाएर चल्थ्यो । तर हाम्रो समाजमा एक छाक मात्र खाएर पनि

छोरालाई निजी स्कुलमा पढाउँछन्, छोरीलाई पढाउनै मान्दैनन् । छोरीहरूको भागमा घरको काम पर्छ । कसैले छोरीलाई पढाइहाले पनि दस कक्षा पुग्दा नपुग्दै सानै उमेरमा बिहे गरिदिन्छन् ।

बिहेपछि घरको जिम्मेवारी हुन्छ । त्यसैले पनि छोरीहरूको सपना पूरा हुँदैन । छोराले मात्र आमाबुबालाई पाल्न सक्छन्, छोराले मात्र आमाबुबाको नाम राख्न सक्छन् भन्ने सोचले हाम्रो समाजमा जरा गाडेको छ । छोरीलाई भने अर्काको घर जाने जातका रूपमा हेर्न अझै छाडिएको छैन ।

यस्तो लाग्छ, छोरी हुनु एकदम 'बेकार' हो । बलात्कारको शिकार, बालविवाह, दाइजोको लागि यातना र हत्याजस्ता दुःखका अनन्त श्रृंखला छोरीले नै बेहोर्नुपर्छ । सानैमा बच्चा भएपछि अनेक किसिमका रोगले च्याप्छ । कति त बालखैमा बच्चा जन्माउँदा मर्छन् पनि ।

बिहे हुनेबित्तिकै बच्चा जन्माएन भने 'बाँझी' को उपमाले पनि छोरी नै अपमानित हुनुपर्छ । छोरीहरूले जन्मिँदै कष्ट भोग्न तयार हुनुपर्छ । यति दुःख हुँदा पनि कसैले दुख्यो होला भन्दैनन् । जसले पनि छोरीको कर्मै यस्तो भनिदिन्छन् ।

यस्तो कर्म कसले लेख्यो ? यही पुरुषप्रधान समाजले होइन ?

मलाई कहिलेकाहीँ दिक्क लाग्छ, छोरी हुनु गल्ती गर्नुसरहको सजाय किन पाउने हामीले ?

भन्न नसक्नु बेग्लै कुरा भयो । नभए हाम्रो पनि मनभरी छन् अनेक सपनाका ठेली । पढ्न पाइयोस्, केही गर्न सकियोस् । आफ्नै खुट्टामा उभिन सकियोस् । आफ्नै तरिकाले जीवन बाँच्न सकियोस् ।

२०६८ सालको जनगणनाअनुसार नेपालमा १३.२ प्रतिशत दलितहरू छन् । राष्ट्रिय दलित आयोगले प्रकाशित गरेको 'दलित समुदाय समावेशी अधिकारसम्बन्धी विशेष व्यवस्था गर्न बनेको विधेयक २०६८' ले पहाडे सात र मधेसी १९ दलित जात भनेर उल्लेख गरेको छ ।

हाम्रो बैठा जाति पनि धोबीअन्तर्गत यही १९ मधेसी दलितमा सूचिकृत छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार धोबीहरूको जनसंख्या एक लाख नौ हजार ८९ छ । हाम्रो परम्परागत पेसा लुगा धुने भए पनि

अहिले वैदेशिक रोजगारीमा जाने, खेतीपाती गर्ने लगायत अन्य पेसा पनि अपनाएका छन् ।

हाम्रो समुदाय सामूहिकतामा चल्छ । हाम्रो समूहको प्रमुखलाई मैन्जन, जवार र देवान भनिन्छ । यी प्रमुखहरू पुरुष नै हुन्छन् । उनीहरूले नै कुनै पनि महत्वपूर्ण कुराको निर्णय लिन्छन् । महिलाहरूलाई यस्तो निर्णयमा सहभागी गराइँदैन । ठाउँअनुसार हाम्रो समुदायले मैथिली, भोजपुरी, अवधी भाषा बोल्छन् । म महोत्तरीमा बसोबास गर्ने भएकाले मैथिली भाषा बोल्छु ।

शिक्षा, स्वास्थ्य, न्याय, समानताजस्ता कुरामा हाम्रो पहुँच एकदमै कम छ । दलितको साक्षरता दर सरदरमा ५२.४ प्रतिशत छ । त्यसमा पनि मधेसी दलित ३४.५ छ भने मधेसी दलित महिला ४५.५ प्रतिशत छ । विद्यालय जाने तर पढाइ पूरा नगरी विद्यालय छाड्नेमा पनि मधेसी दलित बालिकाको संख्या उल्लेख्य छ ।

बालविवाह, बलात्कारजस्तो गम्भीर हिंसामा पर्ने, सानैमा आमा भएर ज्यान गुमाउनेमा मधेसी दलित महिलाकै संख्या बढी छ । नेपालमा भूमिहीन पनि मधेसी दलित नै छन् । नागरिकता समेत नभएर परिचयबिहीन पनि मधेसी दलित महिला नै छन् । उनीहरूले केही बन्ने सोच्नु त धेरै परको कुरा, आधारभूत आवश्यकता समेत पाएका हुँदैनन् । त्यसमाथि घरमा, समाजमा र राज्यबाट पनि अवसर र पहुँच नदिएर उनीहरूमाथि संरचनागत हिंसा समेत हुन्छ ।

मधेसी दलितहरू हरेकपटक राजनीतिक आन्दोलनमा सहभागी भएका छन् । आफ्नो ज्यानको पर्वाह नगरी आन्दोलनमा लागे पनि आजसम्म यो समुदायले राज्यका विभिन्न अंगमा एकदमै न्यून प्रतिनिधित्व गर्छ ।

प्रदेश न. २ जहाँबाट मधेस आन्दोलनको उठान भयो र पटकपटक गरेर एघार जना मधेसी दलितले ज्यान गुमाए, त्यसको प्रदेशसभामा एक जना पनि मधेसी दलितको प्रतिनिधित्व गराइएन । वास्तविकता तीतो छ । तर यो त बदल्नु छ ।

मधेसी दलित महिलालाई समग्र महिला वा समग्र मधेसीकै डालोमा राखेर हेरिन्छ । राज्यले उपलब्ध गराउने आरक्षण, अनुदानजस्ता व्यवस्थामा त्यसैले पनि मधेसी दलित महिलाको पहुँच नगन्यजस्तो छ । त्यसैले अब मधेसीलाई

दिइने आरक्षणमा मधेसी दलित, त्यसमा पनि महिलाका लागि विशेष व्यवस्था हुनुपर्छ । नभए आज मैले लेखिरहेको कथा अबको पचास वर्षपछि अर्की ममताले लेखिरहेकी हुन्छे ।

घरको आर्थिक अवस्था कमजोर भएकाले म जिल्लाबाहिर गएर पढ्न सकिनँ । तर २०६८ सालदेखि गाउँकै स्कुलले उच्च माध्यमिक तह पढाउन थालेपछि मैले पनि कक्षा ११ मा भर्ना गरेँ । अनि सँगसँगै नजिकैको निजी स्कुलमा पढाउन थालेँ । म पढ्ने र पढाउनेको संसारमा थिएँ । तर बुबाले मेरो बिहेका लागि केटा खोज्नुभएको रहेछ ।

'म अहिले बिहे गर्दिनँ, पढ्छु' भनेँ ।

म पढ्न र केही गर्न चाहन्थेँ । के भन्ने ठ्याक्कै थाहा थिएन । तर कम्तीमा पढेपछि म आत्मनिर्भर हुन्छु भन्ने सोच थियो । तर आमाबुबाका लागि म एक जिम्मेवारी थिएँ । बिहे गरेर पठाउनुपर्ने मपछि पनि तीन बहिनीहरू थिए । त्यसैले उहाँहरूले मैले जति नाइँ भने पनि 'बिहेपछि पढ्नू' भनेर मेरो कुरा सुन्नु नै भएन ।

त्यति बेला म १६ वर्षकी मात्र थिएँ । २०६९ सालमा मेरो बिहे भयो । बिहे रोक्न नसके पनि मैले मनमनै प्रण गरेकी थिएँ- म आफ्नो पढाइ कुनै हालतमा पनि छाड्दिनँ । बिहेपछि पनि म पढ्छु !

मेरो ससुरालमा सासू आमाबाहेक सबै जना पढेलखेका हुनुहुन्थ्यो । मेरा ससुरा बुबा अमिन हुनुहुन्छ । मेरा श्रीमान् पिन्टु रजकका एक भाइ र एक बहिनी हुनुहुन्छ । श्रीमान्ले दससम्म मात्रै पढ्नुभएको छ । अहिले उहाँ विदेशमा इलेक्ट्रिसियनको काम गर्नुहुन्छ । देवर सिभिल इन्जिनियर हुनुहुन्छ ।

मैले सोचेँ- बिहेभन्दा पहिला मेरो सपना पूरा भएन, मेरो पढाइ पूरा भएन । यहाँ सबै जना पढेलेखेका हुनुहुन्छ । अब सायद मेरो पढ्ने सपना पूरा हुन्छ !

मलाई लाग्थ्यो कोही न कोहीले मेरो पढाइबारे सोध्नुहुन्छ ।

'तिमी पढेर के बन्ने ? १२ पास गरेर के पढ्ने ?' भनेर कसै न कसैले त सोध्ला भन्ने आश थियो ।

तर सोचेजस्तो भएन । मेरा श्रीमान् बिहेको दुई महिनापछि विदेश जानुभयो । बिहेको दुई महिनामै बच्चा बस्यो । त्यसपछि लाग्यो, जिन्दगी अब यतिमै सकिने रहेछ । बिहेको एक वर्षमा छोरा जन्मिहाल्यो । बिहे भएपछि एक दिन पनि विद्यालय जान पाइनँ । कक्षा ११ को परीक्षा त जसोतसो दिएँ ।

कक्षा १२ को परीक्षा नजिक आइसकेको थियो । छोरा सानै थियो । परीक्षा दिन धेरै कठिनाइ थिए । कति कुरा व्यक्त पनि गर्न नसकिने रहेछ तर पनि मैले हिम्मत हारिनँ ।

श्रीमान्ले मेरो कुरा बुझ्नुभएको थियो । पढाइप्रतिको मेरो चाह उहाँलाई थाहा थियो । उहाँ मेरो हरकदममा साथै हुनुहुन्थ्यो । अहिले पनि मलाई मेरो सपनाको साथमा मेरो श्रीमान् सँगै हिँडेजस्तो लाग्छ । उहाँको साथले धेरै हौसला दिन्छ । उहाँले ममा उत्साह भर्दै भन्नुभयो, 'तिमीले पढ्नुपर्छ । जसरी भए पनि परीक्षा दिनुपर्छ ।'

यो सुनेर मलाई धेरै खुसी लागेको थियो । नेपाली समाज जहाँ पहिला बुबा, अनि लोग्ने अनि छोराको अधिनमा हुनुपर्छ । त्यहाँ कैयौं बुबाले छोरीको चाहको वास्ता गर्दैनन् । लोग्नेले सम्मान दिदैनन् । छोराहरू केवल जिम्मेवारी भनेर करले हेर्छन् । त्यहाँ मैले श्रीमान्को साथ पाएँ । माइती गएर परीक्षा दिएँ । पास पनि भएँ ।

म कक्षा एकदेखि १२ सम्म कहिल्यै फेल भइनँ । पढाइमा मैले निरन्तर सफलता पाउँदा पनि 'पढ्' भनेर हौस्याउने मान्छे एकदमै कम थिए । सबै जना 'बिहे भयो, बच्चा भयो, अब पढेर के गर्नु' भन्थे ।

१२ पास गरिसेकपछि म अझै पढ्न चाहन्थेँ । बाहिर गएर पढ्ने कुरा त कसै गरे पनि सम्भव थिएन । न म छोरा थिएँ, न म कथित उच्च जातीय, न म धनी !

मेरा लागि जताजतै छेकबार मात्र थियो । त्यो छेकबार तोडेर पढ्न जानु निकै ठूलो कुरा थियो । आँट गरिहाल्न सक्दिनँ थिएँ । तर भन्छन् नि, साँचो मनले चाहेको कुरा जसरी पनि पुग्छ । मेरो जीवनमा पनि त्यस्तै भयो ।

म जुन विद्यालयमा पढेकी थिएँ, त्यही विद्यालयमा बि.एड. पनि सञ्चालन भइसकेको रहेछ । १२ पास गरेपछि घरमा कसैले अब के पढ्ने भनेर नसोधे

पनि साथीहरूले मलाई फोन गरे । उनीहरूले नै मलाई गाउँमा बि.एड. पढाइ हुन लागेको सुनाए । भर्ना पनि गरिदिने कुरा गरे । म ती साथीहरूप्रति आभारी छु ।

गाउँमै बि.एड. गर्न सक्ने कुरा मैले श्रीमान्लाई सुनाएँ । उहाँले 'पढ्न त पढ, तर घरमा भन' भन्नुभयो । घरमा म पढ्ने कुरा गर्न सक्दिनँ थिएँ । सिधै अस्वीकार हुन्छ भनेर म डराएकी थिएँ । मैले श्रीमान्लाई नै भनिदिन भनें ।

विदेशबाट उहाँले फोन गरेर घरमा भन्नुभयो । मैले पनि 'गाउँमै पढाइ हुन्छ । म टाढा जाने होइन । गाउँमै पढ्छु' भनेर सबैलाई मनाएँ । सबैले मान्नु भयो । र, एकदिन देवरले मेरो माइती गएर विद्यालयमा बि.एड. को फारम भरेर नाम लेखाइदिनु भयो ।

नाम लेखाउँदादेखिको मेरो संघर्ष पढ्दा पनि जारी रह्यो । कक्षाहरू थुप्रै छुटे । माइतीमै बसेर कक्षा लिन सम्भव थिएन । यस्तोसम्म स्थिति थियो कि म सिधै जाँच दिन मात्र परीक्षा सेन्टर पुग्थें । त्यसैले धेरै विषयहरूमा फेल भएँ । तीन वर्षको कोर्स मैले पाँच-छ वर्ष लगाएर बल्लतल्ल पास गरें ।

बिहेपछि मेरो पढाइको हालत त मेरो परीक्षाको नतिजाले नै देखाइहाल्यो । एक महिलाको जीवन बिहेपछि धेरै बदलिन्छ । सोचेजस्तो केही गर्न सकिँदैन । अनुमति नै अनुमतिको जालोले जीवन बेरिन्छ । तर यी सबका बाबजुद श्रीमान्को सहयोग भने मेरो मन बुझाउने बाटो थियो । उहाँकै साथ सहयोग र धेरै संर्घष गरेर यहाँसम्म पुगें ।

पढाइ सकेपछि मलाई घरमा यत्तिकै बस्न मन लागेन । म काम गर्न चाहन्थें । यो कुरा मैले श्रीमान्लाई सुनाएँ ।

उहाँले धेरै जनालाई भन्नुहुन्थ्यो, 'मेरी बुढी पढेलेखेकी छिन् । काम गर्न चाहन्छिन् ।'

एकदिन समता फाउण्डेसनमा कामका लागि फारम खुलेको थाहा भयो । मैले पनि फारम भरें । फारम भरेको केही दिनमा अन्तर्वार्ताका लागि फोन आयो । म छानिएँ । अहिले म समता फाउण्डेसनमा युवा सद्भावनादूतका रूपमा

काम गर्दैछु । मेरो काम दलित समुदायमाथि हुने हिंसा घटनाको विषयसँग सम्बन्धित छ ।

म आज पनि कम्प्युटर सिक्न चाहन्छु । आज पनि अगाडि बढ्न चाहन्छु । अहिले म दुई सन्तानकी आमा हुँ । एउटा छोरा र एउटी छोरी छन् । छोराको नाम युनिक र छोरीको नाम सुष्टि हो । मैले पढ्नका लागि गरेजस्तो संघर्ष गरेर मेरा छोरा र छोरीले गर्नु नपरोस् । अहिले मेरो घरमा घरको निर्णय ससुरा बुबाले गर्नुहुन्छ । उहाँकै निर्णयमा को के गर्ने भन्ने हुन्छ ।


अहिलेसम्म खासै पैसा कमाएकी थिइनँ । तर समता फाउण्डेसनमा काम गर्न थालेपछि आएको पैसा मैले आफ्नै खातामा राखेकी छु । भर्खरभर्खर पैसा पाउन थालेकी हुँ । मेरो श्रीमान्ले कमाएको पैसा घरमा दिनुहुन्छ र हामीलाई पैसा चाहिएमा घरबाटै दिनुहुन्छ ।

आफूले पैसा कमाउन थालेपछि, अलि बाहिरको संसार देख्न थालेपछि मलाई फेरि सपनाको मोह हुन थालेको छ । अब फेरि आफूले चाहेको गर्न सक्छु भन्ने लागेको छ । श्रीमान्ले त पहिल्यैदेखि नै मलाई साथ दिँदै आउनुभएको थियो । देवरले पनि साथ दिनुभएको छ ।

एक छोरी मान्छेलाई उसको सपना पूरा गर्न उसको परिवारमा निर्णय गर्ने मान्छेले साथ दिनुपर्ने रहेछ । प्रायः नेपाली समाजका घरमा यस्तो निर्णय गर्ने बुबा, दाइ, श्रीमान्, देवर, ससुरा नै हुन्छन् । त्यसैले म सबै पुरुष सदस्यलाई अनुरोध गर्छु, आफ्ना छोरी, बहिनी, पत्नी, बुहारीलाई उनीहरू के गर्न चाहन्छन् भनेर सोध्नुहोस् । सकेको सहयोग गर्नुहोस् । उनीहरूका पनि सपना हुन्छन् । उनीहरूलाई पनि सपना देख्ने हक छ ।

# 'शैली, तिमी के बन्न चाहन्छौ ?'

शैली चौधरी



चित्र : निलम भूर्तेल

जीवनका विभिन्न कालखण्डमा मानिसले विभिन्न सपना बोकेको हुन्छ। केही गर्न पाए हुन्थ्यो, केही बन्न पाए हुन्थ्यो, मेरो केही भइदिए हुन्थ्यो, मेरो कोही भइदिए हुन्थ्यो !

मैले पनि जीवनका हरेक पाइलामा केही न केही इच्छा राखेँ र राख्ने क्रम निश्चय नै जारी छ। केही पूरा भई खुसी दिएर गए भने केही पूरा नभई पाठ पढाएर गए। इच्छा र सपनाका स्वरूप बदलिए होलान् तर सपना देख्ने सपना जस्ताको तस्तै छ।

म वीरगञ्जको मारवाडी परिवारमा जन्मिएकी हुँ । तर वीरगञ्जभन्दा तुलनात्मक रूपमा सानो सहर कलैयामा भएको मेरो मामाघरमा हुर्किएँ । झट्ट सुन्दा मारवाडी परिवार भन्नेबित्तिकै सम्पन्न र संभ्रान्तजस्तो लागे पनि, धन-सम्पत्तिसँगको मेरो नाता त्यति धेरै घनिष्ठ थिएन । बुबाले व्यवसायमा लिएका केही गलत निर्णयले आर्थिक घाटा त भयो नै, त्यसले परिवारमा पनि गहिरो प्रभाव पार्‍यो ।

कलिलै उमेरमा आफ्नो घरदेखि टाढा मामाघर गएर बस्नुपर्ने बाध्यता पनि मेरा लागि कहीँकतै घरको आर्थिक अवस्थासँग जोडिएको थियो । फेरि परिवार जति नै सम्पन्न भए पनि नेपाली समाजका हरेकजसो समुदायमा महिलाहरू विवाहअघि बाबु र दाजुको संरक्षणमा रहनुपर्ने र बिहेपछि लोग्ने, ससुरा र परिवारको संरक्षणमा रहनुपर्ने सोच व्यवहारमा पनि कायमै छ।

कानुनले विवाह गर्न तोकिदिएको उमेरको वरिपरि नै बिहे गरिहाल्नु उचित ठानिने, अझ आफ्नो 'कुल' मै गरे हुन्थ्यो, बिहे भएको एक/दुई वर्ष पनि नबित्दै दुईबाट तीन या चार भइहाले हुन्थ्यो भन्ने खालका अपेक्षाहरू राख्नेजस्ता सत्य

त हाम्रो समाजबाट लुकेको छैन । यो कथा मारवाडी समुदायको मात्र नभएर अरू समुदायका पनि व्यथा हुन् भन्ने म बुझ्छु ।

हाम्रो परिवारका सदस्यहरूले संरक्षण, माया र हेरचाह भनिरहँदा त्यसले कतै प्रतिबन्ध, बन्देज र भेदभावको रूप त लिइरहेको छैन भन्ने प्रश्न पुरुषप्रधान हाम्रो समाजमा अझै छलफलको विषय बनेको छैन । हुन्थ्यो भने, सायद म र मेरा सपनाहरू आज जस्ता छन्, त्योभन्दा अलि पृथक हुने थिए ।

मेरो समुदायका महिला सदस्यहरूको अवस्था नेपाली समाजमा रहेका अन्य समुदायसँग खासै भिन्न छैन । केही वर्षअघिसम्म महिलाहरूलाई पठनपाठनबाट टाढै, घर र भान्सामा मात्र सीमित राख्ने, महिलाहरूको दक्षता केवल घरायसी काममा मात्र देख्ने र उनीहरूको भूमिका घर चलाउने र बच्चाको पालनपोषणसम्म मात्र रहेको बुझाइ मेरो समुदायमा पनि व्याप्त थियो ।

अहिले मेरो समुदायले समय र समाजमा आएको परिवर्तनसँगै बिस्तारै भए पनि छोरीलाई पढाउनुपर्छ भन्ने चेतना विकास गर्दैछ । यो महत्वपूर्ण परिवर्तनको यात्रामा म पनि एउटा यात्री हुन पाएकोमा आफूलाई भाग्यशाली ठान्छु । तर यो भनिरहँदा परिवर्तनको यात्रामा अझै धेरै लामो दुरी तय गर्न बाँकी नै छ भन्ने कुरा म कदापी बिर्सिन सक्दिनँ ।

मेरी हजुरआमा, आमा, काकी र ठूली आमाका उमेर समूहका महिलाहरू गृहिणी हुनुहुन्थ्यो । म र मेरी दिदी मेरो दाजुसरह स्कुल-कलेज गएर पढ्न पाउने पहिलो पुस्ता हौं । म र मेरी दिदीलाई पनि पढाउनुपर्छ भन्ने निर्णय कसले लियो र त्यो निर्णय लिन कसले प्रेरित गऱ्यो भनेर म ठ्याक्कै भन्न त सक्दिनँ । तर शिक्षा हासिल गरेसँगै बिस्तारै हामीले आर्थिक आत्मनिर्भरता र केही हदसम्म स्वतन्त्रतासमेत निश्चय नै अनुभव गर्दैछौं । कम्तीमा आफ्नो सानोभन्दा सानो आवश्यकता र इच्छा परिपूर्तिका लागि घरका अन्य सदस्यसँग हात फैलाउन नपर्दा आत्मसम्मानको अनुभूति हुन्छ । यो अनुभूति निकै अद्भूत हुन्छ ।

मेरी जिजुआमाको विवाह १३ वर्षमा भएको थियो । उहाँले पाँच सन्तान जन्माउनुभयो । मेरी हजुरआमाको पन्ध्र वर्षमा बिहे भयो र उहाँले पनि पाँच सन्तान जन्माउनुभयो । त्यसैगरी मेरी आमाको १८ वर्षको उमेरमा विवाह भयो र म, मेरो दाजु र दिदी गरी तीन जना सन्तानलाई जन्म दिनुभयो ।

यहाँनिर मैले विवाह 'गरी' नभनी 'भयो' भन्नुपर्ने हुन्छ । किनकी खेल्ने, कुद्ने, पढ्ने र सपना देख्ने उमेरमा उहाँहरूमाथि विवाह लादिएको थियो भन्नेमा म ढुक्क छु । आज त समाज यस्तो छ, त्यस बेला झन् के थियो होला !

त्यही गणित प्रयोग गर्ने हो भने म कानुनी, परम्परागत, आर्थिक, प्रजनन् र सामाजिक रूपमा विवाह गरी परिवार बसाल्ने उमेरमा छु । जुन मैले मेरा लागि देखेको भविष्यसँग अहिले नै मेल खाँदैन ।

मेरा सपनाहरू र मेरो परिवारको मप्रतिको अपेक्षाले मेल नखाएपछि म परिवारका कुनै सदस्यसँग खासै नजिक छैन । परिवारसँग भावनात्मक दुरी बढ्दै गर्दा मैले साथीहरूमा आफ्नो टाउको बिसाउने काँध देख्न थालेँ । साथीहरू नै मेरा लागि परिवार बन्दै गए ।

मलाई सानैदेखि महिला साथीभन्दा पुरुष साथीहरू तुलनात्मक रूपमा बढी आत्मीय लाग्छन् । त्यसैले पनि मेरो जीवनमा पुरुष साथीहरूको उपस्थिति धेरै छ । यसो हुनुमा हाम्रो समुदाय पनि कहीँ न कहीँ जिम्मेवार छ ।

घरका छोराहरू आँगनमा खेलिरहँदा छोरीले आमालाई सघाउनुपर्छ । हाम्रो समाजले छोरीले घरको काम सिक्दा भोलि बिहे गरेर जाँदा सजिलो हुन्छ भनेर सम्झिन्छ तर छोराले पनि डाडुपन्यु चलाउन सिक्यो भने भोलि कतै भोकै पर्न पर्दैन भनेर सम्झिँदैन । छोरीका लागि घरभित्रै भाडाँकुटी र पुतली, छोराका लागि घरबाहिर बल र क्रिकेट भनेर बालापनदेखि नै घरभित्र र बाहिरको सीमारेखा चिनाइदिएको घर, समाजमा मैले मसँग खेलिदिने केटी साथी कम पाउने नै भएँ । मलाई घरभित्र होइन, बाहिर खुलामा खेल्नु थियो ।

हुर्किँदै गर्दा जानअन्जानमा डाक्टर, पाइलट बन्ने सपना त सबैले बुनेकै हुन्थे । नबुनेकै भए पनि औपचारिकता पूरा गर्न मात्र कक्षामा कसैले के त कसैले के भन्ने गरेकै हुन्थे । तर ती सबै भन्ने कुरा मात्रै भयो । आज डाक्टर, पाइलट बन्छु भन्ने मेरा केटी साथीहरूले जीवनमा यो हासिल गरे वा यो बने भन्ने उदाहरण दिन म सक्दिनँ । मेरा केटी साथीहरू कि त विवाह गरेर अन्तै गइसकेका छन्, कि काखमा बालबच्चा खेलाउँदै छन् । केटी मानिसले देख्ने सपना त केवल गहना, कपडा र सरसजावटको हो भन्ने सोच मेरो समुदायमा छ्यापछ्याप्ती छ ।

केही केटा साथीहरूले भने अवश्य नै जे सपना देखे, त्यो धेरै हदसम्म पूरा गरे । किनभने उनीहरूलाई जन्मिएदेखि नै 'तिमीलाई सपना देख्ने र त्यो सपना पछ्याउने अधिकार छ' भन्ने भरोसा दिइएको हुन्छ । परिवारले सहयोग पनि गरेको हुन्छ र चाहिँदो स्रोत पनि खर्च गर्न तयार हुन्छ । सपनाले देख्दैमा आकार लिँदैन । त्यसका लागि परिवारको भरोसा र साथ पनि उत्तिकै जरूरी हुन्छ ।

जब म आफ्ना सपनाहरू सिउँछु, मेरा मनमा अनेक प्रश्न उत्पन्न हुन्छन् । मैले देख्ने सपना मेरो हैसियतसँग कत्तिको मेल खानुपर्ने हुन्छ ? के म निम्नमध्यम वर्गको परिवारमा जन्मिएर विलासी जीवन बिताउने सपना देख्न सक्छु ? के म नेपालजस्तो देशमा विवाह नगरी बच्चा पाउने र उसलाई हुर्काउने सपना देख्न सक्छु ? के म आफू र आफ्नो परिवारका लागि सार्थक जीवनको परिकल्पना गर्न सक्छु ? के सपना देखेर मात्र पुग्छ कि त्यो सपना पूरा गर्नसक्ने ल्याकत ममा हुनुपर्छ ? त्यो ल्याकत व्यक्तिगत कति हुन्छ, कति सामाजिक हुन्छ ?

सायद सपनाको सुन्दरता यसैमा छ कि यसले परिमाण र परिणाम हेर्दैन । लोभको भाँडो कहिल्यै भरिँदैन भनेझैं सपना कहिल्यै सकिँदैन । फरक यत्ति हुन्छ, हाम्रो जस्तो देश र समाजमा सपना पूरा हुने र नहुने भने लैंगिक, वर्गीय र जातीय अवस्थाले पनि तय गर्छ ।

मेरो मनमा खास सपनाको बिजारोपण सायद २०६२/०६३ सालतिर भयो । त्यति बेला मधेसमा रेडियो निकै चर्चामा थियो । म त्यति बेला १२/१३ वर्षकी थिएँ । तर मलाई पनि रेडियो सुन्दै निदाउने बानी परिसकेको थियो ।

एकदिन रेडियोमा 'जीवनमा के बन्न मन छ ?' भन्ने विषयमा कार्यक्रम चलिरहेको थियो । जीवनमा केही बन्ने लक्ष्य राख्नुपर्ने रहेछ भन्ने कुराको अनुभूति सायद म पहिलोपटक गर्दै थिएँ । रेडियो सुन्ने जमानामा कसैसँग ल्यापटप हुनुलाई निकै गर्वको विषय मानिन्थ्यो । सि.ए. (चार्टर्ड एकाउन्टेन्ट) बन्ने बाटोमा हिँडिसकेका मेरो दाजुको ल्यापटप कहिलेकाहीँ मैले चलाउन पाउँदा पनि अरूभन्दा म फरक छु भन्ने महसुस हुन्थ्यो ।

जीवनमा के बन्ने भन्ने प्रश्नको उत्तरमा मैले पनि मनमनै जवाफ दिएँ- कम्प्युटर इन्जिनियर ।

दाजुसँग ल्यापटपको कखरा सिकिसकेकाले एउटा असल र सफल कम्प्युटर इन्जिनियर बन्न सक्छुजस्तो लागेको थियो । १२ वर्षे अल्लारे मलाई त्यति बेला मेरो सपना बुन्ने, भत्किने र टाल्ने यात्रा भर्खर मात्र सुरू हुँदैछ भन्ने सायदै थाहा थियो ।

रेडियोले सोधेको उत्तरमा कम्प्युटर इन्जिनियर बन्ने भनेर सोच त बनाएँ तर दाजुसँग भएको ल्यापटपले मात्र कहाँ कम्प्युटर इन्जिनियर भइँदो रहेछ त !

कम्प्युटर इन्जिनियरसम्बन्धी न कुनै खोज गरियो न अध्ययन ।

कक्षा ८ पढ्दा छुट्टीमा कलैयाबाट वीरगञ्ज गएकी थिएँ । पढाइमा अब्बल भएकाले हरि खेतान बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख भगवान प्रसाद यादवले 'तिमीजस्तो राम्रो पढ्ने विद्यार्थीले विज्ञान पढ्नुपर्छ' भन्ने सुझाउनुभयो । पढन्ते विद्यार्थीले अरू विषयभन्दा विज्ञानतिरै रूचि राख्छन् भनेर मैले धेरै जनाबाट धेरैपटक सुनेकी थिएँ । मलाई पनि उहाँको कुरा चित्त बुझ्यो ।

एसएलसीपछि विज्ञान पढेर आर्किटेक्चर पढ्छु भन्ने निधो गरेँ । आर्किटेक्चर बन्ने सपना राम्ररी बुन्नसमेत नपाउँदै एक जना आफन्तले 'आर्किटेक्चरको पढाइ खर्चिलो हुन्छ, तिम्रो बुबासँग त्यति धेरै पैसा छैन, पढाउन सक्नुहुन्न' भनेर सपनाअगाडि यथार्थको ऐना तेर्स्याइदिनु भयो ।

मलाई सम्झना भएदेखि मेरो परिवारको हरेक महत्वपूर्ण निर्णय बुबाले नै लिँदै आउनुभएको छ । बुबाले आफ्ना लागि र परिवारका अरू सदस्यका लागि पनि निर्णय गर्नुहुन्छ जुन अन्य सदस्यलाई सधैं प्रिय नहुने पनि गरेका छन् । बुवापछि निर्णय गर्ने पदानुक्रममा दाजु पर्नुहुन्छ ।

घरदेखि बाहिर भारतको दिल्लीमा बस्ने दाजुले गरेका निर्णयहरू बुबाकै जस्ता नभए पनि बुबालाई पनि दाजुका निर्णय मान्य हुन्छन् । दाजुलाई सि.ए. पढाउन सक्ने मेरा बुबाले न त मेरो इच्छा के छ भनेर सोध्नुभयो, न त म छात्रवृत्ति वा कुनै अनुदानमा पढ्ने प्रयाससम्म त गर्न सक्छु कि भन्ने सोच नै उहाँहरूमा आयो ।

बुबाले मलाई 'छोरी तँ के बन्न चाहन्छेस् ? के गर्न चाहन्छेस् ?' भनेर कहिल्यै सोध्नुभएन । सोध्नुभएको भए कम्प्युटर इञ्जिनियर बन्थेँ वा आर्किटेक्चर पढ्थेँ वा अरू केही हुन्थेँ त थाहा भएन । तर यत्ति हो, घरपरिवारमा आफ्नो राय-सल्लाह सोध्ने, सुनिने चलन भइदिएको भए त्यो अनुभव पनि राम्रै र रमाइलै हुन्थ्यो होला ।

हाइस्कुल पढ्दा बुबाले एकपटक 'तिमीलाई पनि दाजुजस्तै सि.ए. पढाउँछु' भन्नुभयो । दाजुको लहलहैमा म पनि मनमनै सि.ए. बन्दै थिएँ । हाइस्कुलपछि काठमाडौं वा दाजुझैं दिल्ली गएर सि.ए. पढ्ने मेरो सपना त्यतिखेर भत्कियो जब ठूलो बुबाले 'छोरीलाई विवाह नगरी घरबाट टाढा पठाउनु बुद्धिमानी होइन' भन्दै आफ्नो 'अभिभावकत्व' जताउनुभयो । र, बुबाले पनि ठूलो बुबाको कुरामा तार्किकता देख्नुभयो ।

सधैंझै मैले पनि मेरो सपनालाई परिमार्जन गर्दै विज्ञानभन्दा कम लागत पर्ने वाणिज्यशास्त्र पढ्ने भएँ । आखिर छोरी मान्छे भएर पढ्न पाउनु नै आफैंमा

ठूलो कुरो हो भन्ने ज्ञान त मैले सानैदेखि पाएकै थिएँ । सोचेको पाउने आशा गर्दा दिएको पनि गुमाउन सक्ने जोखिम म लिन सक्दिनथेँ । मेरो सपना जे हो, त्यो पढ्नेभन्दा पनि जे जति विकल्प वरिपरि छ, त्यहीबाट रोजेर पढ्ने भन्ने मेरो बुबा र ठूलो बुबाको रायमा मैले वीरगञ्जमै बिबिएस पढेँ ।

मैले बिबिएस पढेर त्यही क्षेत्रमा आफ्नो सपना रोज्नुपर्ने भयो । यसर्थ सपनालाई परिस्थिति र परिवारले पनि आकार दिन्छन् भन्दा गलत नहोला ।

बिबिएस पढ्दै गर्दा म 'संस्कृति' र अन्य संघसंस्थाहरूसँग आवद्ध भएँ । धेरै गैरसरकारी संस्थामा स्वयंसेवकका रूपमा काम गर्दै गएँ । विविध मुद्दाहरूमा आवाज उठाइरहँदा मभित्र पनि चेतना र ज्ञानको आवाज जाग्दै गयो । योसँगै बुझ्दै गएँ, सपना त मेरो पो हो, मेरो आफ्नो । न मेरो बुबाको, न ठूलो बुबाको, न त परिवारका अन्य कुनै सदस्य वा गैरसदस्यको । मेरो सपना, म आफैंले आफ्ना लागि निर्धारण गरेको सपना ।

जीवनका विभिन्न चरणमा जीवनको भोगाइ र बुझाइसँगै सपनाका रूप बदलिएका छन् । आज मेरो सपना असहाय र आवाजबिहीनको आवाज बन्ने सपना हो ।

मारवाडीजस्तो अल्पसंख्यक समुदायमा जन्मिएकी मैले यो देशकी छोरी, 'नेपाली हुँ' भनेर अरूभन्दा अलि ठूलो स्वरमा आफ्नो परिचय दिनुपर्दा मेरो मनभित्र लुकाएर राखेको त्यो घाउ आज पनि चर्किन्छ । मजस्ता हरेक अल्पसंख्यक, सिमान्तकृत र पिछडा समूहका महिलाहरूका लागि म एउटा उदाहरण बन्न चाहन्छु । नाम र दाम कमाउने आजको दौडमा म पनि चाहन्छु कि मेरो जीवन सहज होस्, मेरा आवश्यकताहरू सहजै पूरा गर्न सकूँ, मैले भोग्नु परेका प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव कुनै महिलाले कतै भोग्नु नपरोस् ।

२०७५ सालमा बारा, पर्सामा आँधीतुफान आउँदा धेरैले धनजनको क्षति बेहोर्नु परेको हामीलाई थाहै छ । हामीले 'संस्कृति' बाट प्रभावित गाउँगाउँ पुगेर अत्यावश्यक सामग्रीहरू पुऱ्यायौं । त्यहाँ पुग्दा एक जना गर्भवती महिलाको घुँडामुनि सबै भाग आगोले जलेको रहेछ । के भएको रहेछ भनेर

बुझ्यौं । खाना पकाउँदै गर्दा आँधीतुफान आएछ र त्यसले भत्काएको घरको छानाबाट आफ्नो दुई वर्षको बच्चालाई बचाउन खोज्दा उहाँ आगोमा परेर जल्नुभएको रहेछ ।

त्यो घटना भएको तीन दिनसम्म उहाँले न कुनै उपचार पाउनुभएको रहेछ, न भत्किएको घरमा कुनै अन्न थियो । हामीले तेस्रो दिन उहाँको उद्धार गरी उहाँलाई अस्पताल पुऱ्यायौं । बाँच्नका लागि चाहिने आधारभूत आवश्यकता परिपूर्तिका लागि पनि मानिसहरू त्यति दुःखको सामना गर्दै गरेको दृश्यले मलाई सामाजिक सेवामा लाग्ने प्रेरणा दियो । म त्यही बाटोमा अनवरत हिँड्दै छु ।

सोमपालहरूले[1] नेपालका लागि ब्याटिङ गरिरहँदा उफ्रिने र ओलम्पिक्समा कल्पनाहरूको[2] सहभागितामा पदक नआए पनि उत्साहमा ताली बजोस् । रूपाहरूले[3] बिना कुनै जातीय विभेद डेरा पाउने दिन मेरै जीवनकालमा सम्भव भइदिए हुन्थ्यो भन्ने म कामना गर्छु । त्यसका लागि भौतिक र मौखिक सहयोग गर्नमा आफ्नो समय, सुद्धी र शक्ति व्यतित गर्न चाहन्छु । म आजीवन यही सपनालाई साकार गर्नेतर्फ अगाडि बढ्ने प्रण गर्छु ।

मेरो घरपरिवारले आजको मितिसम्म मेरो लक्ष्य वा मलाई बुझ्ने प्रयाससमेत गरेका छैनन् । मेरो सपना र उनीहरूको अपेक्षा मेल खाँदैन । उनीहरू म जीवनमा आफ्नै खुट्टामा उभिन सक्छु, केही गर्न सक्छु भन्नेमा विश्वास गर्न सक्दैनन् । उनीहरू मलाई डोऱ्याएर हिँडाउने कोही केटा चाहिन्छ, त्यसका लागि मैले अविलम्ब बिहे गरी घरजम गरिहाल्नुपर्छ भन्ने बुझ्छन् ।

---

१ क्रिकेट खेलाडी सोमपाल कामी

२ कल्पना परियार सुटिङकी खेलाडी हुन् । उनी ३२औं ओलम्पिक्समा नेपालका तर्फबाट सहभागी भएकी थिइन् ।


३ रूपा सुनारले काठमाडौंमा डेरा खोज्दा जातीय विभेदको सामना गरेपछि न्यायका लागि अदालतसम्म पुगेकी छिन् ।

मैले त्यसो गरिहाल्न रूचि नदेखाएकामा उनीहरू मलाई हठी ठान्छन् । विद्रोहीको रूपमा देख्छन् । मैले मेरो जीवन घरको चार भित्ता र दुई फिटको घुम्टोभित्र सीमित नगरेकामा उनीहरू मप्रति रुष्ट छन् । मेरो परिवारबाट मैले देखेको सपनाप्रति कुनै सकारात्मकता र सरसहयोग प्राप्त नभए पनि म मेरो सपनाप्रति इमानदार छु ।

अहिले भर्खर त मेरो सपनाको सुरूआत हुँदैछ। आफ्नो परिवार, समुदाय र समग्र समाजमा गहिरो जग हालेर बसेको रुढिवादी, अन्धविश्वास र पितृसत्तात्मक सोचको अन्त्य गर्नुछ । म समानता देख्न चाहन्छु । छोरा र छोरी बराबर हुन् भन्ने सत्यलाई समाजले अनुशरण गरेको देख्न चाहन्छु । यदि मेरो कथाबाट एउटा मात्र छोरी प्रभावित भएर आफ्नो सपनालाई उसले पछ्याउँछे भने मेरो यात्रा सार्थक भएको सम्झिनेछु ।

# कसैका लागि राहतको खबर हुन चाहन्छु

भावना गुरुङ




चित्र : मनिषा साह

जब म आफ्ना सीमाहीन सपनाहरूबारे सम्झिन्छु, म एउटा अर्को अनुहार पनि सम्झिन्छु । मेरी आफ्नै आमाको । आमाको घरी चम्किने अनुहार, घरी खुम्चिने अनुहार । मेरी आमाको गर्वले गमक्क परेको अनुहार अनि पश्चातापले फतक्क गलेको अनुहार !

'हाम्रो कान्छीलाई कुन चैं केटाले उडाउँछ अनि थाहा हुन्छ !'

उमेर घर्किसकेपछि बल्ल स्कुल भर्ना भएकी मेरी आमाले पाँच कक्षा पनि पास नगर्दै उहाँको दाइहरूको चिन्ता यसरी बढ्यो कि, आमाले कहिल्यै नदेखेको ठाउँमा बिहे गरेर आउनुपर्‍यो ।

'म यति बेला जागिरे हुन्थेँ हुँला ! क्यै नभए पनि म मास्टर त हुन्थेँ,' आमाको यो गुनासो मैले कुरा बुझ्ने भएदेखि बेलाबेला सुन्दै आइरहेकी छु ।

'म फस्ट हुन्थेँ नि कक्षामा !' आमाको अनुहार कस्तो धपक्क बल्छ । अनि लगत्तै आफूले पढाइलाई निरन्तरता दिन नसकेको ग्लानीले धिपिक्कै निभ्छ ।

मेरी आमाले जे भोग्नुभयो, उहाँसँगै हुर्केका उहाँका दौंतरीहरूले पनि त्यही भोगे । उहाँ कहिलेकाहीँ आफू केटाकेटी हुँदाका कुरा सुनाएर मलाई भावुक तुल्याउनुहुन्छ । स्कुल जाने, अक्षर चिन्ने, जागिर खाने सपना देख्नु उहाँहरूका लागि लगभग बर्जितजस्तै थियो । त्यतिखेर छोरी भनेकै अर्काको घर जाने ठानिन्थ्यो ।

भनिन्छ, आमाबुबाहरू आफूले पूरा गर्न नपाएका सपनाहरू छोराछोरीले पूरा गरिदिऊन् भन्ने आश गर्छन् रे । कुरा त्यसै हो कि संयोग मात्रै हो, मेरी आमा हामी छोराछोरीले धेरै पढून् भन्ने चाहना राख्नुहुन्छ ।

मेरो जन्म आर्थिक हिसाबले खान-लाउन पुग्ने परिवारमै भए पनि भौगोलिक हिसाबले पछाडि परेको ठाउँमा भएको थियो । म जन्मी हुर्किएको सिन्धुलीको डहर गाउँमा सडक पुगेको थिएन । बिजुली-बत्ती थिएन । हामी टुकीमा घर, भान्सा र पढाइ-लेखाइको काम गर्थ्यौं ।

गाउँमा खानेपानीको धारा थिएन तर मेरा हजुरबुबाले नजिकैको खोल्सामा सानो ट्यांकी बनाएर घरसम्मै धारा ल्याउनुभएको थियो । स्वास्थ्यचौकी थिएन । आमाहरू हामीलाई पोलियोको थोपा खुवाउन र सुई लगाउन दुई घण्टा बढी पैदल हिँडेर जानुहुन्थ्यो रे । गाउँमा हामीले पढ्न जाने स्कुल थिएन । हामी खोला तर्दै, उकालो चढ्दै, बारीहरू काटेर बल्ल स्कुल पुग्थ्यौं । स्कुल पुग्न हामी केटाकेटीलाई पूरै दुई घण्टा लाग्थ्यो ।

जिर्गा खोलाछेउको एक्लो घर । बर्सेनि ठूलो बाढी आउँथ्यो । कुलो बगाउँथ्यो । खेत बगाउँथ्यो । पूरै गाउँमा मेरा हजुरबुबाको मात्र एउटा रेडियो थियो । हामी त्यही रेडियोमा मौसमका खबर सुनेर भरे कति पानी पर्ला, भोलि कति पानी पर्ला भनेर रात कटाउँथ्यौं । पछि घरनजिकै ठूलो पहिरो पनि गयो । पहिरोले हाम्रो खेतमा पानी लगाउने कुलो भताभुंग पारिदियो । खोला मात्रै होइन, खोल्सा पनि बढेर गोठै बगाउलाझैं गर्‍यो । धन्न बगाएन ।

म स्नातकोत्तरको परीक्षा सकाएर बसेकी थिएँ । आमा जहिल्यै फोनमा थेसिसको कुरा निकाल्नुहुन्थ्यो ।

'यसले कहिल्यै थेसिस नगर्ने भई !' आमा भनिरहनुहुन्थ्यो ।

थेसिस सकेपछि मैले आमालाई फोन गरेर सुनाएँ ।

'लौ अहिले पो सक्काको ?'

म बुझ्दिनँ, आमालाई मेरो थेसिसलाई लिएर किन त्यस्तरी हतारो लागेको थियो । सायद उहाँलाई थेसिसमा के गर्नुपर्छ भन्ने पनि थाहा छैन । उहाँलाई

सायद यति मात्रै थाहा छ, मास्टर्सको थेसिस सकेपछि पिएचडी पढ्न पाइन्छ। पिएचडी गरेपछि के हुन्छ ? मेरी आमालाई थाहा छैन । उहाँलाई लाग्छ, पिएचडी गरेपछि ठूलो मान्छे भइन्छ। राम्रो जागिर पाइन्छ। समाजमा इज्जत हुन्छ ।

आमासँगै पढेका केटाहरू अहिले नाम, दाम कमाएर बसेका छन्। उनीहरूको बोली बिक्छ। समाजमा प्रभाव छ। आमालाई पक्कै ती स्कुले केटा साथीहरू देखेर कहिले गर्व लाग्दो हो, कहिले मन भतभती पोल्दो हो । सायद यसैले आमा मैले धेरै पढोस् भन्ने चाहना राख्नुहुन्छ ।

मेरो पढाइलाई लिएर पाँच कक्षा पनि पढ्न नपाई बिहे गरेर पठाइएकी मेरी आमा मात्रै होइन, स्कुलको कहिल्यै अनुहारै नदेखेकी मेरी हजुरआमालाई पनि उत्तिकै चासो छ ।

उहाँलाई त झन् मेरो करिअरको पनि उत्तिकै चासो छ ।

'हिँड लाटी, हजुरबुबाको भाषण सुन्न जाऊँ ।'

हजुरबुबा स्थानीयस्तरमा गाउँमा राजनीति गर्नुहुन्थ्यो । हजुरआमा मलाई सधैं राजनीतिक कार्यक्रममा लिएर जानुहुन्थ्यो । गाउँमा हुने भेला-भाषणमा त भइहाल्यो, दिनभर हिँडाएर बजारसम्मै पनि उहाँ मलाई भाषण सुन्न लैजानुहुन्थ्यो ।

म चार-पाँच कक्षा पढ्दैताका भाषण सुन्न हिँड्न थालिसकेकी थिएँ ।

'लाटी तैंले पनि पछि गएर भाषण गर्नुपर्छ। नेता बन्नुपर्छ ।'

जसै हजुरबुबाले पोडियममा उभिएर 'आदरणीय जनसमुदाय...' भनेर भाषण सुरू गर्नुहुन्थ्यो, पररर ताली बज्न सुरू गर्थ्यो । हजुरआमाका आँखा गर्वले चम्किला हुन्थे। सबैभन्दा चर्को ताली उहाँले नै बजाउनुहुन्थ्यो ।

'नेता बन्नुपर्छ है,' मतिर हेरेर भन्नुहुन्थ्यो ।

हजुरआमाका लागि नेता बन्नु खास अर्थमा के थियो ? त्यो कमै थाहा थियो । तर उहाँलाई यो थाहा थियो कि नेता बन्नु ठूलो मान्छे हुनु हो । उसले गाउँमा कुलो बनाउन सक्छ । स्कुल बनाउन सक्छ । भाषण गर्न सक्छ । अनि उसको समाजमा इज्जत हुन्छ । उहाँले यत्ति चाहिँ आफ्नो श्रीमान्लाई हेरेर बुझ्नुभएको थियो ।

तर म अहिले हजुरआमाका त्यो बेलाका कुरा सम्झेर छक्क पर्छु । त्यो बेला पोडियममा भाषण गर्ने महिलै हुन्थेनन् । भाषण सुन्न जानेहरूको भिडमा पनि महिलाहरू आक्कलझुक्कल हुन्थे ।

मेरो गाउँमा अक्षर चिन्न सक्ने महिलाहरू औंलामा गन्न सकिन्थ्यो । मेरी हजुरआमाका दावँलीहरूलाई त 'कालो अक्षर भैंसी बराबर' नै थियो । उनीहरूलाई आफ्ना छोरीहरूलाई पढाउनुपर्छ भन्ने हेक्कै थिएन । मेरी आमा, हजुरआमाको पुस्ताको त कुरै छाडौं, मेरै दौंतरीहरूले पनि तीन कक्षा, पाँच कक्षाभन्दा माथि पढेनन् । बिहानै उठेर चुलोचौको भ्याउनु, दिनभर घाँस, दाउरा, मेलापात जानु अनि राती अबेरसम्म चुलोचौकोमै व्यस्त रहनु ! यहाँभन्दा पर थिएन, मेरो गाउँका आमाहरूको संसार ।

मतुवा श्रीमान्हरूको कुटाइपिटाइ खानु, निलडाम बोकेर हिँड्नु तर त्यसका विरूद्ध चुइँक्क नबोल्नुसमेत पनि केही आमाहरूको हिस्सामा थियो । श्रीमान्, परिवारले चाहे जति बच्चा जन्माइदिनु त अनिवार्य नै भइहाल्यो । छोरी मात्रै जन्माउनेहरूको दुःख फेरि बेग्लै हुन्थ्यो ।

स्कुल जाने मेरा साथीहरू पनि बिहानभर घाँस-दाउरा भ्याएर र बेलुकाको एकलट काम गर्न भ्याउनेगरी फर्किन्थे । कामको चटारो पर्दा हाफछुट्टीमै स्कुलबाट हिँड्थे मेरा केटी साथीहरू । यसको मतलब, पढाइ मेरा साथीहरू र उनीहरूका परिवारका लागि कहिल्यै प्राथमिकतामा थिएन । दुई-चार कक्षा पढाए पनि छोरीहरूले जागिर गर्लान् भन्ने विश्वास कुनै पनि अभिभावकमा थिएन ।

कहिल्यै स्कुल नजानुभएकी, बिकट गाउँमा जन्मिनुभएकी मेरी हजुरआमाले आफ्नी नातिनीलाई नेता बनाउँछु भन्ने त्यति ठूलो सपना कसरी देख्नुभयो ? म आज पनि चकित पर्छु ।

देश-विदेश बुझ्नुभएको, घुम्नुभएको मेरा हजुरबुबाले बरू मलाई 'राजनीति गर्नुपर्छ' भनेर कहिल्यै भन्नु भएन ।

मलाई पनि त्यसरी भाषण सुन्दासुन्दै सञ्चार क्षेत्रमा रूचि बढ्दै गयो तर नेता बन्ने रूचि कहिल्यै पलाएन । दस कक्षा पास गरेपछि म रेडियोमा बोल्न थालें । हजुरआमा त्यसैमा खुसी हुनुभयो । नातिनीलाई नेता बनाउने सपना पूरा नभएकोमा कहिल्यै चित्त दुखाउनु भएन । मलाई हजुरआमाको यो फराकिलो मन देखेर खुसी लाग्छ । नत्र त कति साथीका सपनाहरू परिवारको सपनाले थिचेर बिलाएका छन् ।

आजका मेरा सोचाइ, मेरा सपनाको आधारमा माओवादी जनयुद्धको पनि हात छ भन्ने मलाई लाग्छ । म हुर्किंदै गरेको समय जनयुद्धको थियो । मेरा नजिकका आफन्तहरू नै बन्दुक बोकेर हिँडेका थिए । त्यति बेला माओवादीका आफन्त, परिवारलाई पुलिसले देखिनसहने, सेना-प्रहरीका आफन्त परिवारलाई माओवादीले देखिनसहने । माओवादीका सेनाहरू ग्वारग्वार्ती आउँथे । चुहो वरिपरि बस्थे, आफैं पकाइतुल्याइ खान्थे । हाम्रा हजुरआमाहरू डरले छुलछुल हुन्थे ।

'पुलिस आयो भने?'

मूलबाटोको घर । पुलिसको लावालश्कर आँगनैबाट हिँड्थ्यो । आँगननेरको पानीको पाइपमै मुख घुसारेर पानी खाएर जान्थे ।

हामी डरले बाहिर पनि निस्किँदैन थियौं ।

पुलिस आए पनि माओवादी आए पनि अब कता के बित्यास पार्ने हो भनेर खुब डराउँथ्यौं ।

रेडियोमा समाचार कुरेर युद्धका खबर सुन्नुहुन्थ्यो हजरबुबाहरू । म केही बुझ्दिनथेँ । तै पनि उहाँहरूको अनुहार हेरेर के भइरहेको छ भन्ने अनुमान लगाउन सक्थेँ ।

हजुरबुबा कम्युनिष्ट भएकाले माओवादीले हाम्रो परिवारलाई केही गरेनन् । सेना-पुलिसले हजुरबुबा भूतपूर्व सेना भएकाले केही गरेनन् । तर सेना-पुलिसले घर छापा मार्ने र रातबिरात माओवादीहरू आएर बस्ने चाहिँ हुन्थ्यो । र त्यो साँच्चै गाह्रो र अनौठो समय थियो हामी सबैका लागि ।

केटाले झैं पाइन्ट लगाएका केटीहरू मैले त्यही बेला देखेकी हुँ । केटाहरू सँगसँगै समाज परिवर्तनका कुरा गर्ने केटीहरू मैले त्यसै समय देखेकी हुँ । ती केटीहरू मेरी आमाभन्दा, मेरो गाउँका काकी, ठूली आमा, दिदी, भाउजूहरूभन्दा बिल्कुलै फरक थिए । मलाई धमिलो सम्झना छ, उनीहरूका आँखा चम्किला थिए । उनीहरूका कुराहरू म बुझ्दिनथेँ तर उनीहरू हिँड्दा, कुराकानी गर्दा एकदम ठाँटसँग गर्थे ।

कोही पढे-लेखेका माओवादीहरू मलाई क, ख सिकाउँथे । कोही ए, बि, सी सिकाउँथे । अहिले सम्झिँदा, म केटाकेटी नै भए पनि त्यो समयको प्रभाव ममा धेरै नै परेकोझैं लाग्छ । ममा महिलावादी सोचको बिजारोपण त्यही बेला भएको हो जस्तो लाग्छ । महिलावादी सोचले नै मलाई मेरो सपनामा अरू धेरै महिलाहरूलाई समेट्न सघाएको हो भन्ने लाग्छ ।

अहिले म विपद् सञ्चारको क्षेत्रमा काम गर्छु । मेरो मुख्य काम विपद्का बेला समुदायलाई सघाउ पुग्ने सञ्चार अभियान तथा कार्यक्रमहरू बनाउनु हो । यस क्रममा मैले देशका अधिकांश जिल्लाहरूको यात्रा गरिसकेकी छु ।

यस दौरान मैले केही सुखद् अनुभवहरू बटुल्ने मौका पाएकी छु । विशेषगरी महिला र विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्निर्माणमा उनीहरूको भूमिकाको सम्बन्धमा ।

उदाहरणका लागि सन् २०१५ को भूकम्पलाई लिन सकिन्छ। यसले महिलाहरू पनि निर्णय क्षमता राख्छन् र पुरातन बुझाइमा पुरुषले मात्रै गर्ने काम भनेर चिनिएका कैंयन कामहरू महिलाले पनि गर्न सक्छन् भन्ने प्रष्टै पारिदियो । म गोर्खा पुग्दा होस् या सिन्धुपाल्चोक या दोलखा या त अरू कुनै भूकम्प प्रभावित जिल्ला, प्रशासनिक कामका लागि पुनर्निर्माणको अफिसमा लाइन बस्ने, अनुदानको रकम बुझ्न बैंकमा लाइन बस्ने होस् कि मिस्त्री र ठेकेदारीको काममा, महिलाहरू प्रशस्तै भेटिन्थे ।

रसुवाकी ठेकेदार दिलकुमारी न्यौपाने, काभ्रेकी ठेकेदार शारदा दनुवार, गोर्खाकी ठेकेदार मनु तामाङ अनि खोटाङकी ठेकेदार सरिता राई, भोजपुरकी डकर्मी सुजता तामाङ, त्यस्ता केही नामहरू हुन् जसले मलाई सधैं हौसला दिइरहन्छन् । मेरो सपनामा ऊर्जा भरिरहन्छन् ।

महिलाले घरको धुरी चढ्नु हुँदैन भन्ने समाजमा हुर्किएकी म, कर्मीका काम गरिरहेका अझ ठेक्कापट्टा गरिरहेका मनु, शारदाजस्ता साहसी महिला देख्दा खुसीले दंग हुन्थेँ ।

अनि म सोच्छु, घरपरिवार र राज्यले सहज वातावरण बनाइदिने हो भने महिलाहरू के गर्न सक्दैनन् ?

अलिकति अनुकूलता मिल्नेबित्तिकै कहिल्यै घरको चौघेराबाट बाहिर ननिस्केका महिलाहरू दस गाउँ डुल्दै ठेकेदारी गर्न सक्छन् भने हाम्रा सपनामाथि परिवार, समाज, देशको थोरै भरथेग हुने हो भने हाम्रा सपनाहरू साकार हुनेमा म ढुक्क छु ।

विपद् व्यवस्थापन र सञ्चारको क्षेत्रमा काम गर्नु सजिलो पक्कै छैन । अझै पनि महिलाहरूको सपना र काममा विश्वास नगर्ने समाजमा यो काम गर्नु सजिलो हुने कुरै भएन ।

एउटा कार्यक्रमको दौरान एक जना मनोबैज्ञानिकले भनेकी थिइन्- विपद् वा संकटका क्षेत्रमा काम गर्नेहरूको पारिवारिक जीवन सुखद हुँदैन ।

मलाई पनि यो कुरा सत्यझैं लाग्छ । म त झन् विपद् सञ्चारमा काम गर्ने मान्छे । भूकम्पले घर पुरेका, बाढीले घर बगाएका, परिवारका सदस्य गुमाएका, अंगभंग भएका, महामारीको चपेटामा परेकाजस्ता मानिसहरूको कथा बटुल्नुपर्छ । उनीहरूकै कुरा सुनेर उनीहरूकै लागि उपयुक्त सञ्चार योजना तथा कार्यक्रमहरू बनाउनुपर्ने हुन्छ । कहिलेकाहीँ उनीहरूका दुःखले साह्रै पोल्छ । उकुसमुकुस हुन्छ । तर मैले यसै विपद् र सञ्चार क्षेत्रमा काम गर्ने सोचेकी होइन ।

म सानै हुँदाको एउटा घटना सम्झिँदा अझै जिउ सिरिङ्ग हुन्छ । हाम्रो छिमेकी गाउँमा बर्षाको बेला खोल्सा बढेर एक जनाको घर बगायो । घरसँगै एक जना महिलालाई पनि बगायो । परिवार र गाउँलेले खोजी गर्दा उनको एउटा खुट्टा मात्रै भेटियो । यस्तो हृदय नै छियाछिया पार्ने घटनाहरू हामी केटाकेटी हुँदा सुनी नै रहन्थ्यौं ।

सडकको सुविधा नभएकै कारण कति मानिसहरू बिरामी पर्दा उपचारै नपाई मर्थे । बर्षायाममा खोला बढेर, पहिरोले बाटो थुनेर कति मानिसहरू अस्पताल जान सक्थेनन् ।

एकपटक पारि गाउँबाट डोलीमा बोकेर बिरामी ल्याउँदै थिए । खोलानेर आइसकेपछि ती मानिसहरू त्यहीँ निकैबेर बसे । हामीले पनि निकैबेर आँगनबाट खोलातिर हेर्‍यौं । पछि थाहा भयो, बिरामीको मृत्यु भएछ । उनीहरू त्यहीँ जलाउने तयारी गर्दै रहेछन् ।

म यस्ता घटना देख्दै र सुन्दै हुर्केकी हुँ । बाढी र पहिरोले हाम्रो परिवारलाई पनि सताएको थियो । हजुरबुवाको पुरानो रेडियोमा आउने मौसमका खबरले हामीलाई कति राहत दिन्थ्यो । म पनि त्यसैगरी कसैका लागि राहतको खबर हुन चाहन्छु । यति चाहले ममा सधैं उत्साह भरिराख्छ ।

मेरो सपना अबका केही वर्ष संसारका नामी विपद् व्यवस्थापन संयन्त्रहरूको अध्ययन गर्नु र नेपालमा जोखिम सञ्चार (क्राइसिस कम्युनिकेसन) मार्फत्

योगदान पुऱ्याउनु हो । कोभिड महामारीकै दौरान सुरू गरिएको पडकास्ट 'संकटमा साथी' त्यसैको एउटा सुरूआत हो । अहिले पडकास्ट र रेडियो कार्यक्रममार्फत् विपद् प्रभावित समुदायको कथा सुनाइरहेको यस अभियानलाई अझ व्यापक बनाउँदै महिला तथा बालबालिका केन्द्रित कार्यक्रमहरू गर्ने सोच छ ।

नेपालको भौगोलिक बनावट नै जटिल भएका कारण हामी विपद्को उच्च जोखिममा छौं । विपद् जोखिम न्यूनीकरणमा नयाँ सोच र सिर्जनाका साथ काम गर्ने युवाहरूको ठूलो खाँचो छ । त्यसमा पनि नेपालजस्तो देशको विपद् व्यवस्थापन संयन्त्र महिलामैत्री बनाउन धेरै काम गर्नुपर्नेछ । मेरा सपनाहरू यसैमा केन्द्रित छन् ।

मेरा सपनाले सधैं मेरो परिवारको टेको पायो । परिवारको टेको पाउनु कति जरूरी रहेछ भन्ने म अहिले महसुस गर्छु ।

मैले छ कक्षा पास गरेपछि बुबाले हामीलाई बजारको घरमा ल्याउनुभयो । अब हामीले पाँच घण्टा पढ्न बिहान दुई घण्टा, बेलुका दुई घण्टा हिँड्नुपरेन । बजारमा हाम्रो चप्पल बगाउने खोला थिएन । यो स्कुल पानी परेर खोला बढेपछि बन्द हुने खालको थिएन । खाली खुट्टै स्कुल जाँदा हाम्रो खुट्टा काट्ने तीखा ढुंगा थिएनन् ।

सायद बुबालाई लाग्यो, आमाले, हजुरआमाले, हजुरबुबाले र उहाँ स्वयंले मेरा लागि, मेरा भाइबहिनीका लागि देख्नुभएका सपनाहरू त्यो दुरदराजको गाउँमा बसेर पूरा हुने छैन । त्यसैले उहाँले एकदिन गाउँकै नामुद भरियालाई बोलाएर झिटिगुन्टा कस्नुभयो र हामी दिनभरको बाटो हिँडेर सिन्धुली बजारको घर आयौं ।

स्कुल बिदामा म हजुरआमालाई भेट्न गाउँ जान्थैँ । स्कुल बिदामा गाउँ जाँदा मेरा अधिकांश साथीहरूलाई म मेलापातमा भेट्थैँ । अधिकांशले पढाइ छाडिसकेका थिए । म दस कक्षातिर पुग्दा त कति केटी साथीहरूलाई गाउँमा भेट्नै छाडें । अहिले जाँदा उनीहरू छोराछोरी लिएर माइत आएका हुन्छन् ।

मलाई पढाउन मेरा बुबाआमाले मलाई सहर लगे । भलै मलाई त्यो बेला सपना देख्नु के थियो राम्ररी थाहा थिएन । धेरै पढ्नु नै मेरो एउटा मात्रै सपना थियो । मेरा साथीहरूका पनि त केही न केही सपनाहरू पक्कै थिए होलान् । तर कतिले जिर्गा खोलाको भेल खेप्न नसकेर पढाइ छाडेछन् । कतिले घरको अनिकाल खेप्न नसकेर पढाइ छाडेछन् । कतिले चाहिँ राम्रो लोग्ने, हुनेखाने घर पाउने लालसामा फसाइएर पढाइ छाडेछन् ।

रिट्ठाबोटे स्कुलमा मसँगै लुकामारी खेल्ने केटीहरू कता होलान् ? बाँझे स्कुलमा गट्टा खेल्ने केटीहरू के गर्दै होलान् ? मोरङ्गे स्कुलमा सँगै चुङ्गी खेल्ने केटीहरूको हालखबर के होला ? मलाई उनीहरूको अनुहार सम्झिँदा मात्रै पनि च्वास्स दुख्छ । अनि म त्यो चित्त दुखाइलाई आफ्नो काममा खर्च गर्छु । आफूले गर्ने कार्यक्रमहरूमा केटीहरू, महिलाहरूको अर्थपूर्ण सहभागिता बढाउन पहल गर्छु ।

म सिमान्तका कुरा, दुरदराजका कुरा सजिलै बुझ्छु किनकी म गाउँमै हुर्कें । दुरदराजका महिलाहरूका लागि सपना देख्नु भनेको के हो, उनीहरूका सपना पूरा गर्न परिवार, समाज र राज्यले के सहयोग गर्न सक्छ भन्ने कुरा बुझ्नलाई पनि मलाई मेरो बाल्यकालीन भोगाइहरूले सिकाएको हो ।

मलाई बुबाले सहर नल्याउनुभएको भए पन्। वर्ष नकट्दै मेरो बिहे हुन्थ्यो । मैले मेरी आमाले जस्तै पढाइ पूरा गर्न सक्दिनथेँ । मेरी आमा फेरि अर्को दुःखमा अड्किनुहुन्थ्यो ‘ज्या, आफूले त पढ्न पाइनँ, छोरीलाई पनि पढाउन सकिनँ !’

बुबा पनि पक्कै पिरोलिनुहुन्थ्यो ।

म जुन भूगोलमा जन्मिएँ, हुर्किएँ त्यहाँका महिलाहरूका स्वतन्त्रता उमेरसँगै खुम्चिँदै जान्छ । उमेरसँगै उनीहरूको संसार खुम्चिँदै जान्छ । सपना देख्नु के हो भन्ने थाहा नपाई उनीहरूको जीवन सकिन्छ ।

मेरा लागि सपना देखिदिने तर कहिल्यै ममाथि नलाद्ने बरू स्वतन्त्र छाडिदिने मेरी आमा र हजुरआमा अनि मेरा सपनाका खातिर धेरै पसिना बगाउनुभएका मेरो बुबाजस्ता सबैका होऊन् । अनि पो उड्लान् धेरै छोरीहरू अनगिन्ती सपनाहरूसँगै वेग हान्दै सीमाहीन आकाशमा !

# आँखाबाट झरेका आँसुहरूको अठोट

रुक्शना कपाली




चित्र : निती श्रेष्ठ

पँहेलाको[1] महिना, शरद ऋतु थियो। बिहानपख निद्रा खुल्यो। हाऽऽऽऽऽइ... आफ्ना हातखुट्टा फैलाउँछु । शरदको चिस्यानले मेरो शरीरलाई स्पर्श गरेपछि 'आछुऽऽऽ' भन्दै म आफूलाई फाङ्गाभित्र[2] गुटुमुटु पार्छु ।

लासा-फाङ्गा[3]को त्यो न्यानो गुँडलाई छोड्न आलस्य मान्दै सुस्तरी आफ्नो आँखा मिच्छु । जिंग्रिङ्ग परेको कपाललाई ओत बाहिर निकाल्छु र हातले देब्रेपट्टिको ध्याक्व[4] छाम्दै आफ्नो मोबाइल खोज्छु । उठ्नासाथ मेरो पहिलो स्पर्श पाउने मेरो मोबाइलले नै हो ।

यसो स्क्रिनतर्फ नजर गर्छु । ए ! आज त प्लेनमा उड्ने दिन हो । सुँगुरको समयमा उठेछु ।[5]

आऽ अझै टाइम छ। एकैछिन अल्छी मान्दै म त्यही लासा-फाङ्गामै गुटमुटिन्छु। लासा-फाङ्गाको शरणबाट उम्किन त मन छैन, तर दिनको पनि सुरूवात गर्नै पऱ्यो ।

फाङ्गालाई लिक्वतिर[6] फाल्दै खाताको छेउबाट खुट्टाले चप्पल छाम्छु । प्याताप्याता चप्पल पर्काउँदै निहुरेर क्वथा[7] बाहिर निस्किन्छु । एक हातले आफ्नो छस्वाःलं[8] पक्र्दै क्वाराक्वारा बज्ने भऱ्याङबाट उक्लिन्छु ।

---

१ नेपाल सम्वत्को तेस्रो महिना जुन पुसताका पर्छ ।

२ सिरक

३ ओछ्यान–सिरक

४ खाटको भित्तापट्टिको भाग

५ फाँ इलय् दनेगु अर्थात् सुङ्गुरको समयमा उठ्नु भनेको अबेला वा ढिला उठ्नु हो ।

६ खाटमा सुत्दा खुट्टा पर्नेपट्टि

७ कोठा

८ माथिदेखि तलसम्म एक लम्बाइको म्याक्सीजस्तै लुगा

भऱ्याङ छेउमा भएको त्यो पुरानो बेसिन अनि छेउको झ्यालमा भएको रेलिङमा बाँधिएको होल्लर[९] । बुरुस पकर्दै म डाबर दन्तमञ्जनबाट आफ्नो दन्त लहरको सफाइ गर्छु । नाम थाहा नभएको मेवा साबुन छ । हरेक बिहान त्यसैले मुख घोट्ने गऱ्या छु । छ्याप्प पानीको बहावबाट साबुनको तह पखाल्छु र फेरि आफ्नो क्वथा तर्फ लाग्छु ।

के भुतू[१०] क्वथा, के द्यनिउ[११] क्वथा, सबै त्यहीँत्यँही नै थियो । डिक्चीलाई ग्यासमा बसाल्दै च्या पकाउन लाग्छु ।

च्या उमाल्ने यो आगोजस्तै मेरो जीवनमा पनि सम्झिँदा पोलिरहने अनुभवहरू छन् । समाजलाई मैले आफू को हुँ भनेर बताउन योग्य हुनुअघि नै मलाई 'तँ यो होस्' भनेर घोषणा गरिसकिएको थियो ।

केटा हुनु भनेको के हो ? केटी हुनु भनेको के हो ? भन्ने बुझ्न थाल्नुअगाडि नै मेरो दुई खुट्टाबीचको 'त्यो' अंगलाई हेरेर मलाई 'केटा' को उपमा भिराइसकिएको थियो । मलाई समाजले जे हो भन्थ्यो, मेरो लागि म त्यो थिइनँ । यसै कारण मेरो जीवन अन्तरद्वन्द्वले भरिपूर्ण थियो ।

सर्वप्रथम त आफू किन यस्तो होला भन्ने अन्तरद्वन्द्व ।

जतिजति किशोरावस्थातिर लाग्दै गएँ, त्यति नै अरूहरूबाट मेरो आनिबानी र व्यवहारप्रति नकारात्मक टिप्पणी हुँदै गयो ।

प्रश्न हुन्थ्यो- किन 'केटा' भएर केटीजस्तो व्यवहार गरेको ?

तर उनीहरूलाई कसले भन्ने कि सर्वप्रथमतः उनीहरूले मलाई 'केटा' भनेर अनुमान गर्नु नै गलत थियो !

---

९ होल्डर

१० भान्छा

११ सुत्ने

न कोही थियो जोसँग म यसबारे कुरा गर्न सक्थेँ, न कतैबाट म जानकारी पाउन सक्थेँ। अहिलेजस्तै हातहातमा मोबाइल, ब्यागमा ल्यापटप थिएन। त्यो बेला कम्प्युटर भनेको साहुहरूको मात्र हुन्छजस्तो लाग्थ्यो। न घरमा वाइफाइ, न त स्मार्टफोन।

भाइ देगःको पछाडि साइबर थियो। त्यहाँ एक राउन्ड कम्प्युटरहरू थिए। दाहिने कुनाको एउटा कम्प्युटर अलिकति गोप्य खालको थियो। त्यही मेरो टार्गेट हुन्थ्यो। त्यो कम्प्युटर खाली नहुँदा म पालो कुरिरहन्थेँ। स्कुल जानुअघि, स्कुलबाट फर्केपछि, साइबर नै मेरो सहारा बनेको थियो। त्यहीँबाट गुगल गर्दै मैले लैंगिकता र यौनिकताका बारेमा बिस्तारी बुझ्दै गएँ।

ए ! ट्रान्सजेन्डर भन्दा रहेछन् ! ए एलजिबिटीआइ भन्ने हुँदो रहेछ ! यस्ता यावत् कुराहरूको जानकारी पाउँदै गएँ।

म आफू पारलैंगिक व्यक्ति भएको थाहा त पाएँ तर त्यो थाहा पाए पनि मन कटकट हुन कहाँ रोकियो र ! त्यो उमेरमा मेरो लागि 'जीवन र भविष्य' जस्ता अवधारणा एवम् परिकल्पनाहरू आफ्नै समाज वरिपरि नै थियो।

मलाई यो समाजले जे सिकायो त्योभन्दा पर गएर हेर्न सक्ने अन्तर्दृष्टि नै थिएन। अब मेरो जीवन के हुने हो, मेरो भविष्य के हुने हो, मेरो सपनाहरू के हुने हुन् भन्ने पिरले सताउन छाडेन। जीवनका ती क्षणहरू कसरी बिते ? ती प्रत्येक रात कसरी कटे ? सायद मेरो आँशुको वेग सोस्ने मेरो फ्वङ्गाले[१२] मात्र देखेको छ।

तर, कहिलेसम्म यस्तो कुण्ठित जीवन बाँच्ने ? पछिको बाटो के त ? मेरो अन्तर्मनको द्वन्द्व त समाप्त भयो तर के मेरो जीवन यसरी नै द्वन्द्वित भएर बित्ने हो त ?

१२ सिरानी

समाजले मेरो भविष्यलाई अन्धकारको उपमा दियो। तर समाजको बन्धनलाई ननाघ्ने हो भने म आफैं अन्धकारमा थुनिनेछु। मेरो जीवन नै कुण्ठित र झुट्टा हुनेछ। त्यसैले मैले निर्णय लिएँ - म यो समाजलाई भन्नेछु कि उनीहरूले मलाई जे ठानेका छन् म त्यो होइन। म यो समाजलाई भन्नेछु कि मैले बताउन सक्ने हुनु अगावै मलाई घोषणा गरिदिएको लैंगिकता मेरो होइन।

मैले क्रमशः सामाजिक सञ्जालमार्फत् आफूलाई व्यक्त गर्न थालें। त्यसपछि त मेरो संसार नै हल्लियो। पारलैंगिक व्यक्ति हुनु लाञ्छनातुल्य भएको समाजमा म आफूले नै आफ्नो परिचय सो भनी कबुल गरेपछि खिसीट्यूरी गर्नेहरूलाई बल्दो आगोमा घ्यू खन्याएझैं[१३] भयो। टीन-एजका सुरूवाती सालहरू निकै कष्टकर भए। मजस्ता व्यक्तिहरूले आफ्नो वास्तविकतामा रहन खोज्दा यो समाज यसरी कम्पित हुने रहेछ !

ह्यात्तेरिका, फेरि च्या दासि गयो[१४]। आगो निभाएर न्वकू कापःले[१५] डिक्ची उठाउँछु र गिलासमा खन्याउँछु। गिलास समाउँदै म फेरि खातामै आएर बस्छु। स्यानो क्वथामा सबै थुप्रो अटाउनुपर्ने ! हात मात्र तन्काए सबै भ्याउँछ।

मेरो छ्यंफुसतिर[१६] किताबहरूको ऱ्याक छ। प्रायः प्रयोग हुने किताबहरू यता राख्छु, अरू भने बोराभित्र हालेको छु। एकदिन आफ्नै घर भयो भने एउटा क्वथा पुस्तककै नाममा दर्ता गर्ने चाह छ। 'नेपालभाषा लेखन सहयोगी' को 'ए-फोर' आकार कागजहरूको एक चाङ मेरो छेउमा छ। एउटा हातले च्या गिलास समाउँदै, अर्को हातले ती पानाहरू नियाल्छु।

झण्डै आठ/नौ वर्षअगाडि देखिको मेरो मनोकांक्षा आज पूरा हुँदैछ। नौ कक्षामा पढ्थें। दुई वर्षजति भएको थियो मैले आफ्नो मातृभाषाबारे कति धेरै कुरा थाहा पाएको। घरभित्र आमाबुबा र त्यस पुस्ताले एकअर्कासँग आफ्नै

---

१३ छ्वः मिँइ घ्यः लुइगु अर्थात् बल्दो आगोमा घ्यू खन्याउनु।

१४ चिया उमाल्दा उम्लेर पोखिन लाग्नु

१५ भाँडो समाउने हनबेर्नो – फलाम वा स्टिलको अंकुशे परेको भाँडो समाउने सामान

१६ खाटमा सुत्दा टाउको राख्नेपट्टि

भाषा बोल्ने तर नेवाः खँ[१७] सिकायो भने पर्वते कुरा र अंग्रेजीमा कमजोर हुन्छ रे !

त्यसैले म र मेरो पुस्तासँग पर्वते कुरा गर्थे । यस्तै वातावरणमा हुर्किँदै गर्दा मैले मेरै भाषाको बारेमा कति धेरै कुरा जानेकै थिइनँ। मेरो आफ्नै जिज्ञासाबाट सुरू भएको थियो, मेरै भाषामा मेरो स्वःशिक्षा ।

जिज्ञासु हुँदै यताउति गरिरहँदा घर नजिकैको टोलमा नेपाल लिपि र रञ्जना लिपि प्रशिक्षण कक्षा हुन लागेको सूचना टाँसिएको देखेँ । हो, त्यही प्रशिक्षण कक्षाहरू लिएपछि मैले आफ्नो घरपरिवार र समाजबाट पाएको ज्ञानभन्दा कति धेरै 'नयाँ कुराहरू' जान्न पाएको थिएँ ।

आफ्नो भाषाको बारेमा 'नौला कुरा' मैले सिक्ने मौका पाएपछि मलाई मेरो पुस्ताका लागि पनि केही गर्न सकिन्छ कि भन्ने लाग्यो । मेरो उमेरका अरूहरू पनि मजस्तै आफ्नो भाषाका कतिपय कुराहरूमा अनभिज्ञ भएर हुर्किँदै थिए । यसरी मैले नौ कक्षा पढ्दै गर्दा 'नेपालभाषा सिकौं' भन्ने पुस्तकको मस्यौदा तयार पारेको थिएँ । विद्या पुस्तक भण्डारबाट किनेको कागजको खेस्रामा हातको दुई अम्लोले च्यापी पाना-पाना कोरेँ । नेपालभाषा सिकाउने पुस्तक लेख्ने साह्रै लालसा थियो ।

पुस्तक लेख्दै गर्दा 'यो त ठूलो मान्छेहरूलाई देखाएर सल्लाह लिनुपर्छ' भन्ने टिप्पणी आयो । त्यही नौ कक्षेले बनाएको पुस्तक मैले ठूलो मान्छेहरूलाई देखाएँ । आशाले भरिभराउ भएर आफ्नो इच्छा प्रकट गरेँ ।

'बच्चा भएर पढाइमा ध्यान देऊ न ! पहिले एसएलसी त सकाऊ ! थ्व मचां नं छु यानां नइ ![१८] यस्ताले के नै गरी खान्छ ! कल्ले पढ्ला र तँजस्ताले लेख्या !' जस्ता तीखा वचनले त्यो नौ कक्षेको इच्छाशक्तिमा तालाबन्दी गरिदिएको थियो ।

---

१७ कुरा

१८ यो बच्चाले के गरी खान्छ ?

तर आज समय फेरिएको छ । त्यो बच्चा बाइस वर्षको भयो । एकदिन यसै पुरानो किताब-कापीको बोरा खोतल्दै जाने क्रममा आठ वर्षअगाडि थन्केको त्यही मस्यौदा फेला पारेँ । ओहो, मेरो एउटा सपना त अपूरै थियो है ।

आफ्नो जीवनमा गर्छु भन्ने अठोट लिइसकेको मैले यो पूरा नगरी छाड्नु मेरो स्वाभिमानले मानेन । आठ वर्षअगाडि निभेको त्यो दीपलाई मैले फेरि प्रकाश दिएँ । त्यसरी नै सुरू भएको हो 'नेपालभाषा लेखन सहयोगी' ।

फरक यत्ति कि, त्यो बेला कागजमा मसी र कलम चलाएर आफ्नो हातका दुई औंलाले कोरेँ, आज त्यही हातका ६ औंलाले माइक्रोसफ्ट वर्डका पानाहरूमा टङ्कन गर्दैछु ।

हातले लेखेको अक्षर राम्रो हुने भनेको त स्कुलमा मात्र हो । अहिले त दुई लाइन लेख्यो भने हात दुख्न थाल्छ । अक्षर त अ हो कि छेर हो !

च्या खान सकियो । गिलासलाई बेसिनमा राखेर आफ्नो कागजातहरू हेर्न थाल्छु ।

हैन, यो के सोच थियो त्यति बेला को ? त्यो उमेरमा केही गर्नै नहुने हो र ? विद्यालय अनि विद्यालय ! त्योबाहेक अरू केही गर्ने इच्छा राख्यो भने 'एसएलसीपछि' भन्ने टिप्पणी आइहाल्थ्यो ।

मलाई भाषामा खुब रहर छ । मेरो जीवनमा कम्तीमा पनि दस वटा भाषा सिक्छु, सिक्छु भन्ने पनि मेरो एउटा सपना हो ।

आठ कक्षा पढ्दै थिएँ होला । बलिफलको एउटा इन्स्टिच्युटमा गएर फ्रेन्च भाषा सिक्न थालेँ । महिना फी तिरिदिन आमाबुबालाई कम्ता फकाउनुपरेको थियो ! तीन महिना बेसिक कोर्सभन्दा बढी जान नै दिएनन्, 'एसएलसीपछि' भन्दै ! शिक्षकहरू पनि 'एसएलसीपछि फ्री हुन्छौ' भन्थे ।

एसएलसी पास भएपछि बुझियो, जीवनको सबैभन्दा ठूलो 'स्क्याम' त यो पो रहेछ ! एसएलसीपछि के पो फ्री हुनु ! झन् जिम्मेवारी बहन गर्ने बेला हुँदै

आएपछि दिसा गरुन्जेल काम छुटिने[१९] अवस्थामा पुगियो । त्यसपछि चाहेर पनि भाषा शिक्षणमा सहभागी हुन समयले साथ दिएन । अहिले फ्रेन्चमा पनि राम्ररी याद भएको तु ए स्याँ[२०] मात्र हो ।

ओहो ! मनमा कुरा खेलाउँदा खेलाउँदै ११ बजिसकेछ ! अब त निस्किन पऱ्यो । सुटकेस त हिजो नै मिलाइसकेको छु । ह्यान्ड-ब्याग मात्र मिलाउन बाँकी छ । आज के लाउने होला ?

अय्गुंचामा[२१] झुन्ड्याइएका केही लुगाहरू खोतल्छु । यहाँ पो जाडो छ त, उता त कहिल्यै जाडो हुन्न । लौ जाडोको बीचमा गर्मीको ब्रेक लिन पाइने भइयो । दुई महिनाअघि त्यही प्रतुनामको नाइट मार्केटबाट लिएर आएको हट-प्यान्ट र अफ-सोल्डर टप लगाउँछु ।

नेपालमा हुन्जेलका लागि ओभरकोट र सल एउटा बोकूलाँ । मेरो क्वथामा लाम्चो ऐना छ । त्यहीअगाडि उभिएर आफूलाई नियाल्दै लुगा फेर्न रमाइलो लाग्छ। अझ लुगा फुकालेपछि पहिले ब्रा र प्यान्टीमा ऱ्याम्प-वकमा मोडलहरूले जस्तै पोज दिएर आफूलाई नियाल्ने अनि मात्र अर्को लुगा लगाउने बानी छ ।

बोकेर जान लागेको यो नीलो रङको सल किनेको झण्डै दस वर्ष भयो । त्यति बेला कक्षा आठमा थिएँ । बालकको छेकबारभित्र थुनिएको बालिका ।

स्कुल जाँदा प्यान्ट-सर्ट लाउनपर्थ्यो । घरमा आउनेबित्तिकै बज्यैको पर्सित्वाः[२२] बेर्ने, निनीको हील्स लाउने र मम्मीको मेक-अप दल्न गर्थें । हाम्रो स्कुलमा

---

१९ खि फातले ज्या पाः अर्थात् दिसा गरुन्जेल काम छुटिने भन्नाले फुर्सदै नभएको वा अत्यन्त व्यस्त अवस्थालाई जनाउँछ ।

२० तँ कुकुर होस्

२१ लुगा कपडा झुन्ड्याउन एक धलिंबाट अर्को धलिंमा बाँधिएको डोरी, धलिम/धलि भन्नाले परम्परागत नेवाः घरमा माथिल्लो तल्लालाई आड दिन लगाइएको सालको बलियो काठहरूको लर्को ।

२२ पर्सित्वाः भन्नाले पर्सि (साडी) को केही अंश, घरमा बस्दा पूरै साडी लगाउन नपर्ने गरी सजिलो गर्न साडीको एक अंशलाई बेर्न प्रयोग गरिन्छ ।

पढाउने मिसहरूले सेतो सर्ट र कालो मिडी लगाउने गर्थे । अनि आफ्नै स्कुलको सेतो सर्ट र ड्याडीको टेलरबाट कालो कपडा लिएर मिडीजस्तै बनाएर 'आइ एम ललिता मिस' भनेर खेल्ने गर्थें । मलाई ललिता मिसको अनुहार परिचय याद छैन । तर बाल्यकालमा त्यसरी ललिता मिस बनेर खेल्ने गरेको स्मरण छ । मेरो कपाल पनि लामो नै थियो । थरीथरीको रिबन बाँध्ने, रंगीबिरंगी क्लीप्स लगाउने अनि मेरो मम्मी, चमा, तताहरूले किसिमकिसिमको सतबत[२३] गर्थे । साउन महिनामा घरको अरू महिलाहरूसँगै लँय्चा[२४] लगाउथें, हात भरी रंगीबिरंगी चुराहरू लगाउँथे ।

एक-दुई कक्षा हुँदासम्म त ती बालिका प्रस्फुटन हुँदा कसैको रोकथोक थिएन । सायद बच्चै हो, रहर होला नि भन्ने लागेको थियो होला । तर त्यसरी प्रस्फुटन हुनु मेरो इच्छा र रहर मात्र होइन, मेरो प्रकृति र अस्तित्व नै थियो भन्नेबारे कसैलाई ज्ञान भएन ।

'अब ठूलो भइस्, यस्तो ब्यौरा नदेखा !' जति ठूलो हुँदै गएँ, त्यति यो संसारको थुनछेक बढ्दै गयो । तर जसले जे भने पनि, आफू जे हुँ त्यसलाई लुकाउन चाहेर कसरी लुक्थ्यो र ?

संसारको घोचपेच नभएको होइन । म्हालाकंले[२५] बिभ्दा दुख्छ नै, तर त्यसको बिभ्यानले बिझिनेको अस्तित्व नै फेर्ने सामर्थ्य त राख्दैन नि । मैले आफूलाई कसरी हेरेँ र मलाई अरूले कसरी हेऱ्यो – यही दोसाँधको द्वन्द्वमा नै बित्दै थियो मेरो जीवन ।

आफूभित्रै बाँधिएको 'म' बाहिर आउन आतुर थियो । त्यही बेला कन्तुरमा रहेको पासबुक सुटुक्क चोरेर फाइनान्सबाट १५ सय रूपैयाँ निकालेको थिएँ । मन भय, त्रास र उत्कण्ठाले भरिपूर्ण भएर थति टोलको सडक छेउका पसलहरूमा गएको थिएँ । कसैले देख्ला कि, पसलेले केही भन्ने हो कि भन्ने

---

२३ कपाल बाट्ने

२४ मेहेन्दी

२५ लाम्चो काँडैकाँडा भएको बोट

पिर बोकी हत्तपत्त एउटा पहेँलो टिसर्ट, नीलो चेकचेक सुरूवाल र यो नीलो सल किनेको थिएँ ।

अब यो स्यानो घरमा 'प्राइभेसी' भनेको त त्यस्तै हो । आफ्नो व्वथाको एक मात्र ताल्चा लाउन मिल्ने सन्हूमा[२६] लुकाएर राखेको थिएँ । घरमा कोही नभएका बेला झ्याल, ढोका, पर्दा लगाएर आफूले आफूलाई सिँगार्थें । त्यही चार भित्ताको एकान्तमा मात्र सीमित थियो, म भित्रको म ।

लौ, तयार नि भइयो । पहिलेपहिले विदेश जाँदा सगं[२७] दिने गर्थे । अब त मैले पर्दैन भनेँ । एयरपोर्टसम्म पुऱ्याउन आइराख्नु पनि पर्दैन । लगभग महिना, दुई महिनामै विदेशको यात्रा जुर्ने । पहिलेजस्तो धेरै विशेष लाग्न छोडिसक्यो ।

हःखाबाट ट्याक्सी बोलाएर म रवाना भएँ । मन भने अलिकति भारी नै हुन्थ्यो । प्लेन चढ्न थालेको दुई वर्ष भइसक्यो तै पनि डराउन भने छाड्न सकेको छुइनँ । डर त लाग्छ नै । त्यही भएर वाइन-ह्विस्की खाएर निद्रा लागोस् र प्लेन झर्नै आँट्दा मात्र बिउँझियोस् भन्ने लाग्छ । तर भन्याजस्तै कहाँ हुनु र !

कतिले मलाई भन्छन्, 'आमाबाउको पैसा कति नाश गरेको होला ।'

मलाई चाहिँ हाँस उठ्छ ! आजसम्म विदेश जाँदा मेरो आफ्नो एक रूपैयाँ पनि खर्च भएको छैन । म पर्यटकीय हिसाबले जाने होइन ।

कुनै अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ भने सहभागिताको आवेदन खुल्छ । त्योसँगै छात्रवृत्तिको पनि । त्यही आवेदनमा आफूले गरेको काम दर्शाउनुपर्ने हुन्छ । आफ्नो सहभागिता किन महत्वपूर्ण हो र त्यस सम्मेनलमा आफूले के-कसरी योगदान दिन सक्छु भन्ने व्याख्या गर्नुपर्ने हुन्छ । अनि आफूले किन खर्च बेहोर्न नसक्ने भन्ने वर्णन गर्नुपर्ने हुन्छ । त्यसरी धेरै ठाउँमा आवेदन स्वीकार भएर म जान पाएको हो । दिनभरि त गर्नुपर्ने काम नै गर्ने हो, कार्यालय

---

२६ सन्दुक

२७ शुभाषिश कामनासाथ अण्डा, माछा, दहीसमेत दिने चलन

समय सकेपछि हो घुम्न पाइने । कामकाजी दायराबाहेकको खर्च भए आफ्नै खल्तीबाट जान्छ ।

१८ वर्षकै उमेरदेखि हो मैले यसरी आवेदन भर्दै देशविदेशको यात्रा गर्न पाएको । एउटा समय थियो जब मैले केही गर्छु होला भन्ने कसैले पत्याएका थिएनन् ।

'यो त अब यस्तो भएछ, यसले के गरी खाला ! यसको जिन्दगी नै बर्बाद भयो ! यस्तो जिन्दगी नि के जिन्दगी !' भन्थे । कसैले त 'अब रत्नपार्कको सडकमा उभिन थाल्छ होला' भन्थे । कसैले 'ओइ तँ अब इन्डिया गएर हाइहाइ भन्दै ताली पिट्दै ट्रेनहरूमा माग्न जान्छस् हो' भनेर सोध्थे ।

तर कसैको पूर्वाग्राही सोचले मेरो सपनाको बाटो हिँड्न मलाई रोक्न सकेन । १६ वर्षदेखि नै मैले सामाजिक कार्य र अधिकारको वकालतका क्षेत्रमा बोल्न र लेख्न सुरू गरेँ । मेरो प्रस्तुति सामाजिक सञ्जालमा बढ्दै गयो । ब्लगहरू पनि लेख्थेँ । त्यसरी सामाजिक सञ्जालमार्फत् मैले सामाजिक क्षेत्रमा कार्यरत धेरै जनालाई चिन्दै गएँ । मलाई मन नपराउनेहरूले मलाई धमाधम अनफ्रेन्ड र ब्लक गर्दै गए भने सामाजिक क्षेत्रमा कार्यरत व्यक्तिहरूले मेरो विचार तथा लेखहरू मनपराएर मलाई फ्रेन्ड रिक्वेस्ट पठाउँदै चिनजान गर्न थाले ।

त्यहाँबाट मैले सामाजिक विषयवस्तुको कार्यक्रम, गोष्ठीहरूमा सहभागी हुने अवसर पनि पाउँदै गएँ । त्यसरी नै मैले एउटा गैर-सरकारी संस्थामा काम गर्ने मौका पाएको थिएँ ।

आजभोलि म यिनै पारलैंगिक व्यक्तिहरूको अधिकारको क्षेत्रमा कार्यरत छु । नेपालभाषामा र नेपालभाषाबारे पनि कलम चलाउँछु । भाषामा मेरो औधी रूचि छ र भाषा सिकाइमा पनि संलग्न छु । म पुस्तकहरू लेख्छु र छाप्छु । खोज, अनुसन्धानहरू गर्छु । अहिले त विभेदकारी कानुनहरूलाई चुनौती दिँदै अदालतमा रिट निवेदनहरू पनि हाल्छु ।

म स्कुल पढ्दै गर्दा मलाई सबैभन्दा मनपर्ने काम आत्मपरक निबन्ध लेख्नु थियो । त्यसमा पनि 'मेरो जीवनको लक्ष्य' भन्ने निबन्ध लेख्न मलाई साह्रै मनपर्ने ! म निकै नै मेहनत गरेर त्यो निबन्ध लेख्थेँ र आज त्यसलाई सम्झिँदा मैले त्यो बेला मेरो जीवनको लक्ष्य भनी कल्पना गरेको अधिकांश काम पूरा गरेको छु र गर्दैछु । म त्यो सबै गर्दैछु जसमा मैले सधैं विश्वास गरेको छु, जुन मैले गर्न इच्छाएको छु ।

मैले आफ्नो कामकार्यले 'उनीहरू' लाई गलत प्रमाणित गरेँ । तर मैले 'उनीहरू'को दुर्वाच्यको ईख राखेर म गरेर देखाउँछु भन्ने भावनाले यो गरेको होइन । मैले त्यही मात्र गरेको हुँ जसमा मलाई रूचि थियो, रूचि छ । म पारलैंगिक महिला भएकै कारण मैले केही गर्न सक्दिनँ वा मेरो जीवन नै बर्बाद भयो भन्ने 'उनीहरू'को त्यो सोचाइ नै गलत थियो, भ्रामक थियो । भ्रम भनेको एक न एक दिन त चिरिन्थ्यो नै ।

मलाई कतिपय व्यक्तिहरूले भन्थे कि तिमीलाई नराम्रो भन्ने मान्छेहरूको वचनको ईख लिएर उनीहरूभन्दा राम्रो गरेर देखाउनू ! तर मलाई यो होडबाजी चाहिएकै छैन । 'उनीहरू'ले मेरो जीवन बारेमा पूर्वाग्रह राख्नु 'उनीहरू'को समस्या हो, मेरो होइन । 'उनीहरू'को कुमतीको सेरोफेरोमा म मेरो जीवनको रेखा कोर्न सक्दिनँ । म 'उनीहरू'लाई गलत प्रमाणित गर्ने प्रतिस्पर्धामा होइन आफ्नो सपना पूरा गर्नमा पसिना बगाउन चाहन्छु ।

मैले यस्तो भन्दै गर्दा घमण्ड गरेको वा धाक लगाएको भान पो आउने हो कि ! तर मलाई के लाग्छ भन्दा त्यस्तो समाज जहाँ मजस्ता महिलाहरूलाई मानिसकै रूपमा गनिँदैन, हाम्रो अस्तित्व नै हुनुहुँदैन भन्ने सोचिन्छ र हाम्रा बारेमा अनेकौं पूर्वाग्रह राखिन्छ, त्यस्तो समाजलाई हामीले गरेको देखाउन पनि पर्छ । अनि पो सायद विस्तारै समाज र त्यसको सोचाइमा परिवर्तन आऊला कि !

मनमा कुरा खेलाउँदा खेलाउँदै एयरपोर्ट आइपुगेछु । ट्याक्सीवालालाई पैसा तिरेपछि आफ्नो लगेज निकालेर ट्रलीमा हाल्छु । खासै मेरो सुटकेसमा केही

हुँदैन, खालीखाली नै हुन्छ । किनभने म फर्किंदा भरिपूर्ण गरेर ल्याउँछु नि त । थाइल्यान्ड जाँदा मेरो सधैं यस्तै हो । सस्तो र राम्रो पाइन्छ भनेर । फेरि मलाई ठिक्क हुने जुत्ताहरू नेपालमा पाउँदै पाउँदैन । बल्ल बैंकक जान पाएर आफ्नो साइजको राम्राराम्रा जुत्ताहरू लगाउन पाएको छु । लुगा पनि थरीथरीको सस्तोसस्तोमा पाइने । म त यसपालि पनि लगेज भरेरै ल्याउने हो !

यो एयरपोर्टको प्रक्रिया पनि फेरि अर्को झन्झट । मेरो लैंगिकता महिला । मेरो कुनै डकुमेन्टमा महिला छ, कुनैमा अन्य भनेर दिइएको छ, कुनैमा तेस्रो भनेर दिइएको छ त कुनैमा पुरुष भनेर । कहिलेकाहीँ साथीसंगीहरूबीच ख्यालठट्टा हुन्छ, 'म त सर्वलिंगी नै हो कि क्या हो । सबै खाले लैंगिकता उल्लेख भएको डकुमेन्टहरू छ ! हाहाहा... ।'

आजभन्दा चार वर्षअगाडि जसरी अरू कोही व्यक्ति प्लस-टु सकाएर ब्याचलर पढ्न जान्थ्यो, मैले पनि आफ्नो सपना साकार गर्न एउटा क्याम्पसमा भाषाविज्ञान पढ्न गएको थिएँ । खासमा त भाषाविज्ञान र नेपालभाषा दुइटा विषयमा मेजर गर्न मन थियो । तर दुबै विषय एउटै समूहमा पर्ने भएकाले एउटै समूहबाट दुइटा विषय पढ्न नमिल्ने ! ल अब भाषाविज्ञान र समाजशास्त्र गर्छु, नेपालभाषामा मास्टर्स छँदै छ नि भनेर सोचेको थिएँ । तर के थाहा मेरो यो सपनामाथि अंकुश लाग्छ भनेर ।

मैले आफ्नो लैंगिकता खुलाएको एसएलसीपछि मात्र हो । त्यही भएर एसएलसीसम्मका प्रमाणपत्रहरू मेरो लैंगिकताअनुसार छैनन् । अर्थात् मलाई शिशु अवस्थामा ठानिएको लैंगिकताअनुसार छन् । प्लस-टुका कागजातहरू आफ्नो लैंगिकताअनुसार नै छन् । यही नमिलेर विश्वविद्यालयले रजिष्ट्रेसन नै दिएन ।

के-के मात्र गरिनँ ! मन्त्रालय, विभाग, प्रभाग, कार्यालय, शाखा, उपशाखा सबै धाएँ । निवेदनमाथि निवेदन, गरिपाऊँमाथि गरिपाऊँ । न त मेरो एसएलसीको प्रमाणपत्रहरू संशोधन हुन्छन् न त बिना संशोधन मेरो रजिष्ट्रेसन । प्रथम

वर्ष त यही ओहोरदोहोर तनावमै परीक्षा पनि दिएँ । दोस्रो वर्षको परीक्षा आयो, तै पनि यो समस्याको अन्त्य भएन । मलाई यतिसम्म तनाव र पीडा भएको थियो कि परीक्षा आवेदन मात्र भरेर होस् गर्दिनँ अब भनेर ड्रप-आउट भएँ ।

यति मात्र होइन, भाषामा रूचि भएकाले भाषा शिक्षणका लागि आवेदन भर्दा पनि सरकारी क्याम्पसहरूमा एसएलसीको कागजात मागिन्छ र त्यहाँ पनि सोही समस्या भोग्नुपर्ने ! प्राइभेटमा पढ्न अलिकति धुकुतिले साथ दिएको थिएन ।

त्यही बेला एम्नेस्टी इन्टरनेसनलले मलाई बेलायतस्थित योर्क विश्वविद्यालयमा फेलोसिप कार्यक्रमका लागि नोमिनेट गऱ्यो । प्रक्रिया पुऱ्याएर म युके पुगेँ । पहिलोपटक आफ्नो घरपरिवारबाट टाढा, आफूले नै सबै हेरेर गर्नुपर्ने अवस्थामा मैले धेरै सीख पाएँ ।

कस्तो अचम्म । त्यहाँ बेलायतमा अध्ययन र विश्वविद्यालय मात्र निःशुल्क होइन खाने, बस्ने, लाउनेसमेत गरी खर्च भत्ता, आवतजावत र यात्रा खर्च लगायत स्वास्थ्य बीमा पनि प्रदान गरी सबै सुविधासम्पन्न अध्यापन कार्यक्रम प्राप्त गर्न सकेँ, तर यहाँ आफ्नै देशमा सशुल्क अध्ययन गर्छु भन्दा पनि पाइएन ।

तैपनि युके हुँदा पनि नेपालको प्रशासनिक झन्झटले पिरोल्न कहाँ छोड्यो र । मेरो शैक्षिक भविष्य के हुने हो ? भाषाविज्ञ बन्ने सपना अधुरो रहने हो कि भनेर पिरोलिरह्यो । योर्क विश्वविद्यालयमा मैले एलएलएमको एउटा कक्षा पनि लिनुपर्थ्यो । त्यहाँबाट मेरो मनमा कानुन पढ्दा कसो होला भन्ने विचार आउन थाल्यो ।

खासमा ६ महिनाको फेलोसिप थियो त्यो । पहिलोपटक घरबाहिर त्यसरी बस्नुपर्दा साह्रै नै ‘होम-सिकनेस’ ले सतायो । मनोपरामर्शदातालाई समेत भेटेँ । केही सीप लागेन र अन्ततः तीनमहिने अवधि मात्र हुने गरी मिलाएँ ।

तीन महिनापछि नयाँ अनुभव बटुलेर नेपाल आएँ । अन्ततः मलाई यही कानुनले पिरोलेको छ, यसैमा विज्ञता हासिल गरेर आफूजस्ता व्यक्तिहरूको हक-अधिकारका लागि लड्छु भन्ने सोचले अर्को विश्वविद्यालयमा बिएएलएलबी पढ्न गएँ । मनमा शान्ति भने थिएन । अब यो अर्को विश्वविद्यालयले पनि मेरो कागजात हेरेर रजिष्ट्रेसन नदिने हो कि ? निश्चित छैन !

मैले कानुन पढ्छु भनेर ठानेको त केही समय मात्र भयो, तर भाषाविज्ञ बन्छु भन्ने सपना त म सात कक्षामा पढ्दादेखिकै थियो । कक्षा सातमा सुजन सर भन्ने एक शिक्षक हामीलाई अंग्रेजी पढाउन आएका थिए । उनी केही महिना मात्र शिक्षक भए र विद्यालय छाडे ।

त्यो छोटो समयमा उनले मलाई निकै प्रभाव पारेका हुन् । उनले कति धेरै भाषा जान्दथे के ! उनको व्यक्तित्वको प्रभावले नै मेरो भाषाप्रतिको रूचि पनि प्रस्फुटन भयो । त्यसैले मलाई भाषाविज्ञान छोड्न पनि मन लागेन । उता कानुन पनि पढ्दै गर्छु र यता भाषाविज्ञान पनि पढ्छु भन्ने निर्णय गरेँ । अब अति नै महत्वाकांक्षी भएको हो कि, थाहा छैन ! जे होस् जीवनमा आफ्नो नामअगाडि डाक्टर झुन्ड्याउने पनि मेरो बाल्यकालदेखिकै सपना हो ।

यस्तो सोच्दासोच्दै चेक-इन-डेस्कमा पालो आएछ । म कर्मचारीलाई मेरो राहदानी दिन्छु ।

ट्वीँट्..., मेरो राहदानी मिसिनमा स्क्यान गरिन्छ ।

भएन !

दुई-तीनचोटि ट्वीँट् ट्वीँट् गर्दा पनि भएन ।

हीही, मैले बुझिसकेँ ।

कर्मचारीले यसो राहदानी हेरे, अनि मलाई हेरे । फेरि कम्प्युटरमा खिटिरपिटर गरेर बोर्डिङ पास निकालिदिए । राहदानीमा अन्य 'ओ' भन्ने लगाइदिएको छ । यहाँ अध्यागमनमा राहदानी 'रिड' हुँदैन । एकचोटि चेक-इन-डेस्कमा

र अर्कोचोटि इमिग्रेसन-डेस्कमा दुई-चारचोटि 'स्वाइप' गर्छन् । अनि यसो राहदानीतर्फ हेर्छन् अनि मलाई नियालेर हेर्छन् ।

कसैले 'म्याम यो ओ भनेको के हो' भन्छन् । कसैले 'तपाईं कस्तो खालको हो खासमा' भन्छन् । फरक-फरक व्यक्तिको फरक-फरक प्रतिक्रिया हुन्छ । तर त्यस्तो कुनै यात्रा नै छैन जसमा मैले आफ्नो लैंगिकताका कारण बाधा-अर्चन खेप्नु नपरेको होस् ।

खुसुरफुसुर गर्छन् । कहिले मलाई सोधपुछ गर्न आउँछन् । कहिले ताढैबाट यस्तो हेर्छन् । कहिले 'एकैछिन कुर्न' भन्छन् र 'अझै ठूलो मान्छेलाई सोध्नुपर्छ' भन्छन् । कहिले 'ल जानुस्' भनेर पठाउँछन् त कहिले एउटा फारम भर्न लगाउँछन् ।

खैर, आज के-के भोग्नुपर्ने होला । जे होस् मलाई यसपालि बैंकक पुग्ने छुट्टै उत्सुकता छ । टिन्डरमा एकजना थाई केटा म्याच भएको थियो । अस्ति ऊ नेपाल हुँदा हामीले भेटेका थियौं । साह्रै क्युट लाग्ने त्यो केटा । ऊ नखोन फतोममा बस्छ, बैंककबाट ट्रेनमा एक घण्टा टाढा । यसपालि उसलाई भेट्दैछु ।

सपना त छन्, सबैका हुन्छन् । कतिलाई ती सपनाहरू पूरा गर्न सबैतिरबाट साथ र सहारा हुन्छ भने कतिलाई चारैतिरबाट बाधा-अर्चन । त्यस्ता बाधा-अर्चनले नरुवाउने पनि होइन, नसताउने पनि होइन, नगिराउने पनि होइन । तर रोएको आँसु पुछेर त्यो आँसुको अठोट लिनु, चोट परेको त्यो पीडालाई साक्षी राखेर निरन्तर अघि बढ्नु, लडेपछि सम्हालिएर धूलो टक्टक्याउँदै म अघि बढ्छु भन्ने दृढता नै मेरो सपना हो ।

# म तिम्रो पनि सपना बाँचिरहेकी छु...

एलिजा ढकाल



चित्र : चाहना शाक्य

मध्यमवर्गीय समाजमा आमा, हजुरआमाहरू गृहिणी भएर रहनुभयो । न उहाँहरू आफ्नो सपनाको लागि बाँच्नुभयो न त आफ्नोबारेमा नै सोच्नुभयो । पुरुषले घरबाहिरको काम गर्ने र महिलाले घरभित्रको काम गर्ने कुराकै निरन्तरतामा मेरी आमा र हजुरआमाको जीवन बित्यो, बित्दैछ ।

यहाँ पुरुषको संसार निकै फराकिलो र महिलाको संसार सीमित छ । परिवारको खुसीका अगाडि आफ्ना सपनाहरू सानो देख्ने, सन्तानका लागि आफ्ना हरेक आवश्यकतासँग सम्झौता गर्दै बाँचेका आमाहरूको समाजमा म पनि बाँचे, बाँचिरहेकी छु ।

मध्यमवर्गीय समाजमा आधारभूत आवश्यकता त पूरा हुन्छन् तर ठूलाठूला सपना देख्न अभावले दिँदैन । तर सपना हुन्, जन्मिन्छन् नै ! पूरा हुन्छन्, हुँदैनन्, त्यो देख्नेको इच्छाशक्ति, मेहनत, परिवारको साथ र वरिपरिको वातावरणले निर्धारण गर्ने कुरा हो ।

म बाँचेको समाजमा प्रायः महिलाहरू खेतीकिसानी गर्छन् । जागिर खाएकाहरू पनि छन् तर कम मात्रै । यहाँ महिलाका लागि इज्जतको जागिर भनेको शिक्षण हो । जति जागिरे छन्, शिक्षण पेसामै छन् । र आमापुस्तामा जति जागिरे छन् उनीहरू ब्राह्मण समुदायका छन् ।

यहाँ आर्थिक जिम्मेवारी पुरुषको काँधमा छ । आर्थिक जिम्मेवारी पुरुषकै हो भन्ने भाष्यले पनि जरा गाडेर बसेको छ । मेरी आमा कहिलेकाहीँ सम्झनुहुन्छ, उहाँको सपना गायिका बन्ने थियो । तर उहाँको बुबाले 'छोरीले गीत गाउनु हुँदैन' भनेर सपना दबाइ दिनुभयो ।

मेरी आमा शिक्षक हुनुहुन्छ । घरको खर्चपर्चमा उहाँले धेरै भरथेग गर्नुभएको छ । तर आज ५० वर्ष कटिसक्दा पनि गीत गाउने आफ्नो सपना पूरा हुन

नपाएको थकथकी उस्तै छ। त्यसैले उहाँ आफ्ना छोरीहरूलाई सपनाको उडान भर्ने ऊर्जा दिइरहनु हुन्छ।

मेरी सानिमाको विवाह हुँदा उहाँले एसएलसी मात्रै पास गर्नुभएको रहेछ। उहाँको पढ्ने चाहना न माइती पक्षले बुझ्यो, न श्रीमान्को परिवारले। उहाँले आफ्नो पढ्ने इच्छा श्रीमान्लाई पनि भन्नुभएको थियो। तर श्रीमान्ले 'मैले कमाइरहेकै छु, तिमीले किन पढ्नुपऱ्यो' भनेका कारणले उहाँ घरगृहस्थीमै सीमित रहनुपऱ्यो।

आज पनि आफूले पढ्न नपाएको दुःख सुनाइरहनु हुन्छ। छोराछोरी इञ्जिनियर भइसके। असल आमा, असल श्रीमती सावित भइसक्नु भएकी मेरी सानिमाको मन आज पनि आफूले चाहेको जीवन बाँच्न नपाएको पीडाले पोलिरहन्छ।

'शिक्षाले आत्मनिर्भर बनाउने मात्रै होइन, आत्मविश्वास पनि बढाउँछ। तर मैले यो अवसर पाइनँ। घरमूली बा हुनुहुन्थ्यो। आमासँग घरको निर्णय लिने अधिकार भएको भए आफूले चाहेको जीवन बाँच्न सक्थेँ कि !' उहाँ अझैसम्म भनिरहनु हुन्छ र आफ्नी छोरीलाई सपनाको जीवन बाँच्न प्रेरित गरिरहनु हुन्छ।

मेरो गाउँमा विवाह गरेर आउनुभएकी हक्की स्वभावकी, आकर्षक व्यक्तित्व भएकी एक जना काकी हुनुहुन्छ। उहाँ सम्भवतः त्यो समाजकी, त्यो समयकी सबैभन्दा शिक्षित नारी हुनुहुन्थ्यो। उहाँका श्रीमान्ले अध्ययनका हिसाबले उहाँलेभन्दा कम पढ्नुभएको छ। तर काकी गृहिणीकै मात्र जीवन बाँचिरहनु भएको छ।

उहाँलाई बाहिर गएर काम गर्न मन थियो। तर उहाँ श्रीमान्को सेवामा व्यस्त रहनुहुन्छ। आर्थिक रूपमा आत्मनिर्भर हुने सपना देख्नुभएकी काकी आज घरगृहस्थीमै 'रमाउनु' भएको छ। संसार नै परिवारमा सीमित भएपछि काकीले सपनाको बाटो बिर्सिसक्नु भयो। मन त भत्भती पोल्दो हो।

आजकल मौखिक रूपमा आफ्नो सपनाको कुरा गर्न पनि छोड्नुभएको छ । उहाँलाई हेर्दा लाग्छ, पितृसत्तात्मक समाज उहाँजस्ता कैयौं महिलाका सपना निलेर बसेको छ । अनि अझै अघाएको छैन । अझै हामी पनि आफ्ना सपनाका लागि लडी नै रहेका छौं ।

मसँगै पढेकी एक जना साथी थिइन् । उनकी आमा शिक्षिका हुनुहुन्थ्यो । घर उहाँकै कमाइले चल्थ्यो । विद्यालयबाट फर्किएपछि उहाँ अरू महिलाले गर्ने घरभित्रको सबै काम पनि गर्नुहुन्थ्यो । उहाँका श्रीमान् न घरबाहिरको काम गर्नुहुन्थ्यो, न त घरभित्रको ।

साथीकी आमाको काँधमा घरको हरेक किसिमको जिम्मेवारी थियो । उहाँ घरको निर्णायक भूमिकामा पनि हुनुहुन्थ्यो । जिम्मेवारीको बोझले थिचिएकै भए पनि उहाँ आफ्नो सपनाको जीवन बाँचिरहनु भएको थियो ।

हाम्रो समाजमा थुप्रै जातजाति बसोबास गर्छन् । सबैका आ-आफ्नै मान्यता, तौरतरिका छन् । म जन्मनुभन्दा पहिलेदेखि छोरीहरू स्कुल जान थालेका थिए । मेरो पालामा त छोरीहरू स्कुल जाने कुरा सामान्य भइसकेको थियो । तर कहाँसम्म पढ्न पाए, खोजे, सके भन्ने कुरा चाहिँ परिस्थितिजन्य छ ।

म स्कुलमा हुँदादेखि नै बाहुनका छोरीहरूले राम्रोसँग पढ्न पाएका थिए । बाँकी अरूको स्कुल पढ्दापढ्दै बिहे हुन्थ्यो ।

मेरा स्कुले केटी साथीहरूको छ-सात कक्षा हुँदादेखि नै विवाह हुन थालेको थियो । एसएलसीसम्म निकै साथीहरू घटे । केही कक्षा १२ सम्म पुगे, एकदमै कम ब्याचलरसम्म र मास्टर्स गर्ने त अहिलेसम्म म मात्रै भएँ ।

यो त सानो उदाहरण मात्रै हो । हाम्रो समाजमा छोरीहरू बिहेपछि पढ्नु पर्दैन भन्ने सोच्छन् । हामी स्कुल पढ्नेताका साथीहरूबीच कहिलेकाहीँ सपनाको कुरा चल्थ्यो । तीमध्ये थोरै मात्रले सपना देखे र जतिले देखे उनीहरू आफ्नो सपना पूरा गरेर आत्मनिर्भर भएर आफ्नो जीवन बाँचेका छन् ।

सानो छँदा हरेक केटाकेटीलाई 'तिमी ठूलो भएर के बन्छौ' भनेर सोधिएजस्तै मलाई पनि सोधियो । मेरो बाल्यावस्था मात्रै नभएर राजनीतिक डुंगामा खुट्टा राख्नुअघिसम्मको एउटा सुन्दर स्मृति के छ भने मैले कहिल्यै छोरा र छोरीबीचको विभेद घरमा र बाहिर पनि अनुभव गर्नुपरेन ।

अरूको घरमा छोरालाई सहुलियत भएका धेरै कामहरू छोरीहरूलाई लगाएको देख्थेँ । मेरा साथीहरू घाँस काट्न जाँदा मलाई मेरो परिवारले खेल्ने, डुल्ने समय दिएको थियो । मेरो समाजले पनि कहिल्यै मलाई छोरी भएकाले फरक व्यवहार गरेन । मैले आफ्नो जीवनकालमा छोराछोरीमा भेदभाव हुन्छ भन्ने थाहा पाएर पनि विभेदको अनुभूति निकैपछि गरेँ ।

जब म राजनीतिमा होमिएँ, मलाई पटकपटक छोरी हुनुको अनुभूति दिलाइयो । मेरो मूल्यांकनको मापदण्ड मेरो लैंगिकता भयो । मैले गर्न सक्ने र नसक्ने कामहरू मलाई नसोधिकनै 'तिमी सक्दिनौ, फलानोले गर्छ' भन्न थालियो । मैले सक्ने, नसक्ने काम मलाईभन्दा बढी अरूलाई नै थाहा हुन थाल्यो । म जिम्मेवारीबाटै बञ्चित हुन थालेँ ।

मैले लगाएका कपडाहरूमा प्रश्न उठाएर 'यो लगाउन हुन्छ, यो लगाउन हुँदैन' भन्न थालियो । राजनीति गर्नेहरू 'फ्रेन्ड्ली' हुनुपर्छ भनिन्छ । तर मेरो फ्रेन्ड्ली स्वभावकै कारण मेरो चरित्रमा प्रश्न उठाएर मेरो मनोबल कमजोर बनाउने प्रयासहरू गरिए । अबेरसम्म बाहिर रहँदा 'केटीहरू त समयमै घर जानुपर्छ' भन्नेजस्ता कुरा गर्ने !

'तिमी त महिला हौ, सजिलो छ नि राजनीति गर्न ! कोटा छँदैछ । गाउँ गएर उपमेयर लड न, महिलालाई अवसर छ' भनेर गिज्याउने, कम आँक्ने भइरहन्छ । म कोटाको सहुलियतका कारण मात्रै राजनीति गर्न सक्छु, नत्र मेरो क्षमताले राजनीति गर्न भ्याउँदैन भन्ने अनुभूति मलाई बारबार गराइन्छ ।

म सानो हुँदा हिन्दी सिनेमा निकै हेर्थें । कार्टुन, बच्चाहरूका लागि बनेका सिरियलहरू हेरेरै हुर्किएँ । यी कुराहरूले मेरो मनमा ठूलो भएर केही राम्रो गर्नुपर्छ, सत्यका लागि, न्यायका लागि लड्नुपर्छ भन्ने भावना जन्माइदियो र

जगाइरह्यो । मेरो स्कुल, गुरुहरू र मेरो परिवारले पनि मलाई सपना देख्न निरन्तर प्रोत्साहन गरिरह्यो ।

म वकिल बन्छु र गलत गर्नेलाई कानुनको दायरामा ल्याउँछु, पीडितलाई न्याय दिलाउँछु भन्ने सोच्थेँ । ब्याचलर गर्ने बेलासम्म पनि ममा कानुन पढ्ने भूत सवार थियो । एसएलसीलगत्तै मैले रेडियोमा काम गरेँ । सञ्चार क्षेत्र पनि मेरो लागि परिचित बन्यो ।

मेराअगाडि दुइटा विकल्प थिए, कानुन पढेर कानुनी पेसा गर्ने वा सञ्चार जगतमै रहने !

जब म कक्षा १२ सकेर कानुन पढ्न काठमाडौं आए, प्रवेश परीक्षाको समय गुज्रिएकाले रत्नराज्य लक्ष्मी क्याम्पसमा भर्ना भएँ । तत्पश्चात् मेरा पाइलाहरूले अर्कै गन्तव्य समाते । मैले ल क्याम्पसतिरको बाटो नै बिर्सिएँ । आरआरको राजनीतिक माहोल, विद्यार्थीजस्ता नदेखिने विद्यार्थी नेता, त्यहाँको बेथिति देख्दा मेरो मनमा राजनीति बुझ्ने भावना पलायो ।

मेरो बाबा नेपाली कांग्रेसको राजनीतिमा हुनुहुन्थ्यो । घरमा पनि राजनीतिक वातावरणमा हुर्किएकाले होला मसँग राजनीतिक दलसँग सम्बन्धित सामान्य जानकारी हुनु स्वाभाविक थियो ।

परिवारको राजनैतिक आस्था मात्रैले नभएर बाबाले पढ्ने किताबहरूको भिडमा भेटेर लुकेरै पढेको बिपी कोइरालाको आत्मवृत्तान्तले मलाई कांग्रेस बनाइसकेको थियो । त्यसैले पनि राजनीतिक माहोलका बीचमा म नेविसंघमा सक्रिय भएँ । जति घुलमिल हुँदै गएँ, जति बुझ्दै गएँ, राजनीति निकै घिनलाग्दो भएको अनुभूति हुँदै गयो । राजनीति न सहज थियो न त आकर्षक ।

राजनीति खराब, कपटी, स्वार्थी मान्छेले गर्ने हो भन्ने आम बुझाइ, राजनीति फोहोरी खेल हो भनेर स्थापित भएको भाष्य र राजनीतिमा युवा अनुहार नदेखिनुले राजनीतिलाई आकर्षक बन्न दिएको थिएन । सहज यस अर्थमा थिएन कि महिलाहरूलाई हरेक ठाउँमा जस्तै राजनीतिमा पनि लैंगिक दृष्टिले

हेरिन्छ । गहिरिएर हेऱ्यौं भने महिलाहरूलाई हामी राजनीतिमा कामचलाउ भूमिकामा पाउँछौं । यसो हेर्दा लाग्छ, राजनीतिमा महिला केवल अंक मात्रै हुन् । संविधानले सुनिश्चित गरेको ३३ प्रतिशत महिला सहभागिताको अंक ।

राजनीतिमा देखिएको यही चरम विकर्षण नै मेरा लागि आकर्षणको कारण बन्न पुग्यो । मलाई लाग्यो संविधानले सुनिश्चित गरेको ३३ प्रतिशत कम्तीमा हो, बढीमा त जति पनि पुऱ्याउन सकिन्छ । मैले ३३ प्रतिशतलाई ३३.१ पो बनाउन सक्छु कि !

मलाई सामाजिक सञ्जालमा नेतालाई गाली गरेर मात्रै बस्नु थिएन । आफ्नो भागको आफूले अनुभूति गरेको जिम्मेवारी पूरा गर्नु थियो । असल मान्छेले राजनीति गरे देशले सुन्दर बिहानी देख्न पाउँछ । राजनीति असल मान्छेले गर्ने हो भन्ने भाष्य स्थापित गर्नु, महिला भनेको क्षमता हो केवल लिंग मात्रै होइन, महिलाले कसैले मौका दिएर होइन आफ्नो क्षमताले आफ्नो लागि आफैं बाटो बनाएर नेतृत्व लिन सक्छन्, जिम्मेवारी पूरा गर्न सक्छन् भनेर प्रमाणित गर्ने मौकाको रूपमा मैले राजनीतिमा आकर्षण देखेँ । फोहोर राजनीतिलाई सफा गर्ने अवसरको रूपमा मैले राजनीतिको विकर्षणलाई आकर्षण बदल्ने सम्भावना देखेँ ।

राजनीतिमै लाग्छु भनेर सोच्नुका पछाडि एउटा अर्को पनि कारण छ, त्यो हो मेरो बाबाको सपना । मेरो बाबाले बीचमा राजनीति छाडेर जागिर खानुभएको सम्झिँदा बाबाले पूरा गर्न नसकेका सपनाहरूको बोझले मलाई बेलाबेलामा थिचिरहन्थ्यो । सायद राजनीतिमा मलाई यो कुराले पनि तानेको हुन सक्छ ।

सत्यको बाटो निकै कठिन हुन्छ, मलाई मेरो जीवनमा सजिलै केही कुरा चाहिएको छैन । त्यसैले पनि मेरो प्रतिबद्धता झन् प्रगाढ हुँदै गयो । विद्यार्थी राजनीतिले बाटो बिराएको देख्दा कसै न कसैले त सही बाटो देखाउनै पर्छ भन्ने अनुभूति हुन थाल्यो ।

राजनीतिमा मौलाएको, फैलिएको खराब प्रवृत्ति, खराब नियत देख्दा कसै न कसैले थितिको लडाइँ लड्नै पर्छ भन्ने अनुभूतिकै कारण 'मैले विद्यार्थीको नेता विद्यार्थी नै हुनुपर्छ' भन्ने नारा लिएर नेविसंघमा केन्द्रीय सदस्यको चुनाव लडेँ। जितेँ। मैले यो जितबाट दुइटा कुरा सिकेँ। पहिलो, कोशिस गर्नेहरू कहिल्यै एक्लै हुँदैनन्। दोस्रो, इच्छाशक्ति सँगै समर्पणको भावना भएदेखि सामान्य मान्छेका लागि पनि राजनीति सम्भव हुन्छ।

समयसँगै म मेरो सपनाप्रति निकै गम्भीर हुन थालेँ। घोत्लिन थालेँ। राजनीति बुझ्दै जाँदा मेरा सपनाहरूले झन् आकार लिँदै जान थाले। अनि मैले आफैंलाई आफ्नो सपनाप्रति इमानदार हुने वचन दिएँ। आफ्नो देश र इतिहास पढ्दै गर्दा मेरो राजनीतिक आदर्श बिपी कोइराला बन्न पुग्नुभयो। बिपीको संघर्षशील जीवन मेरा लागि प्रेरणा बन्न पुग्यो।

इतिहासले नेपाली राजनीतिमा पाएका महिलाहरूमध्ये सबैभन्दा अब्बल लागेकी शैलजा आचार्य र उहाँको साहस सम्झिँदा, उहाँको र उहाँअघिको पुस्ताको राजनीतिक लगानी र संघर्षले नै मलाई यही बाटो हिँड्न प्रेरित गरिरह्यो।

मलाई लाग्छ लोकतन्त्र भनेको अनुशासनसहितको स्वतन्त्रता हो। त्यसैले मैले अनुशासित भएर, इमानदार रहेर आफ्नो सपनाको बाटो हिँड्न थालेँ। र हिँडिरहदा परिवर्तनको आवाज बोल्ने प्रेरणा मेरा अग्रज, साथीहरू र भाइबहिनीहरूबाट मिलिरह्यो। मेरो परिवारमा सामाजिक, राजनीतिक, आर्थिक सबैखाले बहस हुन्छन्। परिवार शिक्षित भएर पनि होला, मैले सधैं त्यहीअनुसारको सहयोग पनि पाएँ। मेरो परिवारले मेरो सपनाप्रतिको मेरो दृढता बुझेर नै मलाई मलाई आर्थिक, नैतिक सबैखाले साथ, सहयोग दिइरह्यो। बाटो अलि सहज बन्यो।

उमेर भइसक्दा र मेरा सबै साथीहरूले विवाह गरिसक्दा मेरो घरमा पनि विवाहको प्रसंग उठ्छ तर जोर-जबरजस्ती कहिल्यै भएन। म मेरो परिवारमा खुलेर आफ्नो कुरा राख्न सक्छु। पारिवारिक निर्णयहरू गर्न सक्छु। आफ्नो व्यक्तिगत निर्णयमा म स्वतन्त्र छु। मेरो परिवार र वरपरका प्रायः सबैलाई मेरो

सपना र मेरो क्षमतामाथि विश्वास भएको पाउँछु किनभने मैले त्यहीअनुसारको साथ, सहयोगको अनुभूति सधैं गरिराखेकी छु ।

राजनीतिमा आवद्धता बढेसँगै चुनौतीहरू पनि बढ्दै गए । मैले मेरो परिवार, समाजले छोरी भएको अनुभूति नगराएको उल्लेख गरेकी थिएँ, तर राजनीतिले मेरो यो भ्रम चिरिदियो । राजनीति आफैंमा जटिल छ, त्यसमाथि महिलाहरूका निम्ति त झन् निकै ठूलो चुनौती र कठिनाइहरू सामना गर्नुपर्ने वातावरण रहेछ ।

मैले महिलाहरूलाई लिंगका आधारमा अवमूल्यन गरेका कयौं उदाहरण पाएँ जसले महिलाको बलियो आत्मविश्वास पनि डग्मगाउन सक्छ । महिलालाई क्षमताभन्दा पनि लैंगिक दृष्टिले हेर्नु निकै पीडादायी लाग्छ । जब कतै खोट लगाउने ठाउँ भेटिँदैन, त्यस्तो अवस्थामा सानो देखाउन, हेप्न, मनोबल गिराउन र आफू सही सावित हुन महिलाको चरित्रमा उठ्ने प्रश्नले झन् महिलाहरूलाई राजनीतिमा टिक्न गाह्रो हुने कुरा मैले प्रत्यक्ष अनुभव गरेँ ।

तर मेरो सपनासँग भाग्ने सहुलियत मैले आफूलाई दिएकी थिइनँ । मेरा सपना अलपत्र परून्, अहँ मलाई मन्जुर थिएन । आफ्ना नेताहरू छातीमा गोली थापेर, अनेक यातना सहेर पनि परिवर्तनका खातिर लडेको इतिहासले मलाई सानातिना समस्यामा खुट्टा नडग्मगाउन हौस्याइरह्यो, अघि बढ्ने प्रेरणा दिइरह्यो ।

मलाई चुनौतीसँग डराएर भगौडा हुन पनि मन्जुर थिएन । त्यसैले मैले आफूलाई सम्झाएँ, सम्झाइरहन्छु । तर कहिलेकाहीँ सोच्छु, यसरी आफूलाई सम्झाउन नसकेर कैयौं महिला नेताहरू सपनाको बाटोबाट फनक्कै अन्तै मोडिए होलान् । मन चसक्क हुन्छ ।

मेरा अग्रज दिदीहरूले लडिदिएकाले मेरो पुस्ताका लागि लडाइँ पहिलाभन्दा केही सहज भयो । मैले लडेँ भने आउने पुस्ताका निम्ति थप सहज हुन्छ । जे

फोहोर छ, त्यसलाई सफा गर्नु छ । आउने पुस्ताका निम्ति सुन्दर देश, सहज वातावरण हस्तान्तरण गर्नु छ । त्यसैले पनि आइलाग्ने चुनौतीसँग लड्ने बल प्राप्त हुन्छ ।

मलाई आफूलाई प्रमाणित गर्ने चुनौती थियो । मैले तुलनात्मक रूपमा अरूभन्दा सानो उमेरका बाबजुद नेविसंघ केन्द्रीय सदस्य भएर आफूलाई प्रमाणित गरेँ । त्यो मेरो सपनातर्फ उक्लिने पहिलो खुड्किलो थियो । म जहाँ छु, त्यहाँ पुग्ने सपना मेरो संगठनमा हरकोहीले देख्छन् । एक किसिमले आफ्नो सपनाको मार्गमा हिँड्दै गर्दा पनि म कसैको सपनाको जीवन बाँचिरहेकी छु जस्तो लाग्छ र यसलाई म उपलब्धिका रूपमा लिन्छु ।

मेरी आमा जसका लागि स्टेजमा गएर समाजले लगाइदिएका पावन्दी तोडेर गीत गाउनु असम्भव भयो, आज उहाँकी छोरी स्टेजमा गएर निर्धक्क भाषण गर्छे । कहिलेकसो रेडियोमा सुनिन्छे, टेलिभिजनमा देखिन्छे । आफ्नो सुमधुर स्वर सबैले सुनून् भन्ने चाहना राख्ने मेरी आमा आज गाउँमा ‘तिम्री छोरी कति मीठो बोलेकी’ भनेर प्रशंसा गरेको सुन्दा मख्ख परेर नाक फुलाउनुहुन्छ । उहाँ मलाई त्यही ठाउँमा देख्नुहुन्छ, जहाँ आफू हुन चाहनुहुन्थ्यो र ममा आफ्नो सपनाको जीवन बाँच्नुहुन्छ । मेरो पुस्ताका थुप्रै आमाहरू आफ्ना छोरीहरूकै सपनामा आफ्नो सपनाको जीवन बाँचिरहेका छन् ।

मेरो बाबा राजनीतिमा निकै अघि जाने सपना देख्नुहुन्थ्यो । आज त्यही बाटोमा आफ्नी छोरीले कर्म गरेको देख्नुहुन्छ । उहाँलाई विश्वास छ, जहाँसम्म उहाँ पुग्न सक्नुभएको थिएन उहाँकी छोरी पुग्नेछ । मेरो बाबाको आँखामा आफ्नो लागि अपार भरोसा देख्दा लाग्छ, म उहाँकै सपनाको जीवन बाँचिरहेकी छु ।

स्कुल सकेर क्याम्पस जान नपाएका मेरा साथीहरू मैले विश्वविद्यालय शिक्षा पूरा गरेँ भनेको सुन्दा ‘हामीले त पढ्न पाइएन, तँ पढ्न पाइस्’ भनेर खुसी हुन्छन्, गर्व गर्छन् । लाग्छ, म उनीहरूकै सपनाको जीवन पनि बाँचिरहेकी छु ।

इच्छा भएर पनि पढ्न नपाएका मेरा विवाहित साथीहरू मैले समाजको 'समयमै विवाह गर्नुपर्ने' दबाबलाई बेवास्ता गर्दै राजनीतिमा होमिएको देखेर र आफ्नो वर्तमान सम्झिएर दुखी हुन्छन् । मलाई त्यो बेलामा पनि आफू उनीहरूको सपनाको जीवन बाँचिरहेको छु जस्तो लाग्छ ।

राजनीतिक कार्यक्रममा चिनेका, भेटिएका दिदीहरू, साथीहरू जो विविध कारणले राजनीतिबाट बाहिरिए, सम्भव भएन होला तर उनीहरू मैले बाँचेकै जीवन बाँच्न चाहन्थे । मलाई बीचमै राजनीति छाडेका कयौंको जिन्दगी पनि मैले बाँचिरहेकी छु जस्तो लाग्छ ।

मेरा बहिनीहरू जो मलाई 'दिदी हामी तपाईंजस्तो बन्ने कहिले होला ?' भनेर प्रश्न गर्छन्, तब मलाई मैले उनीहरूको सपनाको जीवन बाँचिरहेकी छु भन्ने अनुभूति हुन्छ ।

पहिलो सन्तानका रूपमा छोरी जन्मिएपछि एक जना परिचित दाजु मलाई टेलिफोन गरेर खुसी साट्दै भन्नुहुन्छ, 'मलाई मेरो छोरी तिमीजस्तै बनाउनु छ । उसको नामाकरण पनि तिमी नै गरिदेऊ ।'

म आफूमा उहाँकी सानी छोरीको भविष्य पाउँछु र म मेरो आजमा उसैको भोलि बाँचिरहेकी छु जस्तो लाग्छ ।

स्कुल जाने अवसर समेत नपाएका दिदीबहिनीहरूलाई सम्झिँदा, मेरो गाउँका आमा, ठूली आमा, भाउजूहरू सम्झिँदा, जातीय, वर्गीय र लैंगिक विभेदको पिँधमा भएका महिलालाई सम्झिँदा मलाई मैले उनीहरूको सपनाको जीवन बाँचेको जस्तो लाग्दैन । उनीहरूले सोच्नै नसकेको, कल्पनै नगरेको स्वतन्त्रतासहितको, आफ्नो इच्छाको जीवन बाँचेको जस्तो लाग्छ । तर मैले मेरो यो जीवनमा उनीहरूलाई पनि समानता र आत्मसम्मानको जीवनको उज्यालोमा ल्याउने गरी काम गर्नु छ ।

सुरूमा मेरो सपनाको वजन यति गह्रौं थिएन जति आज छ । न त त्यो सपनामा कुनै जिम्मेवारी थियो । न त्यो बेला चुनौतीको कुनै आभास थियो ।

सबैले देख्ने सपनाहरूको भिडमा मैले पनि केही थान सपनाहरू देखें । सपना देख्नु मात्रै र त्यसको आगामी बाटो तय गर्नु र त्यसलाई पूरा गर्न तयार हुनुमा निकै फरक हुँदो रहेछ ।

म सानैदेखि देशका लागि केही गर्नुपर्छ भन्ने 'स्कुलिङ' र राजनीतिक वातावरणमा हुर्किएकाले होला, मैले देशको फोहोर राजनीतिलाई सफा बनाउनेतर्फको यात्रा तय गरें । जब सपना साकार गर्ने बाटो हिँड्न सुरू गरें, बाटो पहिल्याउने सिलसिलामा धेरै कुरा सिकें । कहिले लडें तर फेरि उठें ।

राजनीति त्यसै पनि जटिल छ । त्यसमाथी महिलाका लागि त झन् यहाँ चुनौतीका पहाड ठड्याइएका छन् । दाइहरू त बिन्दास भएर, खुलेर, समय दिएर राजनीति गर्नुहुन्छ । तर राजनीति गर्ने महिलाले आम महिलाले झैं घरभित्र गृहिणीको जीवन बाँच्दै राजनीति गरेको मैले देखेकी छु। घर सम्हाल्दै, आर्थिक पाटोमा सबल बन्दै राजनीतिमा पनि होमिनु महिलाका निम्ति निकै कठिन छ ।

महिलाहरूलाई पुरुषले झैं टिकट पाएर पनि पैसाको खोला बगाएर चुनाव लड्न त त्यस्तै हो, पैसाकै कारण टिकट नदिने परिपाटी अझै अन्त्य भएको छैन । महिलाहरू इमानदार भएर आफ्नो जिम्मेवारी पूरा गर्न चाहन्छन् । तर अरूबेला लैंगिक हिसाबले हेरिने गरेका महिलाहरू चुनावका बेला आर्थिक कमजोरीको दृष्टिले पनि हेरिन्छन् । पुरुषले झैं पार्टीलाई समय दिन नसकेको आरोप पनि महिलाकै भागमा पर्छ । नेता भन्नेबित्तिकै आम मान्छेको आँखामा पुरुष अनुहार आउँछ, महिला अनुहार आउँदैन । कार्यकर्ताका निम्ति रातभर पार्टी गराइदिने दाइहरू घर सम्हालेर पनि राजनीतिक मैदानमा होमिएका दिदीहरूभन्दा निकै प्रिय हुन्छन् । पार्टीभित्र नेतृत्वको चर्चा हुँदा महिलाको नाम बहसमा समेत नआउनुजस्ता कयौं कारणहरू महिलाका अगाडि चुनौतीका रूपमा ठडिएका छन् ।

तिनै चुनौतीका पहाड चिर्दै, चुनौतीलाई अवसरमा परिणत गर्दै राजनीति गर्नु छ । मान्छेमा समेत गन्ती नभएको समय भोग्दै हाम्रा आमाहरू, दिदीहरूले

महिलाको अधिकारको लडाइँ लड्दै यहाँसम्म पुऱ्याएर आज मेरो पुस्तालाई हस्तान्तरण गर्नुभएको छ । जे उहाँहरूले भोग्नुभयो, त्यो हामीले भोगेनौं । जे हामीले भोग्यौं, त्यो हाम्रा बहिनी, छोरीहरूले भोग्नु नपरोस् ।

हाम्रो देश महिलाहरूले समानता, समताको मात्रै नभएर अस्तित्वकै लडाइँ लडिरहेको अवस्थामा छ । यस्तोमा महिलाले सपना देख्नु अत्यन्तै आवश्यक छ । पितृसत्तात्मक समाजमा अरू अनुकूल बाँचेकाहरूलाई सपनाले आफू अनुकूल जीवन बाँच्न प्रेरित गर्छ । सधैं अरूका लागि बाँचेकाहरू आफ्नो लागि बाँच्न सक्छन् । परिवर्तनको आवाज बन्न सक्छन् । र त्यही सपनामार्फत् आफूले चाहेजस्तै समाज निर्माण गर्न सक्छन् । सपनाबिहीन जीवन जन्मिएपछि बाँच्नका लागि संघर्ष मात्रै हो । तर सपनासहितको जीवन जन्मको सार्थकता हो । अर्थपूर्ण जीवन बाँचेको प्रमाण हो । सबै महिला अर्थपूर्ण जीवन बाँचून् ।

मलाई महिलाहरूका लागि समतामूलक, समानतामूलक समाज चाहिएको छ । आज मेरा सपनाहरू नै मेरो बाँच्ने आधार बनेका छन् । जीवन जिउनुको कारण बनेका छन् । त्यसैले पनि हिँड्ने बाटो पहिल्याउँदै छु । यहींसम्म पुग्छु भन्न सक्दिनँ । एकैछिन थकाइ मार्न चौतारीमा अडिने सहुलियत त छ तर मलाई रोकिने छुट छैन । मलाई नेतृत्वमा मात्रै होइन निर्णायक तहमा पुग्नु छ ।

म समाजले उच्च मानेको ब्राह्मण जातमा जन्मिएकी केटी । मैले आफूले यतिसम्म सपना देख्न सकिरहँदा म जन्मिएको जातले पनि मलाई निकै सहुलियत दिएको अनुभूति गर्छु । मैले भोग्ने विभेद भनेको लैंगिक विभेद मात्रै हो । जब म मेरो देशका मुसहर महिलालाई सम्झिन्छु तब म उनीहरूले लिंगको आधारमा, जातको, धर्मको, भूगोलको, भाषाको, रंगको आधारमा भोगेको विभेद सम्झिन्छु । अनि म उनीहरूलाई आफूसँग तुलना गर्छु ।

के मुसहर समुदायमा जन्मिएको भए पनि म यसरी नै सपनाको उडान भरिरहेकी हुन्थेँ होला ?

मेरो देशका सिमान्तकृत, दलित, मुसहर महिला जसलाई आफू अन्यायमा परेको छु भन्ने थाहा छैन । समाज कसले चलाउँछ भन्ने समेत थाहा छैन । मलाई उनीहरूको हेरी आफ्नो जीवन सम्झिँदा निकै सहज जीवन बाँचिरहेकी छु भन्ने अनुभूति हुन्छ । उनीहरूको दैनिकीको अगाडि मलाई मैले मेरो सपनाको निम्ति गरेको संघर्ष, भोगेको चुनौती पनि सानो लाग्छ । मलाई उनीहरूका आँखाबाट पनि सपना देख्नु छ ।

एउटा व्यक्तिको नजरले हेर्दा उसको सपना केवल उसको व्यक्तिगत सपना हो । तर नेताको आँखाले हेर्दा मैले देखेको सपना ती तमाम आँखाहरूको सपना हो जो सपना देखेर पूरा गर्न सक्दैनन् र तिनीहरूको पनि हो जसलाई सपना के हो भन्नेसमेत थाहा छैन । एउटा नेताको रूपमा मैले देखेको सपनाको आँखाले केवल मैले टेकेको धर्ती, मैले ओढेको आकाश मात्रै हेर्दैन । मेरो लक्ष्यसम्म पुग्ने बाटो नेपालका तमाम आम महिलाको जीवन हुँदै गुज्रिन्छ ।

जहाँसम्म पुग्ने सपना मैले देखेकी छु, त्यो बाटो निकै लामो छ । त्यहाँसम्म पुग्नका निम्ति लगन, इच्छाशक्ति, मेहनत र समयसँगै हिँड्न सक्ने धैर्य चाहिन्छ । म निखारिँदै, तिखारिँदै अगाडि बढ्दै जाने कुरामा प्रतिबद्ध छु ।

मेरो सपना यो पनि छ कि म जुन बाटो हिँडिरहेकी छु त्यो बाटो हिँड्दाहिँड्दै जब कपाल फुल्छ, ढाड कुप्रिन्छ, छाला चाउरिन्छ, त्यो बेला आफ्नो विगत फर्केर हेर्दा मैले केही गरेँ भन्ने अनुभूतिसँगै आनन्दले निदाउन सकूँ । त्यतिखेर यो देशका लाखौं बालिका, किशोरी र महिलाहरू भने सपना देखिरहेका होऊन् । बस्, यति भए पुग्छ ।

# हिजाबको उडान

समन इक्वाल सिद्दिकी



चित्र : रोजिना शाक्य

म जीवनमा दुई जोधाहा महिलाको ममतामा हुर्किन पाएँ । ती दुई महिलाले आफूसँगै अरू थुप्रै महिलालाई बाहिरको संसार देखाए । सँगै हिँडाए । महिलाका हकका लागि लडे । मलाई सधैं केही गर्नका लागि प्रेरित गरिरहे ।

दुबै विवाहपछि घरको घेराबाट बाहिर निस्केका थिए । त्यसैले पनि होला, मैले सानैदेखि घरको घेरामा बाँधिनु परेन । यो त्यही घेराबाहिरको मेरो सपनाको छलाङको कथा हो ।

मेरो नाम समन इक्वाल सिद्दिकी हो । म २६ वर्षकी भएँ । म एक अन्तर्राष्ट्रिय ब्याडमिन्टन अम्पायर हुँ । मैले स्नातकोत्तर तहको पढाइ पूरा गरेकी छु । म नेपालगञ्जको एक मुस्लिम परिवारमा जन्मिएकी हुँ ।

मेरी आमा मैमुना सिद्दिकी 'फातिमा फाउण्डेसन' की अध्यक्ष हुनुहुन्छ । बुबा इक्वाल अहमद सिद्दिकी व्यवसाय गर्नुहुन्छ । मेरी ठूली दिदी सदफ इक्वाल र मेरो सानो भाइ शैहवाज सिद्दिकी हुन् । एक जना काका र उनीहरूका चार सन्तानसहितको हामी संयुक्त परिवारमा बस्छौं । मेरा हजुरबुबा र हजुरआमाको निधन भइसक्यो ।

सानोमा म एकदमै टाठी थिएँ । पढ्ने, लेख्ने, खेल्ने, सिक्ने र घुमघाम सबैमा मन लगाउँथेँ । म मान्छेहरूसँग छिट्टै प्रभावित हुन्थेँ र उनीहरूबाट नयाँ कुरा सिक्ने कोशिस गर्थें । सानोमा मसँग विशेष केही सपना थिएन । मनमा धेरै कुरा आइरहन्थ्यो ।

जस्तो, कहिले म शिक्षक बन्ने सोच्थेँ त कहिले डाक्टर बन्ने । तर धेरै मान्छेले माया र प्रशंसा गर्ने गरी सफल होऊँला भनेर मैले कहिल्यै सोचेकी थिइनँ ।

बैंकर र अम्पायर एकैचोटि होऊँला भनेर त मैले चिताएकै थिइनँ । भाग्यको कुरा होला !

तर फेरि भाग्य छ भन्दैमा हात बाँधेर बसेर त आफ्नो सपना कहाँ पूरा गर्न सकिन्छ र ! कडा मेहनत र आफूमा विश्वास गर्न सकियो भने यो संसारमा

असम्भव भन्ने केही छैन ।

मैले सुरूमै उल्लेख गरेका दुई महिला नै मेरो जीवनका आदर्श हुन् । मेरी आमा र मेरी खालामम्मी (ठूली आमा) मोहम्मदी सिद्दिकी ।

मेरी खालामम्मी फातिमा फाउण्डेसनकी संस्थापक र नेपाली कांग्रेसका तर्फबाट सभासद पनि हुनुहुन्थ्यो । उहाँ ३२ वर्षकै उमेरमा विधवा हुनुभयो । त्यसपछि उहाँले जीवनमा धेरै कठिनाइको सामना गर्नुपर्‍यो । गरिब परिवारमा एक महिलाका लागि तीन स-साना बच्चाबच्चीको देखभाल गर्न सहज हुँदैन । तर उहाँले कहिल्यै हार मान्नु भएन । आफ्ना छोराछोरीलाई पढाउनुभयो । आज उहाँका छोराछोरी सफल जीवन बाँचिरहेका छन् ।

उहाँलाई पतिको मृत्युपछि घरबाट निकाल्न खोजेका थिए । माइतमै फर्किन धेरै दबाब पनि दिए । तर उहाँ मान्नुभएन । उहाँले आफ्ना श्रीमान्ले झैं राजनीति गर्ने विचार गर्नुभयो र वडा अध्यक्षका लागि चुनाव लड्नुभयो । क्षमतावान् र इमानदार भएका कारण उहाँले जित्नुभयो ।

यसपछि उहाँको राजनीतिक र सामाजिक जीवन सुरू भयो । उहाँले फातिमा फाउण्डेसनको स्थापना गर्नुभयो । यस संस्थामार्फत् उहाँले थुप्रै मुस्लिम महिलाका लागि सीप सिक्ने अवसरको ढोका खोलिदिनु भयो । पछि उहाँ संविधानसभाको सभासद पनि हुनुभयो ।

उहाँले नै बिस्तारै मेरी आमालाई पनि घरको घेराबाट बाहिर निकाल्नुभयो । मेरी आमाले पहिला सिलाइ-बुनाइको प्रशिक्षक भएर काम गर्नुभयो । बिस्तारै फाउण्डेसनको काममा संलग्न हुँदै जानुभयो । मेरी आमा अहिले साथी तथा सहकर्मीहरूसँग मिलेर फाउण्डेसन चलाउनुहुन्छ ।

उहाँहरू दुबैले मान्छेहरूबाट धेरै माया र आदर पाउनुभयो । महिला अधिकारका लागि निरन्तर लड्नुभयो । महिला अधिकारका विरोधीका विरूद्ध मिलेर लड्नुभयो ।

तर अफसोच ! खालामम्मी कोरोनासँग पराजित हुनुभयो । उहाँ कोभिडका कारण गत वैशाखमा बित्नुभयो । उहाँको असामयिक मृत्युले हामीलाई निकै

दुखी बनाएको छ । उहाँले मलाई जिन्दगीका खास कुराहरू सिकाउनुभएको छ । उहाँ मैले 'कानुन पढूँ' भन्ने चाहनुहुन्थ्यो । त्यसैले मेरो सपना वकिल बन्ने थियो ।

म र मेरी दिदीले भर्नाको लागि फारम पनि भरेका थियौं । शैक्षिक प्रमाणपत्रमा भएको प्राविधिक कमजोरीले मेरो भर्ना हुन सकेन । दिदीले भने पढ्नुभयो र अहिले पढाइ पनि सकिसक्नु भयो । हामीमध्ये एक खालामम्मीले देखेको सपनाको बाटोमा छौं भन्दा खुसी लाग्छ ।

मेरो जीवनको पहिलो चुनौती नै मेरो जन्म हो ।

म परिवारकी दोस्रो छोरी थिएँ । हुन त मेरो परिवारले मलाई प्रेमका साथ स्वीकार्‍यो । तर छोरा भएको भए जाती हुन्थ्यो भन्ने नलागेको होइन । आखिर छोरीभन्दा छोराले बढी महत्व पाउँछन् । यो मुस्लिम परिवारको कुरा मात्र होइन, नेपाली समाजका हरेक समुदायमा यस्तै मान्यता राखिन्छ ।

धन्न मैले मलाई माया गर्ने आमाबुबा पाएँ । स्कुल जान पाएँ । चाहेका कुरा गर्न मलाई कुनै रोकतोक थिएन । त्यसैले पनि होला, म सानैदेखि मानसिक रूपमा सशक्त थिएँ । एसएलसी सकिएपछि मैले शिक्षकका रूपमा काम गर्दै परिवारलाई आर्थिक रूपमा मद्दत गर्न थालेँ । हरेक क्षेत्रका अनुभव सँगाल्न सकियोस् भनेर मैले धेरै क्षेत्रमा काम गरेकी छु ।

विभिन्न क्षेत्रमा काम गर्दा आफ्ना साथी तथा सहकर्मीसँग म आफ्ना सपना र चाहनाहरूको कुरा गर्थें । उनीहरूका कुरा पनि सुन्थेँ । हामी भविष्यका योजनाहरू बनाउँथ्यौं । सपनाको उडान भर्ने कुरा गर्थ्यौं । ती योजनाहरू बनाइरहँदा, सपनाका कुरा गरिरहँदा हाम्रा आँखाहरूको चहक बेग्लै हुन्थ्यो ।

तर सोचेजस्तो सजिलो कहाँ हुन्छ ! मलाई आफ्ना ती साथीहरू सम्झेर दुःख लाग्छ जसका सपनाहरू पूरा भएनन् । छुटेर गए । अनि ती साथीहरू जसले सोचेको गर्न सके, सफलताको उकालो लागे, तिनलाई सम्झेर मलाई खुसी पनि लाग्छ । अझ कतिले त आफ्नो सपनाको आकार बढाएर विदेश पनि पढ्न गए ।

सन् २०१९ को मार्चमा मेरो विवाह भयो । मेरा जीवनसाथी परवेज अन्सारी चार्टर्ड एकाउन्टेन्ट हुन् । उनी नवलपरासीका हुन् । मेरो मागी विवाह हो तर मैले एकदमै सहयोगी जीवनसाथी पाएकी छु । उनी मलाई सधैं साथ दिन्छन् । बुज्भ्रुकी पनि छन् । हामी दुबै काठमाडौंमा बस्छौं र एउटै क्षेत्रमा काम गर्छौं । उनी प्रभु बैंकमा काम गर्छन् । म सन् २०१५ देखि हिमालयन बैंकमा काम गरिरहेकी छु ।

बैंकमा काम गर्नु मेरो सपना होइन । परिस्थितिबस् म यो क्षेत्रमा आइपुगें । हिमालयन बैंकमा आउँदा म सानै नै थिएँ । त्यो बेला मैले धेरै केही सोचिनँ । परिवारलाई आर्थिक रूपमा सघाउनु नै मेरो सपना थियो । यो जागिरले मलाई कलेजको शुल्क तिर्न पनि पुग्थ्यो । म परिवारलाई मेरो पढाइको भार पार्न चाहन्नथेँ । त्यस अर्थमा पनि यो अवसर मेरा लागि निकै महत्वपूर्ण थियो ।

मैले १६ वर्षको उमेरदेखि ब्याडमिन्टन खेलेकी हुँ । खेलकुदमा मलाई सानैदेखि रूचि थियो । म मेरा साथीहरूसँग अरू थुप्रै खेलहरू खेल्थेँ । विशेषगरी बाटोमा ब्याडमिन्टन खेल्थेँ । त्यति बेला ब्याडमिन्टनमा मैले यति लामो यात्रा तय गरूँला भनेर सोचेकै थिइनँ । मैले कलेजमा हुँदा भलिबलका केही प्रतियोगिता पनि जितेकी थिएँ । त्यस्तै लङजम्प, हाइजम्प र दौडमा पनि म राम्रो थिएँ ।

मेरी आमाले ब्याडमिन्टन प्रतियोगिताका लागि प्रवेश परीक्षाको कार्ड मेरो हातमा राखिदिएको दिन मेरो जीवनकै एक सुन्दर दिन थियो । साँच्चै भन्नुपर्दा मलाई सफलताको बाटो देखाउने मेरी आमा नै हो ।

त्यो दिन म उत्साहित पनि थिएँ । अलिअलि आत्तिएकी पनि थिएँ । कभर्ड हलभित्र छिर्दा मेरो मनमा अनेक भाव आइरहेका थिए । मेरो भाइ मसँगै गएको थियो । हामी दुबै जना भित्र छिर्दा त्यहाँ त प्रतियोगीहरूको ठूलो भिड जम्मा भइसकेको थियो । हामी अलिअलि आत्तिँदै भित्र गएर प्रतियोगिताका बारेमा सोधपुछ गर्‍यौं ।

पहिलो दिन अरू प्रतियोगीहरूसँग चिनजान भयो । दोस्रो दिनदेखि दुई जना प्रशिक्षक जयन्त श्रेष्ठ र अनिल लाखेको मातहतमा हाम्रो तालिम सुरू भयो ।

तर दोस्रो दिनदेखि मेरो भाइ आएन । उसलाई ब्याडमिन्टनमा खासै रूचि थिएन ।

मैले त्यो प्रतियोगितामा राम्रै प्रदर्शन गरेँ । सान्त्वना पुरस्कार पनि पाएँ तर कुनै निश्चित उपाधि भने पाउन सकिनँ । तर मैले मेरो अभ्यासलाई निरन्तरता दिएँ र त्यहाँ गइरहेँ । अग्रज खेलाडीहरूले मलाई खेलमा निकै सहयोग गर्नुभयो । साथीहरू इरफान, बिलाल, स्नेहा र म सँगै अभ्यास गर्थ्यौं ।

सुरूमा प्रशिक्षणमा धेरै केटीहरू सहभागी थिए । तर जसै दिन बित्दै गए, बिस्तारै एकएक गरेर उनीहरू आउन छाडे । उनीहरू आउन छाडेकामा कसैलाई उति वास्ता पनि थिएन । खासमा छोरीहरू यसैगरी थाहै नपाइ छुटेर जाने रहेछन् । उनीहरू छुटेकोमा न कसैलाई वास्ता हुन्छ, न चिन्ता ! चुपचाप उनीहरू गुमनाम हुने रहेछन् ।

ब्याडमिन्टनप्रति ममा यति लगाव थियो कि मैले पढाइसँगै खेललाई निरन्तरता दिइराखेँ । समयक्रममा मैले थुप्रै जिल्लादेखि राष्ट्रियस्तरका धेरै प्रतियोगिताहरूमा भाग लिएँ । केहीमा जितेँ, केहीमा हारेँ । जित हार त भइरहन्छ भन्दै मैले कडा मेहनत गर्न भने छाडिनँ ।

छैठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा मैले तत्कालीन मध्यपश्चिमाञ्चल विकास क्षेत्रका तर्फबाट पहिलो स्थान हासिल गरेँ । जितपछि मैले धेरैको माया, सम्मान र हौसला पाएँ । तर समाज खासै बदलिएको थिएन । अनेकथरी कुराहरूले गर्दा मेरो परिवारले निकै तनाव महसुस गऱ्यो ।

विशेषतः मेरी आमालाई निकै दबाब आयो । मलाई ब्याडमिन्टन खेल्न प्रेरित गर्ने मेरी आमाले मलाई ब्याडमिन्टन 'छोड' समेत भन्ने दिन आयो । मैले उहाँलाई सम्झाएँ । उहाँले ममाथि विश्वास गर्नुभयो ।

ती दिनहरूमा म खेल्न जाँदा कोही नानाथरीका कुरा गर्थे । कोही मलाई पछ्याउँथे । म के गर्छु, म कोसँग बोल्छु भनेर चियो गर्थे । एक महिला जब घरबाट बाहिर निस्कन्छे तब पितृसत्ताको संकिर्ण दिमागलाई निकै तनाव हुने रहेछ भनेर मैले त्यो बेला थाहा पाएँ । मेरो खेलको उडान रोक्न, मेरा पखेटा काट्न समाजले सकेको प्रयास गऱ्यो ।

एकदिन त यतिसम्म भयो कि एउटा मान्छे झुटा समाचार लिएर मेरा बुबालाई भेट्न आयो । ऊ मेरो बुबालाई म ब्याडमिन्टन खेलको बहानामा केटाहरूसँग घुम्छु, त्यसैले मलाई खेल्न रोक लगाउनुपर्छ भन्न आएको थियो । तर बुबालाई ममाथि विश्वास थियो । यस्ता कुरा सुनेर बुबाले मलाई कहिल्यै पनि खेल रोक्न भन्नुभएन । यस्ता अनेक कुरा हुँदा पनि मैले खेल जारी राखेँ ।

समाजले सपना देख्ने छोरीहरूलाई हौसला दिनेभन्दा निरुत्साहन गर्नुमै आफ्नो सफलता ठान्छ । म यस्तो समाजको वास्ता गरेर आफ्नो यात्रा रोक्न चाहन्थिनँ । समाज जतिजति यस्ता कुरामा वास्ता गर्छ म उतिउति समाजलाई बेवास्ता गरेर आफ्नो बाटो हिँड्छु ।

मैले गलत गरेकै छैन भने म किन कसैसँग डराउनू ?

ब्याडमिन्टन खेल्दा मैले सधैं असल र सही मान्छे मात्र भेटेकी भएर यसो भनेकी होइन । त्यहाँ पनि खराब नियत भएका मान्छेहरू अनेक प्रलोभन लिएर आउँथे । तर ती कुरालाई मैले सधैं अस्वीकार गरेर परास्त गरेँ । मलाई मेरो क्षमता, मेहनतमाथि विश्वास थियो । म आफ्नो सपनातिर उन्मुख भइरहँदा स-साना कुराले पनि मेरो परिवारको ममाथिको विश्वास धर्मराउन सक्थ्यो । त्यसैले पनि म यस्ता कुराको सशक्त ढंगले प्रतिकार गर्थें ।

छोरीहरूले आफ्नो सपनाको बाटो हिँड्न काँडाहरू मात्र पन्छाएर हुँदैन, बाटो नै आफैंले बनाएर हिँड्नुपर्छ ।

टुर्नामेन्टमा थप केही सहभागितापछि म पढाइ र काममा व्यस्त भएँ । त्यसैले मैले खेलभन्दा पनि अम्पायर हुनका लागि चासो दिएँ । त्यसका लागि चाहिने अनुभव र ज्ञानका लागि मैले दुई अन्तर्राष्ट्रिय अम्पायर उदय अर्याल र दीपक थापालाई भेटेँ । उहाँहरूले मलाई अम्पायरका लागि थप प्रशिक्षण दिनुभयो ।

काठमाडौंमा सन् २०१६ मा अन्नपूर्ण इन्टरनेसनल सिरिजमा मैले पहिलोपटक अम्पायरका रूपमा सहभागिता जनाएँ । सन् २०१७ मा मैले पाकिस्तानबाट यससम्बन्धी पढाइ पूरा गरेँ र सन् २०१८ मा मैले इन्डोनेसियाबाट मान्यता पाएँ । अनि म एसियाको अन्तर्राष्ट्रिय ब्याडमिन्टनको अम्पायर भएँ ।

पाकिस्तान र इन्डोनेसियाको यात्रा मैले एक्लै गरेकी थिएँ । देशबाहिर एक्लै यात्रा गर्नु सजिलो थिएन । देशैभित्र पनि त नेपाली महिलाहरू एक्लैएक्लै यात्रा कति नै गर्छन् र ! तर जब साथमा लक्ष्य हुन्छ, तब हरेक यात्राहरूमा हिँड्नका लागि खुट्टाहरू दह्रा हुन्छन् । ज्यानमा पखेटा लागेजस्तो हुने रहेछ ।

म अन्तर्राष्ट्रिय अम्पायर भएको कुराको पत्रपत्रिकामा चर्चा भयो । जब मैले पत्रिकामा आफ्नो तस्बिर र अन्तर्वार्ता देखेँ तब मलाई महसुस भयो जो हिजो मलाई रोक्न चाहन्थे, आज उनीहरू मेरो प्रशंसा गरिरहेका छन् । मेरो परिवारलाई मप्रति गर्व थियो । मेरी आमा जोसँग पनि मेरो परिचय निकै गर्वका साथ दिनुहुन्थ्यो । त्यो देखेर मलाई लाग्थ्यो, मेरो संसार मेरो सपनासँगै मुस्कुराइरहेको छ ।

ब्याडमिन्टन मेरा लागि निकै महत्वपूर्ण छ। जब मेरा हातले र्‍याकेट समाउँछन्, म अर्कै संसारमा पुग्छु । मलाई भित्रैबाट सशक्त महसुस हुन्छ । यो एक खेल मात्र होइन, यो मेरो लागि सपनाको उडान पनि हो । म कहिल्यै ब्याडमिन्टन खेल्न छोड्दिनँ किनकी यसैले मलाई परिचय र सफलता दिलायो । आज प्रायः सबै एसियाली देशमा ब्याडमिन्टनका क्षेत्रमा मलाई मान्छेले चिन्छन् र प्रशंसा गर्छन् । म र मेरो सपनामा विश्वास गर्ने सबैप्रति आभार प्रकट गर्छु ।

हाम्रो समाजमा विवाहपछि एक महिलाको जीवनमा निकै परिवर्तन आउँछ । मेरो श्रीमान्‌ले मेरो काम र ब्याडमिन्टनको खेलबारे सबै बुझेका छन् । उनलाई मेरो काम र खेलसँग कुनै आपत्ति छैन । तर कहिलेकाहीँ मेरो काम र पारिवारिक दायित्वले भनाइ र गराइमा निकै अन्तर हुने रहेछजस्तो महसुस गराउँछ । भन्न जति सजिलो गर्न नहुने रहेछ ।

महिलाका लागि विवाहपछि आफ्नो सपना पछ्याउन सजिलो छैन । आर्थिक उपार्जनका लागि काम गर्न परिवारले सहयोग गरे पनि रूचि, चाहना र सपना पछ्याउन भने अझै उति उत्साहित गरिँदैन । बैंकमा काम गर्दै ब्याडमिन्टनका लागि समय निकाल्न साह्रै गाह्रो हुन्छ ।

कहिलेकाहीँ भनेको समयमा बिदा पाइँदैन । कुनै बेला म आफूलाई निकै असहाय महसुस गर्छु । न म मेरो काम गुमाउन चाहन्छु न खेल छोड्न

चाहन्छु । यो मेरो मात्र कथा होइन । यो हरेक नेपाली महिलाको पीडा हो । परिवारको चाहनालाई प्राथमिकतामा राख्नुपरेकै कारण कैयौं महिलाले आफ्नो सपनाको माया मारेका छन् ।

अबको मेरो सपना ओलम्पिक्समा अम्पायरियङ गर्ने हो । म आफूलाई ओलम्पिक्समा अम्पायरिङ गरिरहेको देख्न चाहन्छु । तर जीवनका थुप्रै अप्ठ्याराहरूले मलाई रोकिरहेको आभास हुन्छ । म संकिर्ण समाजको चारघेरा पार गरेरै यहाँसम्म आएकी हुँ । तर अहिले पारिवारिक र कामको दायित्वले थिचिएकी छु ।

कम्तीमा म यहाँसम्म त आएँ भनेर खुसी र सन्तुष्ट पनि महसुस गर्छु । कुनै न कुनै दिन कसो म मेरो सपनाको मैदानमा नपुगूँला त ! मलाई भरोसा छ, आफ्नो लगन र क्षमताप्रति । यसमा परिवारको साथ सहयोग भए, अप्ठ्यारा अग्ला भऱ्याङहरू म सजिलै चढ्छु भन्ने लाग्छ ।

मेरो सपना यति मात्रै छैन । ब्याडमिन्टनमा धेरैभन्दा धेरै केटीहरू आऊन् र म उनीहरूलाई सिकाउन पाऊँ भन्ने मेरो चाहना छ । मुस्लिम समुदायका मात्रै होइनन्, अरू पनि पिछडिएका र सिमान्तकृत बच्चीहरूलाई म खेल मैदानमा जोसले उफ्रिएको हेर्न चाहन्छु । मलाई थाहा छ, आज पनि यी समुदायका बच्चीहरू आफ्नो सपनाबारे बोल्न सक्दैनन् । उनीहरूका लागि उपयुक्त मञ्च छैन । सपना देख्नु गल्ती गर्नु होइन । छोरी मान्छेले काम र खेल सँगैसँगै गर्नु हुँदैन भनेर कहीँ कतै लेखिएको छैन ।

हरेक संस्कृति, समुदाय र धर्मका केही सीमा छन् । त्यसमा महिला र पुरुष दुबै रहनुपर्छ । हाम्रो मुस्लिम समुदायमा हिजाब नै लगाएर खेल्न सकिन्छ । हिजाब हाम्रो संस्कृति हो, यसले हामीलाई कुनै खेल खेल्नबाट रोक्दैन । हिजाब हाम्रो सुरक्षाका लागि हो । हाम्रो सपनाको उडानमा यो कतै बाधक छैन । हुनु पनि हुँदैन । र नहुन दिन सबैले साथ र सहयोग दिनुपर्छ । हाम्रो पहिरनलाई हेरेर हाम्रो सपनाको सीमारेखा कोर्नु हुँदैन ।

इस्लाम धर्म शान्ति र मानवता पक्षधर हो । हामी अल्लाहको प्रार्थनामा विश्वास गर्छौं । दैनिक पाँचचोटि नमाज पढेर अल्लाहको पुकार गर्नु हाम्रो संस्कृति हो ।

हरेक धर्ममा केही सकारात्मक र केही नकारात्मक पक्ष त हुन्छन् नै । धेरैजसो धर्मले महिला स्वतन्त्रतालाई उति महत्व दिएको देखिँदैन । पुरुषहरू सीमाहीन स्वतन्त्रताका हकदार र महिलाहरूका लागि सीमैसीमा तोक्ने काम इस्लाममा मात्र छैन । छोराका लागि धेरै छोरीहरू जन्माउने सबै समुदायमा छ । छोराहरू सम्पत्ति र छोरीहरू जिम्मेवारी ठान्ने गरिन्छ । दाइजो मात्रै बन्द भए पनि छोरीहरू बोझका रूपमा लिइँदैनथे होला ।

अरू देशमा कैयौं मुस्लिम केटीहरू खेलमा लागेका छन् । कैयौं सफलता हात पारेका छन् । उनीहरूले हिजाब पहिरिएरै आफ्नो लक्ष्य भेटेका छन् । हाम्रो छिमेकी मुलुक भारतकै सानिया मिर्जा टेनिसकी एक नम्बर खेलाडी हुन् । मेरी साथी महुर सहजाद पाकिस्तानकी नम्बर एक ब्याडमिन्टन खेलाडी हुन् । ह्वेट लिफ्टिङ, स्विमिङ, दौड, फुटबल, बक्सिङ हरेक खेलमा मुस्लिम महिलाले आफ्नो छाप छाडेका छन् ।

केही गर्ने सोचिरहेका हरेक बच्चीहरूलाई म भन्न चाहन्छु- चाहे जागिर होस् चाहे व्यवसाय वा खेल क्षेत्रमा, केही गर्ने सोच भए आफूमा विश्वास राख । सपना देख्न नछाड । हाम्रो देश र समाजको बिडम्बना नै यस्तै छ कि निरुत्साहित गर्ने हजार भेटिन्छन् तर पनि आफ्नो लक्ष्यमा अडिग रहू । एकदिन अवश्य सफल भइन्छ । फेरि सफलता त आफ्नो सपनाको बाटो हिँड्न पाउनुमा छ । पदक भनेको त त्यो सफलतामा थोरै चमक थपिने न हो ।

यदि मेरी छोरी भइन् भने म उनलाई खेल क्षेत्रमा लाग्न प्रेरित गर्छु । अझ उनले ब्याडमिन्टन रोजिन् भने त त्यो मेरो लागि गर्व र खुसीको कुरा हुन्छ । म सबै आमाबाबाहरूलाई पनि अनुरोध गर्छु, आफ्ना छोरीहरूलाई खेलमा लाग्न सकेको मद्दत गर्नुहोस् । उनीहरूका सपना र चाहनालाई मर्न नदिनुहोस् । सपना देख्ने, सपना पछ्याउने, सपनामा बाँच्ने हक छोरीहरूको पनि छ ।

# भोत केटीहरूले सपना देख्न कहिले सिक्लान् ?

कुन्साङ



चित्र : पूर्णिमा राई

मेरो खासै सपना थिएन । अहिले फर्केर हेर्दा लाग्छ, सपना देख्नका लागि सपना देख्न प्रोत्साहन गर्ने कोही चाहिँदो रहेछ !

शिक्षकहरूले धेरै पढेर के बन्ने भनेर सोध्दा हामी विद्यार्थीमध्ये अधिकांशसँग त्यो प्रश्नको जवाफ हुन्थेन । एकअर्कालाई हेराहेर गर्थ्यौं । ठूलै भइसक्दा पनि हाम्रा खासै सपना थिएनन् ।

विस्तारै किताबका कथाहरू पढ्न सक्ने र अलिअलि नेपाली बुझ्न, बोल्न थालेपछि टुटेफुटेको नेपालीमा भन्थ्यौं, 'सर मेरो त अम्तै (धेरै) पढेर डाक्टर बन्न मन छ, पाइलट बन्न मन छ ।'

अझ सरतिर हेरेर भन्थ्यौं, 'मेरोको पनि माइटर बन्न मन छ ।'

हाम्रो गाउँको स्वास्थ्यचौकीमा डाक्टर (स्वास्थ्यचौकीमा काम गर्ने सबैलाई डाक्टर भनिन्थ्यो) देखेपछि डाक्टर बन्ने सपना देख्न थालेको हुनुपर्छ । त्यसलाई बालमस्तिष्कको सपना भनौं या किताबी कथाको प्रभाव ! जे होस् मेरो बाल्यकालका सपनाहरू यस्तै-यस्तै हुन्थे ।

सम्झना बनेर कोल्टे फेर्छ समय । म सम्झिरहेछु ती दिनहरू ! नसको डब्बामा तेल, ऊन र आपाले बनाइदिएको ओखरको च्याङ्लाख (ओखरको काठबाट बनेको पाटी) हातमा थमाएर पहिलो दिन स्कुल पुऱ्याउँदा आमाले भन्नुभएको थियो, 'क होत्ला क मिथोन दुक्पु (आवाज भएर पनि बोली नफुट्नु निकै अत्यास लाग्दो हुन्छ ) ।'

त्यति बेला आमाले भन्नुभएको कुरा मैले बुझेकी थिइनँ । मेरी आमा र आपाको पालामा पढ्नुपर्छ भन्ने चेतनाको विकास भइसकेको थिएन सायद ।

हुन त त्यति बेला पनि खगाल गाउँमा स्कुल थियो रे । ठूलो गाउँ र गा.वि.स. पनि खगाल गाउँमै भएकाले स्कुल र स्वास्थ्यचौकी त्यहीँ थियो । तै पनि गाउँमा पढेकाहरू एकदमै कम थिए । तर मेरी आमाले टोपेनी/आनी अर्थात्

लामा ज्ञान पढ्नुभएको थियो । त्यसैले पनि छोरीलाई पढाउनुपर्छ भन्ने चेतना उहाँमा आएको थियो ।

राज्यले हरेक क्षेत्रमा किनाराकृत गरेको ठाउँमा समयसँगै आएको परिवर्तनले आमालाई अरू भाषा पनि जान्नुपर्छ भन्ने बोध भएर यस्तो भनेको हुनुपर्छ । त्यसमाथि माओवादी जनयुद्ध र २०६२-६३ सालको जनआन्दोलनको पनि केही न केही प्रभाव पऱ्यो होला !

हुम्लाको उत्तरी भेगको भोत (भोटे) समुदायमा सानै उमेरमा बिहे गर्ने चलन छ । अधिकांशको पढाइ चार-पाँच पढ्दै छुट्छ । पाँच कक्षा पुग्दासम्म मेरा सबै साथीहरूको बिहे भइसकेको थियो । चारमा पढ्दै गर्दा मलाई पनि माग्न आएका थिए । त्यसपछिका हरेक दिनहरू डरैडरमा बिते । मलाई अब मेरो पनि बिहे गरिदिन्छन् भन्ने लाग्थ्यो ।

माग्न आएका महिक (काकी ) र मि (बाजे) लाई म कुट्न चाहन्थेँ । तर मलाई अर्को कोठामा थुनिएको थियो । ढोकामा हान्दाहान्दै कति बेला निदाएँ मलाई थाहा भएन । त्यो रात के-के भयो, त्यो पनि थाहा भएन । त्यसपछि त्यो रातको कुरा मेराअगाडि कसैले गरेनन् । न बिहेको कुरा नै निकाले । तर मैले सुनेकी थिएँ- मेरा आमा र आपाले एसएलसीसम्म पढाउने कुरा राख्नुभएको थियो ।

त्यतिखेर मेरो बिहे रोकिए पनि मलाई बिहेको डरले कहिल्यै छाडेन । पाँच कक्षा पास भएपछि सिमकोटमा बसेर पढ्न थालेँ । छुट्टीका बेला पनि घर जान डर लाग्थ्यो । त्यही भएर म कहिलेकाहीँ मात्र घर जान्थेँ ।

म पाँच कक्षा पुग्दा हामी जम्मा चार जना विद्यार्थी थियौं । अझ चार जनामा केटी म एक्लै थिएँ । डाक्टर, पाइलट, मास्टर आदि बन्ने सपना देख्न सिक्दै गरेका मेरा कति साथीहरू कताकता छुटी गए । गाउँमा पाँचभन्दा माथि पढ्ने व्यवस्था नभएकाले पनि धेरै केटीहरू पढाइ छोड्न बाध्य थिए । पाँचपछिको पढाइ पूरा गर्न कि त बिहान-बेलुकी दुई/दुई घण्टा हिँडेर टाढाको गाउँ जानुपर्छ कि सदरमुकाम सिमकोट नै जानुपऱ्यो । सिमकोटमा कोठा भाडा तिरेर पढ्न अधिकांशको आर्थिक स्थितिले भ्याउँदैन ।

'बिहे गरेर अर्काको घर गइजाने छोरीलाई किन धेरै पढाउनू ?' भनेर छोरीहरूलाई अक्षर होइन घरधन्दा सिकाइन्छ । ताको कात्नेदेखि छ्याङ

पकाउनेसम्मको सबै काम सिकाइन्छ । अहिले पनि कत्ति साना नानीहरूले देख्दै गरेका सपनाले खुला आकाशमा उडान भर्न नपाउँदै कतै हराइ जान्छन् । मेरै साथीहरू जो बालखैमा बिहे गरेर पठाइए उनीहरूका छोरीहरूले पनि सपना देख्न सिकेजस्तो लाग्दैन । छोरीको छोरीहरूको पालामा पनि छोरी मान्छेको सपनाको मोल हुँदो हो कि होइन, मलाई सम्झँदा पनि अत्यास लाग्छ ।

भोत समुदायका महिलाहरू अन्य समुदायका महिलाको तुलनामा सांस्कृतिक क्षेत्रमा बढी स्वतन्त्र मानिन्छन् । तर राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रमा भने उनीहरू पछाडि परेका छन् । सानै उमेरमा आमा बन्ने भएकाले पनि उनीहरू एउटा निश्चित परिधिबाट निस्किन पाउँदैनन् । अनि त्यही परिधिमा उनीहरूका सपना पनि जकडिन्छन् । अलि समयपछि त ती सपना मरेरै जान्छन् ।

पाँच कक्षासम्म पढ्नु मेरा लागि जति चुनौतीपूर्ण थियो, त्योभन्दा कैयौं गुणा बढी चुनौतीपूर्ण थियो सिमकोट पढ्न आउनु । फरक भाषा, एउटै कक्षामा सय विद्यार्थीहरू !

मलाई नेपाली भाषा राम्रोसित बोल्न आउँदैन थियो । गाउँको स्कुलमा बाहिरबाट आएका शिक्षकहरूसँग भोत भाषा मिसाएर बोले पनि बुझ्नुहुन्थ्यो । तर सिमकोट आएपछि भने भाषाका कारणले निक्कै गाह्रो भएको थियो । राम्रोसँग नेपाली बोल्न नआउँदा मलाई अप्ठ्यारो महसुस हुन्थ्यो ।

सिमकोट आएपछि जागिर गर्ने महिलाहरू देखें । तर कुनै पनि तहमा भोत महिलाहरू जागिरे थिएनन् । त्यति बेला लाग्थ्यो, भोत महिलाहरू पनि जागिरे भइदिएको भए !

तर म आफैंले ती महिलाझैं जागिरे बन्ने सपना देखिनँ । के गर्ने ? के बन्ने ? भनेर सोच्नुभन्दा पनि कसरी मेरो बिहे नहोला भन्ने मात्रै मेरो मनमा आइरहन्थ्यो । त्यसैले मैले पढाइ भने छाडिनँ । विवाहको डरैडरमा मैले पढ्नेबाहेक अरू केहीको सपना देखिनँ । घरमा पनि सपनाको बारेमा न सोध्ने कोही थियो, न बताउने कोही ।

नेपाली भाषा नजान्नु र विभिन्न क्षेत्रमा पहुँचको कमीले गर्दा राजनीतिक, शैक्षिक, आर्थिक क्षेत्रमा समग्र भोतहरूको न्यून उपस्थिति छ । त्यसमाथि भोत

महिलाहरू त झनै पछाडि परेका छन् । दसमा दुई जना महिला होलान्, खुलेर राजनीतिका बारेमा कुरा गर्ने । घरबाहिरको काम गर्ने । ती महिलाहरू पनि पारिवारिक पृष्ठभूमि बलियो भएकाहरू छन् । बाँकी अरू महिला खेतीपाती र चुलाचौकामै सीमित छन् ।

२०७० सालमा एसएलसी दिएँ । पास भइनँ । पास नभएको कुराले गाउँमा यसरी तरंग ल्याएको थियो मानौं, शान्त तलाउमा कसैले ठूलै ढुंगा हान्यो । यो कुरा गाउँमा फैलिएसँग छोरीहरूले पढ्न सक्दैनन् भनेर गाउँलेहरू कुरा काट्न थालेका थिए । कतिले मेरैअगाडि मेरी आमालाई भन्थे, 'हेर, उहिल्यै बिहे गरिदिएको भए अहिले घर बसिसक्थ्यो !'

मैले त राम्रै नम्बर ल्याएर पास हुन्छु भन्ने सोचेकी थिएँ । मेहनत पनि गरेकै हो । तर म त दोस्रो श्रेणीमा पनि पास भइनँ । त्यसमाथि गाउँलेका त्यस्ता कुराहरूले मेरो मनोबल घटेको थियो । धेरै दिन घरबाटै निस्किन सकिनँ ।

तर मेरी आमा भन्नुहुन्थ्यो, 'एउटा मात्रै विषयमा पास नभएको त हो ! एक महिना राम्रोसँग पढेपछि पास भइहाल्छ नि !'

आमाको कुरा सुनेपछि लाग्यो, अब त जसरी पनि पास गर्नुपर्छ । गणितमा मात्र फेल भएकी थिएँ । पुनः परीक्षा दिएँ र पास भएँ ।

लामा ज्ञान पढ्दापढ्दै मेरी आमाको बिहे भएपछि पढाइ छुट्यो । बच्चा, घर व्यवहारमा अल्झेर झनै पढ्न पाउनु भएन । अहिले फुर्सदका बेलामा आमा गुम्बामा पढ्न जानुहुन्छ । गाउँमा बिजुली पुग्नुभन्दा पहिले मेरी आमा जरो (आगो सल्काउन प्रयोग गरिने सल्ला) को मधुरो उज्यालोमा पढेर बस्नुहुन्थ्यो । आफूले पढ्न नपाए पनि छोराछोरीले पढून् भन्ने उहाँको चाहना थियो । त्यसैले पनि होला आमाआपाले भाइ र मलाई पढाउनुभयो ।

एसएलसी पास भएपछि फेरि अर्को चुनौती थपियो- मलाई नयाँ ठाउँमा पढ्न मन लागेको थियो । तर कहाँ जानू ? जुम्लामा नर्सिङका लागि परीक्षा दिएकी थिएँ, त्यहाँ पनि मेरो नाम निस्किएन ।

त्यसपछि ह्योम्बू (काठमाडौं) जाने सल्लाह भयो । के पढेपछि के हुन्छ थाहा थिएन । कुन-कुन विषय पढ्न पाइन्छ भन्ने पनि थाहा थिएन । पढेर के बन्ने,

मेरो कुनै निश्चित सपना थिएन । तर मलाई पढ्नु थियो । पढ्ने कुरामा आमाआपासँगै परिवारका अरू सदस्यले पनि सधैं साथ दिनुभयो ।

२०७१ सालमा म उच्च माध्यमिक तह पढ्न ह्योम्बू आएँ । ह्योम्बू आउन केही दिन ढिलो भएको भए मेरो पनि बिहे हुने थियो सायद । म आउने बेलामा मेरो बिहेको कुरा चलेको रहेछ । त्यो कुरा मैले धेरैपछि मात्र थाहा पाएँ । त्यति बेला मेरो बिहे भएको भए अरू केटीहरूको जस्तै मेरो पनि पढाइ बीचमै छुट्थ्यो । अरू सपना देख्न नसिक्दै मेरो पढ्ने सपना कतै हराइ जान्थ्यो । सपनासँगै स्वतन्त्रता कतै खुम्चिन्थ्यो । स्वतन्त्रता खुम्चिनु भनेको सपना देख्ने सम्भावना पनि खुम्चिनु हो । यसरी ह्योम्बूसम्म आइपुग्नु पनि मेरो लागि एउटा ठूलो चुनौती थियो ।

चुनौतीका लिस्नाहरू चढ्दैचढ्दै म ह्योम्बू त आइपुगेँ तर यहाँ हरेक कुरा नौला थिए । नौलो ठाउँ, नौला मान्छहरू, नौला मान्छेका नौला चालचलन...!

ह्योम्बू आइसकेपछि पनि के पढ्ने थाहा थिएन । के-के पढ्न पाइन्छ भनेर भनिदिने पनि कोही थिएन ।

हिउँले खाएका औंलाहरू आगोमा सेकाउँदै मेरी एपी (हजुरआमा) भन्नु हुन्थ्यो, 'धेरै पढेर डाक्टर बन्नुपर्छ है ।'

एपीकै कुरा सम्झिएर पनि होला मलाई नर्सिङ पढ्न मन थियो । तर ह्योम्बू आएपछि थाहा पाएँ, नर्सिङ पढ्न धेरै पैसा चाहिँदो रहेछ । जुन हाम्रा लागि सजिलो थिएन । सामाजिक, सांस्कृतिक चुनौतीहरू पार गरेर ह्योम्बू आइपुगेकी थिएँ । भाषिक समस्या पनि थियो नै, अन्ततः आर्थिक चुनौतीका कारण नर्सिङ पढ्ने सपना पूरा भएन ।

ह्योम्बू आएपछि लाग्यो, ह्योम्बूले हुम्लालाई चिनेकै रहेनछ । अधिकांशको नजरमा हुम्ला नक्साको टुप्पोमा पर्ने जिल्लामा सीमित थियो । मेरो अनुहार, बोली, भाषा कलेजका अरू मान्छेको जस्तो थिएन । प्रायःले मलाई अनौठो मानेर हेर्थे ।

यस्तो पनि नेपालीहरू हुन्छन् र ? मेरो अनुहार र छालाको रंग हेरेर कुरा काट्थे । कतिले यस्ता कुराहरू सिधै सोधेका पनि छन् ।

गाउँमै हुँदा लाग्थ्यो, सानै उमेरमा बिहे गरिदिने अनि छोरीहरूलाई नपढाउने चलन सबैतिर होला । जब गाउँभन्दा बाहिरको दुनियाँ देखेँ, त्यसपछि लाग्यो-

किन भोत केटीहरूले पढ्न पाएनन् ? किन उनीहरूले त्यो निश्चित घेराभन्दा बाहिरको सपना देख्न सिकेनन्/सकेनन् ?

लामो समयसम्म कुनै एउटा निश्चित ठाउँमा मात्र बसिरहँदा सबैतिर यस्तै होला भन्ने लाग्दो रहेछ । सबैतिर त्यस्तै हुनाले यी कुराहरू नौलो नलाग्नु स्वाभाविक हो । जस्तो अहिले पनि मेरो गाउँका अधिकांश मान्छेहरूका लागि सानैमा बिहे गर्ने, सानैमा बच्चा जन्माउने, नपढाउने आदि कुरा अनौठो या नौला हुँदैनन् ।

ह्योम्बू आएपछि अलिअलि किताबहरू पढ्न थालेँ । अरू-अरू ठाउँका कथाहरू पढ्दै जाँदा म आफ्नो ठाउँका कथाहरू खोज्थेँ । तर हाम्रो ठाउँका कथा खासै लेखिएका थिएनन् । जति लेखिएका थिए, ती सबै बाहिरका मान्छेहरूले लेखेका थिए ।

एकातिर सत्ता र राज्य संरचनाले सिंगो कर्णालीलाई किनाराकृत गरेको छ, अर्कोतिर महामारी, भोकमरी, अशिक्षा आदिको पर्याय बनेको छ । त्यसमाथि बहुपति प्रथा रहेको भोत (भोटे) समुदायलाई त्यहाँको भौगोलिक अवस्था र उत्पादन संरचनाको अध्ययन नगरी काठमाडौंले एकदमै कुरूप चित्रण गरेको थियो, छ । र, यो धेरै हदसम्म त्रुटिपूर्ण छ ।

त्यसपछि लाग्यो हाम्रो पहिचान, हाम्रा मौलिक कथाहरू र हिमाली जीवनशैलीका बारेमा पनि लेखिनुपर्छ । त्यो हामी हिमालमै बस्नेले लेख्नुपर्छ ।

अनि मैले लेख्न थालेँ ।

अहिलेसम्म मेरा पन्ध्र/सोह्र वटा लेखहरू विभिन्न पत्रपत्रिका, अनलाइनहरूमा छापिए होलान् । ती लेखमा मैले हिमाली जनजीवन, मौलिक कथाहरू र विकास निर्माण कार्यसँगै भइरहेको परिवर्तनका बारेमा लेख्ने कोशिस गरेकी छु । मेरो पहिलो लेख दाउरा बेचेर जीवन निर्वाह गर्नेहरूमाथि थियो । जहाँ स-साना नानीबाबुहरू हिउँसँग लडेर सिमकोटमा दाउरा बेचेर आफ्नो जीवन निर्वाह गर्थे । मैले तिनैका बारेमा लेखेँ ।

त्यसपछि मैले बदलिँदो समाजको सामाजिक, राजनीतिक, आर्थिक र त्यहाँका महिलाहरूको बारेमा लेखेँ । त्यसले कस्तो प्रभाव पार्‍यो, पार्छ थाहा छैन । तर

त्यहाँको जीवनशैली, त्यहाँको मौलिक कथा लेख्न म निरन्तर प्रयत्न गरिरहेकी छु ।

लेख्नुपर्ने धेरै विषयहरू छन् तर भाषाका कारणले मेरा लागि लेख्न त्यति सजिलो थिएन/छैन । मेरो मातृभाषा भोत/लामा भाषा हो । घरमा हामी मातृभाषा बोल्छौं, अरू ठाउँमा नेपाली भाषा । नेपाली भाषा बोल्न, लेख्न अलिअलि आए पनि सोच्न, बुझ्न मातृभाषामै सजिलो लाग्छ ।

कहिलेकाहीँ लाग्छ आफ्नै भाषामा लेख्न पाए, कति खुलेर लेख्थेँ होला । तर मातृभाषा बोल्न आए पनि लेख्न आउँदैन । नेपाली भाषासँगै सबैको आ-आफ्नो मातृभाषा पनि पढ्ने व्यवस्था भएको भए मातृभाषाहरू लोप हुनबाट पनि बच्थ्यो । आफ्नै भाषामा सोचेजस्तो अर्को भाषामा सोच्न सकिँदैन । कहिलेकाहीँ भोत भाषामा सोचेर नेपाली भाषामा लेखिरहँदा अनुवाद गरिरहेजस्तो पनि लाग्छ । नेपालीमा लेख्न, बोल्न आए पनि नेपाली भाषा मेरा लागि दोस्रो भाषा नै हो ।

अनेक चुनौती भए पनि लेख्नैपर्ने धेरै विषयमाथि लेख्ने कोशिस गर्दैछु ।

हरेक क्षेत्रमा महिलाहरूको सहभागिता एकदमै कम छ । त्यसमाथि भोत महिलाहरूको सहभागिता त शून्य बराबर छ । आर्थिक, राजनीतिक क्षेत्रमा महिलाहरूको सहभागिता बढाउन सुरूमा शैक्षिक क्षेत्रमा सहभागिता बढाउन जरूरी छ जस्तो लाग्छ । शैक्षिक क्षेत्रमा सहभागिता बढ्न सक्यो भने अन्य क्षेत्रमा सहभागिता बढ्छ । त्यसपछि भोत केटीहरू एउटा निश्चित ठाउँमा मात्र सीमित होइन, आर्थिक, राजनीतिक क्षेत्रमा सहभागी हुनेछन् । घरव्यवहार बाहेकका सपनाहरू देख्न थाल्नेछन् ।

मेरो अर्को सपना ती निश्चित परिधिभन्दा बाहिरको सपना देख्न नसिकेका ती केटीहरूलाई सपना देख्न उत्प्रेरित गर्नु हो । अहिले त मैले लेखेको मेरो यही सपनाको कुरा नै स्कुले नानीहरूले पढ्न सके, बुझ्न सके, मेरा लागि लाख हुन्थ्यो ।

# मेरो दौड म दौडिने छु !

अस्मिता वादी



चित्र : बन्दना तुलाचन

सपना देख्नु मेरा लागि आफैंमा एउटा सपना हो । मेरो समाजमा ठूला सपना देख्नु भनेको आफ्नै सपनाको भारले आफैं थिचिएर मर्नुजत्तिकै हो । तर पनि मेरा यी आँखाहरू सपना देख्न रत्तिभर डराएका छैनन् ।

मेरो सपना मान्छेको समाजमा मान्छेकै समान हैसियतमा बाँच्नु हो ।

सामाजिक, राजनीतिक र आर्थिक रूपमा पनि सतहभन्दा मुनि भएको मेरो समुदायलाई समाजले वादी नाम दियो । हामी हरेक हिसाबले पिँधमा छौं । वाद्यवादनका सामग्री बनाउने र बजाउने भएका कारण हामीलाई वादी भनिएको भए पनि समय बित्दै जाँदा हामीलाई हेपाइको दृष्टिले हेर्न थालियो । वादी महिलाहरूलाई यौन पेसासँग जोडिन्छ भने समग्र समुदायलाई दलितभित्रको पनि दलित मानिन्छ । मानौं, हामी कुनै अरू नै ग्रहबाट एक्कासि प्रकट भएका हौं ।

वादीहरू नेपालका ७२ जिल्लामा छरिएका छन् । २०६८ सालको जनगणनाअनुसार करिब ३८ हजार वादीहरूको गन्ती गरिएको छ । तर नेपालमा झन्डै ७० हजारको संख्यामा वादीहरू भएको अनुमान गर्न सकिन्छ । अधिकांश वादीहरू हिन्दू धर्ममा आस्था राख्छन् । र, उनीहरूले हिन्दू धर्म र संस्कृति नै अपनाउँदै आएको पाइन्छ । तर उनीहरूको भाषा भने आफ्नै छ जसलाई पाल्सी/पार्सी भनिन्छ ।

वादी समुदाय सुरूदेखि नै भूमिहीन छ । जमिन जीवनसँग जोडिएको कुरा हो तर वादीहरूसँग जमिन छैन । त्यसैले वादीहरूको जीवन पनि संकटमा छ । आफ्नो जमिन त परको कुरा, वादीहरूले अरूको जमिनमा टेके पनि बाली लाग्दैन भनेर हामी वर्षौंदेखि अपमानित हुँदै आएका छौं । वादीहरू वर्षौंदेखि राज्य र समाजसँग आत्मसम्मानको लडाइँ लड्दै आइरहेका छन् । वादीहरूको जुनसुकै संघर्षको इतिहास हेर्ने हो भने पनि गाँस, बास र कपासकै लागि सडकमा उत्रिएको देखिन्छ ।

२०६२ सालको काठमाडौं केन्द्रित आन्दोलनको मूल नारा पनि 'वादीहरू भोका छन्, नाङ्गा छन्, ध्यान देऊ' भन्ने थियो । वर्षौंसम्म खाना र छानाकै लागि मात्र हामी बारबार सडकमा उत्रिनु परेपछि हाम्रो आर्थिक, राजनीतिक, सामाजिक, शैक्षिक र साँस्कृतिक विकास कहिले हुने ? यस विषयमा राज्य र सरोकारवालाहरूको ध्यान कहिले पुग्ने ?

कुनै बेला त राज्यले हामीलाई नागरिकको दर्जा दिन भुलेको हो कि भन्ने भान हुन्छ ।

पुरुषप्रधान समाजमा योनी लिएर जन्मिनु आफैंमा पीडामा पर्नु हो । अवसर हरूबाट बञ्चित हुनु हो । आफ्ना रहरहरूसँग पुरुषको सहायक बन्ने सम्झौता गर्नु हो । बलात्कारको जोखिम बोकेर असुरक्षित जीवन बाँच्नु हो । अधिकांश महिलाको पहिचान गृहिणीमा सीमित छ । तर जातीय, वर्गीय र लैंगिकताले पनि पिँधमा रहेका वादी महिलाहरूको जीवन समाजबाट अपमानित, राज्यबाट उपेक्षित छ । रगत र पसिनामा बाँचे पनि समाजले 'वेश्या' को उपनाम दिन्छ ।

समाजमा वादी हुनु एउटा नाम मात्र होइन, कलंकको एउटा उपनाम पनि हो । यही थिग्रिएको पिँधबाट गति लिन र कलंक मेटाउन सपना देख्न जरूरी थियो । र त मैले सपना देखेकी छु ।

तर म जुन समाजमा छु, यहाँ आँखाहरू सपना देख्न होइन, विभेदका दृश्यहरू देख्न अभिशप्त छन् । मनमा सपनाका रंगीन चित्रहरू होइन, अपमान र हेपाइका डरलाग्दा चित्रहरू नमेटिने गरी छापिएका छन् । यहाँ सपना देख्ने आँखा बिरलै हुन्छन् । म यस्तो समाजका लागि सपना देख्न खोज्दैछु जसका लागि सपना त निकै परको कुरा, सास नै समाज र राज्यका लागि भार मात्र भएको छ ।

सदियौंदेखि समाजको हेपाइको बन्धनमा परेको समुदायमा जन्मेर मैले स्वतन्त्र उडानको सपना देखेँ । पिँजडामा भएको चराले के सपना देख्दो हो ? खोरमा थुनिएको बाघले के सपना चाहँदो हो ? मेरा लागि पनि सम्मानसहित आफ्नो

पहिचानमा गर्व गर्न पाउनुभन्दा अर्को के सपना हुन सक्ला र ? यो सपना सगरमाथाभन्दा माथिको चुचुरोमा बसेको छ जसलाई पाउन मैले समाज र राज्यसँग नै लड्नुपर्छ ।

मेरी हजुरआमाको जिन्दगी अरूको आँगनमा ढुकेर साँझको छाक जुटाउँदै सकियो । त्यही नियति मेरी आमाको भयो । त्यही समाजमा हुर्केकी मलाई सपना देख्ने आँट जुटाउन सजिलो थिएन । अझै पनि छैन । माथि नै लेखेँ, मेरो सपनाको बाटोमा समाज र राज्य नै तगारा भएर उभिएका छन् ।

खाली पेट निदाउन नसकेका कैयौं रातहरू याद छन् । भोको पेट निदाउन नसक्दा कुन आँखाले सपना देख्नू ?

हुन त म यहाँ आँखा बन्द गरेर देख्ने सपनाको कुरा गर्दै छैन । म मनको आँखाले देख्ने सपनाकै कुरा गर्दैछु । तर पेट भोको हुँदा मन पनि बेचैन हुन्छ । बेचैन मन भोकका बारेमा जान्दछ, तिलस्मी सपनाका बारेमा होइन । भोको पेटलाई कसरी भरपेट बनाउने, भोकले बिथोलेका ती रातहरूको क्षतिपूर्ति कसरी गर्ने ? मेरा पैताला खाली राख्ने र पेट भोको राख्ने शक्तिसँग संघर्षको सपनाको बारेमा लेख्दैछु ।

म जन्मिएको समाजमा वादी हुनु र मान्छे नहुनु उस्तै कुरा हुन् । जातीय, वर्गीय र लैंगिक विभेदले जकडिएको पुरुषप्रधान समाजभित्र वादी जातिमा छोरी भएर जन्मिनु आफैंमा एउटा अभिशाप जस्तो मान्छन् । समाजले वादी समुदायलाई दिने 'ट्याग' र समुदायको आफ्नै पीडा कहालीलाग्दा कथाजस्ता छन् ।

सुरूआतदेखि नै दमनमा परेको वादी समुदाय दिनभरिको रगत र पसिनाले बेलुका हातमुख जोड्न नपुगेपछि घुमन्ते र मगन्ते जीवन बाँच्न बाध्य थियो । समयको गतिसँगै समाज सहरीकरण र विकासको गतिमा बगिरहँदा आफ्नो स्थायी ठेगाना नभएका वादीहरूको जीवन धान्ने बाटाहरू बन्द भए । परम्परागत रूपमा वादीहरू राजा-महाराजाहरूका घरमा हुने सबै शुभकार्यहरू विवाह, पास्नी लगायतका कार्यक्रममा मनोरञ्जन दिने कलाकारका रूपमा थिए ।

वादीको अर्को मुख्य पेसा भनेको काठ र छालाका वाद्यवादनका सामग्री लगायत माटोबाट सुल्पा, चिलिम बनाउने हो । ती पेसा आधुनिकीकरणले विस्थापित भएपछि वादीहरू जीवन धान्ने उद्देश्यले खोला किनारामा बसोबास गरी माछा मार्ने, गिटी-बालुवा बेच्दै घुमन्ते र मगन्ते जीवन जिउन बाध्य भए ।

सहरीकरण र समाज विकासको वादी समुदायले ठूलै मार बेहोरेको छ । खोलामा पहिलेजस्तो माछा लाग्न छाडे, बालुवा-गिटीमा ठेक्कापट्टा लाग्न थाल्यो । वादीहरूको आफैं ठेकेदार हुने पहुँच पुगेन । मागेरसमेत खाना नपुग्ने स्थिति भयो । यसरी शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच नभएपछि वादीहरू सबैतिरबाट विस्थापित भए । खोला किनारमा माछा मार्दै खोले र सिस्नोले जीवन चलाउने मेरो समुदायको बजारमा महँगी र आवश्यकताहरू बढ्दै गए । हम्मेहम्मे हुन थालेपछि बाँच्नकै लागि केही दिदीबहिनीहरूले शरीर बेच्न थाले । जात व्यवस्था बडो विचित्रको छ, पानी नचल्ने तर शरीर चल्ने !

त्यो एउटा बाध्यता थियो । तर त्यो बाध्यात्मक परिस्थिति नबुझेर समाजले आज पनि हामीलाई नाङ्गो पारिरहेको छ । मेरै समाजले मेरो चरित्र हत्या गरिरहेको छ । कहिले हातले, कहिले आँखाले, कहिले विचारले ।

गरिबी, अशिक्षा र अपमानले भासिएको मेरो समुदायलाई यो समाजले हात दिएर माथि तान्नुको साटो पैतालाले कुल्चियो । झन्झन् गहिरो खाडलमा धकेल्दै लग्यो । बालविवाह, बहुविवाह अनि रोग र भोकजस्ता तमाम समस्याहरूको उब्जनी हुन थाल्यो । यस्तै समस्याबाट अछुतो नरहेको मेरो एउटा सानो परिवार छ ।

म जन्मे-हुर्केको जाजरकोट जिल्लाको कुशे गाउँपालिकाको स्याक्री निकै दुर्गम गाउँ हो । त्यहाँका मान्छेलाई गाडी, बिजुली, पानी लगायतका भौतिक सुविधा हुन्छन् भन्ने भेउसमेत थिएन । गाउँका कथित माथिल्लो जात भनिनेहरूले गौचरनका लागि छुट्टयाएको, जंगलको सानो भागलाई आफ्नो बसोबास बनाएर बसेको करिब दस घरमध्ये मेरो परिवार पनि एक हो ।

त्यहाँ बासस्थान बनाउन निकै संघर्ष गर्नुपरेको आफ्नो दुःखको कथा कहिलेकाहीँ आमाले सुनाउनुहुन्छ । जति काम गर्दा पनि जीवन धान्नै गाह्रो

भएपछि छोराछोरीको सुन्दर भविष्यसमेत सोचेर आमाबुबा बसाइ सरेर सुर्खेत आउनुभयो । सरेर आउन जति सहज थियो, त्यति सहज यहाँको समाजसँग घुलमिल हुन भएन । तर केही हदसम्म जीवनस्तर सहज हुने आशा पलाएको थियो ।

हाल सुर्खेतमा बसोबास गर्दै आएको मेरो परिवार सुन्दर भविष्यप्रति आशावादी छ । घरको आर्थिक भार बाबाले उठाउनुहुन्छ । म पनि उहाँलाई सकेजति सहयोग गर्छु । आमा घर चलाउनुहुन्छ । दुइटा भाइ सानै छन् ।

सामाजिक र आर्थिक रूपले विपन्न भए पनि मेरो परिवारले मलाई सधैं अघि बढ्न प्रेरित गरिरह्यो । मेरो परिवार सोचेजस्तो सहज जीवन व्यतित गर्न सक्ने अवस्थामा त थिएन तर जस्तोसुकै परिस्थितिमा पनि मेरो पाइला भने डगमगाउन दिएन ।

दिनभरि काम गर्दा बेलुका हातमुख जोड्न मात्र पुगे पनि उहाँहरूले कहिल्यै हिम्मत हार्नु भएन । आमाबाबाको मेहनतका बाबजुद भइरहेको अभाव देख्दा कहिलेकाहीँ पढ्न सक्दिनँ होलाजस्तो लाग्थ्यो । म भन्ने पनि गर्थें, 'बाबा अब त पैसा पनि धेरै लाग्छ होला है ? म कसरी पढ्ने होला ?'

अनि बाबा मुस्कुराउँदै जवाफ दिनुहुन्थ्यो, 'तिमीहरू पढ । म जसरी पनि पढाउँछु ।'

यो सुनेर पढ्ने निकै जाँगर आउँथ्यो ।

आमाले सधैं अन्याय र अत्याचारविरूद्ध बोल्न सिकाउनुभयो । 'आफ्ना लागि आफैं बोल्नुपर्छ, अरूले बोलिदिएर हुँदैन' भन्ने कुरा सिकाउनुभयो । यसो भनिरहँदा एउटा घटना जोडी हाल्न मन लाग्यो ।

मेरो घरको आँगनमा ठूलो ढुंगा थियो जसलाई खोपेर मेरा हजुरबुबाले ओखल बनाउनुभएको थियो । त्यो आवश्यकताअनुसार सबैले प्रयोग गर्थे । सबैले त्यसलाई ओखलको ढुंगा भनेर चिन्थे । अहिले त त्यो ठाउँलाई नै ओखले ढुंगा भनेर चिन्छन् ।

आमाले त्यो ओखलको वरिपरि लिपेर दुबी फूल पनि लगाएर सधैं चिटिक्क पार्नुहुन्थ्यो । सधैंजसो धान कुट्ने काम आमाकै हुन्थ्यो । तर एक दिन उहाँले नसक्ने भएकाले मलाई धान कुट्न अह्राउनुभयो । म नाङ्लोमा धान बोकेर ओखलमा गएँ । ओखल सफा गरेर घान मात्र हालेकी थिएँ, त्यही बेला 'प्रधान्नी' काकी आएर मलाई 'ओखलभन्दा बाहिर बस्न' भनिन् ।

हाम्रै ओखल भए पनि गैरदलित त्यहाँ आउँदा हामीले छुन पाइँदैन थियो । हामी ओखलको बाहिर बस्नुपर्थ्यो । म उनको डरले केही नभनी बाहिर निस्किएँ । आमाले यो याद गरिरहनु भएको रहेछ ।

आमाले ठूलो स्वरमा भन्नुभयो, 'आफ्नो काम नसकी त्यहाँबाट नहट्नू ।'

म दुबिधामा परें । एकातिर आमा जसले धान समयमा नकुटे गाली गर्नेवाला हुनुहुन्थ्यो, अर्कोतिर प्रधान्नी काकी जसले 'छुइ हुन्छ' भनेर मलाई ओखलमा आउन पनि दिएकी थिइनन् । मलाई आमासँग धेरै रिस उठ्यो । त्यही रिसमा प्रधान्नी काकीसँग बाझें । आफ्नो काम नसकी कतै नजाने कुरा पनि भनें र 'यदि छुइ हुन्छ भने आफ्नै ओखल बनाउनू, हाम्रो ओखलमा नआउनू' सम्म भन्न सकें ।

मैले जितें अनि धान पनि कुटें ।

आमासँग रिस उठेको भएर भुससँगैको चामल लगेर आमालाई दिएँ । आमाले नाङ्लोमा चामल निफन्दै भन्नुभयो, 'अन्याय सहुन्जेल हामीमाथि अत्याचार हुन्छ । त्यसैले बोल्न सिक्नुपर्छ अनि बोल्न सक्नुपर्छ ।'

मेरी आमाले साधारण तरिकाले जीवनको ठूलो पाठ सिकाउनुभयो । त्यही दिनदेखि मैले आफ्नो इच्छाविरूद्धमा हुने अन्याय र अत्याचारविरूद्ध बोल्न सिकें ।

बाबा सानै उमेरमा अनाथ हुनुभएकाले पढ्न पाउनु भएन । आफूले चाहेर पनि पढ्न नपाएकाले होला, हामीलाई हरहालतमा पढाउन चाहनुहुन्थ्यो । आमाले पनि आफू छोरी भएकै कारण पढ्न पाउनु भएन । यसरी आफ्ना अधुरा इच्छा

हामीबाट पूरा गर्ने सपनाले होला 'छोरीलाई पढाउनु हुँदैन' भन्ने समाजमा पनि मलाई स्कुल भर्ना गरिदिनुभयो ।

सायद मेरो समुदायबाट, मेरो वरिपरिबाट स्कुल जाने म पहिलो छोरी मान्छे थिएँ । मेरो आफ्नै ठूलोबाबाका छोराहरू स्कुल जान्थे तर दिदीहरूको जीवन घाँस, दाउरा, पानी, पँधेरो र चुलोचौकोमै सीमित थियो । वरिपरिका मान्छेहरूले 'बुलाकी लगाएर छोरी कजाउने बेला स्कुल पठाउँछन्' भन्दै कुरा काट्थे । तर पनि म स्कुल जान्थेँ ।

स्कुल जानेहरू गनेरै हामी पाँच जना थियौं, ठूलो बाबाका दुई छोरा, कान्छा हजुरबुवाका कान्छा छोरा, मेरो कान्छो काका र म एक जना मात्र छोरी ।

चुलोचौकामा सीमित रहेको जीवन मेरा दिदीहरूको मात्र थिएन । त्यो वरिपरि समग्र महिलाहरूको दिनचर्या थियो । मेरी आमाको पनि त्यस्तै । त्यसैले उहाँ हरक्षण पढ्न मात्र भन्नुहुन्थ्यो ।

कहिलेकाहीँ भाइ र म स्कुल नजाने भनेर जिद्दी गर्थ्यौं । त्यतिखेर बिहानीको शीतको थोपाजस्तै आमाको आँखामा आँसु टिल्पिलाउँथे । चाहेर पनि पढ्न नपाएको एउटा अधुरो सपना बल्झिन्थ्यो । रोग, भोक अनि अभावमा बाँचेकी मेरी आमाका आँखामा टल्किरहेका ती मोतीदानाजस्ता अधुरा चाहनाहरूमा मैले आफ्नो सपना भेटेँ । एउटा सपना आफ्नो आमाको भोक तृप्तिको, अर्को सपना समाजमा मान्छे भएर बाँच्ने !

सपना कसरी देखिन्छ ? यसको पनि लैंगिक, वर्गीय, जातीय ठेगाना हुँदो रहेछ । गरिबीले थला परेकी, महिला र दलितको दोहोरो विभेदको मारमा परेर स्कुल जान नपाएकी, सामाजिक रूपमा कुनै हैसियत नभएकी मेरी आमाको आँसुमा मैले मेरो सपनाको ठेगाना भेट्टाएँ । उमेरले त मैले फुल्दै गरेको फूलमा, आकाशको तारामा, पुर्णेको चन्द्रमामा सपना टल्किएको भेट्नुपर्ने हो !

मेरा यी सपनाहरू अमूर्तजस्तो लाग्न सक्छन् । मसँग डाक्टर, इञ्जिनियर, वकिल, सरकारी कर्मचारीजस्ता कुनै निश्चित पेसावाला सपना छैन । मेरो सपना भोक र आत्मसम्मानसँग जोडिएको छ ।

पहिलो दिन स्कुल पुग्ने बाटोका प्रत्येक पाइलाहरू मलाई याद छन् । काकाको हातका औंलाको सहारामा अघि बढेका मेरा पाइलाहरू रोकिएका त थिएनन्, तर डराएर अघि सर्न पनि मानेका थिएनन् । स्कुलमा शिक्षासँगै शोषण पनि सुरू भयो ।

मलाई अहिलेजस्तो लाग्छ, छुट्टीको घण्टीपछि गोबर खोज्न हिँडेको । मैले सफा गरेको भुइँलाई साथीहरूले मेरैअगाडि चोखो पारेको । सरस्वती पूजाको दिन 'तँ भोलि स्कुल नआइज है' भनेको । आत्मसम्मानमा ठेस लाग्ने र बहिष्करणका शब्दहरू मेरो हृदयमा आज पनि ताजा छन् ।

पहिलोपटक स्कुल भर्ना हुन जाँदा सायद म ६ वर्षकी थिएँ । त्यो बेला मेरो बाल मस्तिष्कमा पनि चरम विभेदको डर थियो । घरबाट करिब एक घण्टाको उकालो बाटोको दुरीमा रहेको, साविकको पजारू गा.वि.स.को वडा नं. ३ मा रहेको श्री गणेश प्राथमिक विद्यालय मेरो जीवनको पहिलो पाठशाला थियो जहाँ मैले शिक्षा र शोषण दुबै पाएँ । स्कुलभरि गन्ती नै गरे पनि दस जनाभन्दा बढी केटीहरू थिएनन् । तीमध्ये पनि धेरैको त सानै उमेरमा बिहे भयो । कसैले पढाइलाई निरन्तरता दिन सकेनन् । थोरैले मात्र पढे । ती थोरैमा म पनि एक हुँ । त्यो थोरैमा म धेरै कुरा झेलेर परेकी थिएँ ।

सानैदेखि महत्वाकांक्षी र विद्रोही स्वभावकी मलाई ती हरेक अपमानको बदला लिन उनीहरूकै सामुन्ने त्यही स्कुलको 'हेडमिस' बन्नु थियो । त्यो नै मेरो पहिलो सपना थियो । पढाइमा अब्बल थिएँ । कसैले 'यति राम्रो पढेर के गर्छौ ?' भन्दा पूरै स्कुलको नाम भनेर 'यसको हेड मास्टर्नी बन्ने हो' भन्थेँ ।

मैले माथि नै भनेँ, सपना भेटिने ठेगाना मेरा लागि अरूका जस्ता रोमाञ्चित छैनन् । माया, निर्दोषपनले भरिएको बाल्यकालमा मैले भोगेका विभेद, अपमान, गरिबीले मेरो सपनाको निर्माण गर्‍यो ।

यसरी मेरो पहिलो सपनाको नेपथ्यमा बदलाभाव थियो । सुन्दा नमज्जा लाग्छ तर समाजले कुल्चिएर रसातलमा धसिएकाहरूका सपनाको निर्माण यसरी नै

हुन्छ । मसँग बालापनको निर्दोषपन र कोमलता नभएको त होइन तर यो समाजले मेरो कोमलतालाई घोच्ने काँडा बनाइदियो ।

आज, यतिखेर, मेरो मनमा लामो समयसम्म तीतो सम्झना बनेर बसेका शिक्षक, साथीहरू कहाँ छन् म जान्दिनँ । तर जहाँ भए पनि उनीहरू पनि यही सामाजिक व्यवस्थाका उपज रहेछन् भनेर बुझ्न सक्छु । वास्तवमा उनीहरू दोषी थिएनन् । दोष त यो समाज व्यवस्था थियो जसमा उनीहरू बाँधिएका थिए । उनीहरू त केवल जात व्यवस्थाका अनुयायीहरू मात्र थिए । ती तमाम शिक्षक र साथीहरू आज केही बदलिए होलान् भन्ने आशा गर्छु ।

म अहिले अंग्रेजी साहित्य र पत्रकारितामा स्नातक गर्दैछु । तर परिवारको आर्थिक अवस्था कमजोर भएकाले सम्पूर्ण परिवारको जिम्मा र आफ्नो पढाइ खर्च आफैं जुटाउनुपर्छ । कुनै समय पढाइले काम गर्न नसक्दा खट्किने अभाव र कुनै बेला कामले पढ्न नपाउँदा हुने खिन्नता भइरहन्छ । यी सबैका बाबजुद पनि एउटा सपना छ- समाजमा मान्छे भएर बाँच्ने ।

शिक्षा मात्र पाउनुपर्ने ठाउँमा चरम विभेद र शोषण खेप्नु परेपछि बदलाको भावले देखेको सपना अब मान्छेको हैसियत पाउने सपनाले छपक्कै छोपेको छ । अब यही नै मेरो जीवनको अन्तिम लक्ष्य हो । मलाई लाग्छ, यो मेरो मात्र सपना होइन । यो त हरेक नारीहरूको सपना हो जो आफ्नो अस्तित्वका साथ बाँच्न चाहन्छन् ।

हाम्रोजस्तो जात व्यवस्था भएको र पुरुषप्रधान समाजमा यसै पनि नारीहरूका सपनाले कहिल्यै प्राथमिकता पाउँदैनन् । मेरो सपनाको अवतरण पनि सहज छ भन्ने मलाई लागेकै छैन । तर म मेरो दौड दौडिने छु । मेरो लडाइँ आत्मसम्मानको हो । यो बिना त बाँच्नै मुश्किल छ । त्यसैले म हरेक साससम्म जोसका साथ लड्नेछु ।

मेरो बालपनलाई जिउन नदिने, मेरो युवावयलाई लज्जित पार्ने, मेरी हजुरआमा र आमाको बुढेसकाललाई दयनीय बनाउने जात व्यवस्थालाई तोडेर म समाजमा अस्तित्वको जीवन बाँच्नेछु । म चुँडाउन चाहन्छु जातीय छुवाछुतको

साङ्लो ! भत्काउन चाहन्छु जात व्यवस्थाको पर्खाल ! मान्छेहरूले बनेको समाजमा म पनि मान्छे भएर बाँच्न चाहन्छु !

आफ्नो सपना पूरा गर्न कलमको सहारा लिएर समानताका लागि लेख्ने निरन्तर प्रयास गर्दैछु । म न्याय गर्ने ठाउँमा नपुगेसम्म फैसला मेरो पक्षमा कहिल्यै हुने छैन । यसकारण म फैसला गर्ने ठाउँमा पुग्न चाहन्छु । मैले अन्याय र अत्याचारविरूद्ध बोल्न जानेदेखि म बोल्न थालेँ । तर मेरो आवाज पुग्नुपर्ने ठाउँमा पुगेजस्तो लागेन । अनि मैले आफ्ना गुम्सिएका आवाजहरूलाई शब्दमा उतार्न सुरू गरेँ ।

तिनै शब्दहरूलाई कथा, कविताको रूप दिएँ । यही मितिबाट लेख्न थालेँ भनेर त ठ्याक्कै याद छैन तर सानै उमेरबाट लेख्थेँ । स्कुलमा हुँदा गजलमा अलि धेरै रूचि राख्थेँ । स्कुलमा हुने थुप्रै प्रतियोगिताहरू जित्थेँ । त्यसले मलाई थप लेख्न हौसला दियो । कथा, कविता, निबन्ध र नाटकहरू पनि लेख्थेँ । स्कुलको भित्तेपत्रिकामा सधैंजसो मेरा रचना छापिन्थे । मैले लेखेका नाटकहरू सडक-नाटकका रूपमा मञ्चन गरिन्थे ।

यी कुराहरूले गर्दा लेखाइलाई निरन्तरता दिन निकै प्रेरणा मिल्यो । यो समयमा अलि बढी कवितामा जोड दिइरहेकी छु । मेरा कविताले धेरै अनलाइन र पत्रपत्रिकाहरूमा ठाउँ पाएका छन् । अहिले रचना छपाउन जति सहज छ, सुरूआती समयमा निकै गाह्रो थियो । कहिले महिनौं कुर्नुपर्ने त कहिलेकाहीँ अरूकै नामबाट आफ्नो रचना प्रकाशित भइदिनेजस्ता थुप्रै समस्यासँग जुधेकी छु । तर पनि मेरो कलम निरन्तर मेरो हकहितको दिशामा बगिरहेको छ ।

म खुलेआम आफ्नो हक र हितका लागि लड्न सक्छु, म बोल्न सक्छु । अब विभेदविरूद्ध नबोली बस्न म सक्दिनँ । उमेरकै हिसाबले पनि २४ औं बसन्त पार गरिसकेँ । यो बेलामा म यदि मेरो लागि र मेराहरूका लागि बोलिनँ भने कहिले बोल्ने ?

अब म कुरितीका पर्खालहरूमा थिचिएर निस्सासिँदै बस्न सक्दिनँ । म अब उज्यालोमा जान चाहन्छु र लिएर जान चाहन्छु मजस्ता थुप्रै अस्मिताहरूलाई । अब कुनै अस्मितालाई पढ्न गाह्रो नहोस् । उनीहरूका सपना कोमलता र

मानवताबाट नै जन्मिऊन् । उनीहरूसँग बदलाको तीतो भाव नहोस् । उनीहरूका शिक्षक र साथीहरूले उनीहरूका सपना फराकिलो पार्न सहयोग गरून् । उनीहरूलाई भोकले बेचैन नपारोस् । अपमानको भारले नथिचोस् । उनीहरूले उमंगका साथ जीवनलाई आत्मसात गरून् ।

सपना मात्र एउटा उन्मुक्तिको अध्याय हो । सपना बिना बाँच्नु त सास फेर्नु मात्र हो । आत्मसम्मानका साथ बाँच्न सपना जरूरी छ । सपना एउटा साहस हो । आफ्नो जीवनगाथा आफैं कोर्ने, आफ्नो व्यवस्था आफैं गर्ने सपना एउटा हिम्मत हो । साङ्लो बाँध्ने पितृसत्तात्मक समाजलाई लात हानी शिर ठाडो पार्दै बराबरीको हिस्सेदारी खोज्ने र बन्धनहरू तोड्ने तागत हो सपना !

सदियौंदेखि वीर्य र तेलको तरलतामा बहेका हामी नारीहरू अब मसीको तरलतामा बग्नुपर्छ । नुन र चामलजस्ता ठोस वस्तुहरूमा ठोक्किने हाम्रा हातहरू अब चट्टान बन्नुपर्छ । सपनाको बाटो हिँडेर स्वतन्त्रता हासिल गर्नुपर्छ । सपनाको अन्तिम उद्देश्य उन्मुक्ति हो । सपना जरूरी छ । अर्थात् आत्मसम्मान जरूरी छ । मेरा लागि सपना र आत्मसम्मान पर्यायवाची शब्द हुन् ।

मेरा सपनाको सौन्दर्य भनेकै यो मेरो व्यक्तिगत लाभका लागि मात्रै होइन । मेरो सपना मैले भोगेको अपमान, विभेद, गरिबीले जन्माएको भए पनि यो मेरा लागि मात्रै पक्कै होइन । अहिले तपाईं जो मेरो सपनाको कथा पढिरहनु भएको छ, तपाईंको सपना पनि समतामूलक समाजमा बस्ने होइन ? विभेदरहित समाजमा रमाउने होइन ?

मेरा सपनाको श्रृंखलाको तपाईं पनि एक कडी हुन सक्नुहुन्छ ।




चित्र : शुभा जोशी

युद्धका कुरा नगर्नु हाम्रा लागि सजिलो थियो । त्यसैले हामीले के-के भोग्यौं, त्योबारे हामी चर्चा गर्दैन थियौं । यद्यपी जुनजुन बेला युद्धको जिकिर भयो, हाम्रा आँखाहरू नरसाएका कहिल्यै थिएनन् ।

माओवादी जनयुद्धको राप र तापका बेला हुर्किएकी मैले सपना देख्ने बेला डर मात्रै देखेँ ।

मेरो सपनाको यात्रामा यो डर, माओवादीमा मेरा बाबाको संलग्नताले निम्त्याएको राज्य पक्षको ज्यादती, थारू भएकाले भोगेको भाषाको अपमान, एक्ली आमाले मेरा लागि गरेका दुःखका असंख्य कथाहरू सँगसँगै आउँछन् । यी अनुभव बिना मेरो सपना एक्लो उभिनै सक्दैन ।

हाम्रो घर प्रत्येक दिन र रात सेना र पुलिसहरूले घेरिन थालेको थियो । अनि मात्रै हजुरबुवा, हजुरआमा र आमालाई थाहा भयो, बाबा माओवादी भइसक्नु भएको रहेछ । बाबा भूमिगत भएपछि सरकारी बन्दुकधारीहरूको गाली, धम्की, कुटाइ सबै प्रकारको यातना घरका अन्य सदस्यहरूले भोग्नुपर्थ्यो ।

उनीहरू बन्दुक र आक्रोशले सुसज्जित भएर आउँथे । अनि सबैलाई घरभित्र थुनेर बमले उडाइदिन्छौं भन्थे ।

बाबाको अनुपस्थितिमा हलो जोतेर हाम्रो पालनपोषण गर्ने हजुरबुबालाई उनीहरूले गिरफ्तार गरे । हिरासतमा निर्मम यातना दिएका कारण हजुर बुवाको मृत्यु भयो । काका पनि घर बस्न सक्ने अनुकूलता थिएन । प्रहरीबाट जोगिन बाध्य भएर काका भूमिगत हुनुपर्‍यो । हजुरबुबाको देहान्त भएको दुई वर्षपछि मेरो बाबाको शहादत भयो । अनि दुई वर्ष नपुग्दै काकाले शहादत प्राप्त गर्नुभयो । चौध वर्ष पुग्दा मैले सपना होइन, तीन प्रिय मान्छेहरूको मृत्यू देखेँ ।

म जन्मेको गाउँ रानामुरा एक थारू गाउँ हो । हाम्रो गाउँ सानो थियो, स-साना घरले भरिएका । सबै घर माटो र काठले बनेका । गाउँको बीचमा एक मात्र ठूलो पक्की घर थियो । त्यो घरलाई सबैले 'जिम्डरवक घर' भन्थे । अर्थात् त्यो घर थियो 'मल्ल' जमिनदारको । गाउँका अधिकांश मानिसहरू खान-लाउन राम्रै पुग्ने किसान थिए । केही असाध्यै न्यून आर्थिक स्थिति भएका परिवार भने जमिनदारकोमा कमैया, कम्लहरी बस्थे ।

हाम्रो घरनजिकै जमिनदारका अन्यन्तै ठूला खेतका प्लट थिए । त्यो खेतमा काम गर्ने जति सबै कमैया, कम्लहरी हुन्थे ।

आफ्नो खेतमा धान रोप्न जाँदा मलाई जुकाको असाध्यै डर लाग्थ्यो । अनि म सोच्थेँ, 'जमिनदारलाई क्या मजा ! उसले जुकाको सामना गर्नु पर्दैन ।'

जसरी जुका अरूलाई चुसेरै मोटाउँछ, त्यसरी नै जमिनदारहरू सस्तो र सित्तैको श्रममा आफ्ना भकारी भर्थे ।

हजुरबुबाको पालामा झुपडी स्कुल थिए । मेरो हजुरबुबाले कक्षा पाँचसम्म पढ्नुभएको थियो । पढाइको महत्व थाहा भएकाले मेरो हजुरबुबा-आमाले आफ्ना तीन छोराहरूलाई क्याम्पससम्म पढाउनुभयो । यसरी मेरो बाबाले पढ्न पाउनुभयो । तर छोरीलाई पनि पढाउनुपर्छ भन्ने चेतना मेरी आमाका आमाबाबासँग नहुँदा मेरी आमाले पढ्न पाउनु भएन ।

माओवादी द्वन्द्व सुरू हुनुभन्दा पहिले हाम्रो परिवार लोभलाग्दो थियो । धनगढीमा बाबाको मेडिकल व्यवसाय, गाउँ हसुलियामा खेतीपाती । मेरा दुई भाइ र मलाई धनगढीको राम्रो स्कुल । बिदा र चाडपर्वमा हामी गाउँ जान्थ्यौं, हजुर बुबा-हजुरआमालाई भेट्न अनि खेती सम्हाल्न ।

भविष्यमा 'के बन्ने ?' बारे निबन्ध नै सपना सोच्ने पहिलो खुड्किलो थियो । मलाई सम्झना भएसम्म दुई कक्षामा पढ्ने बेलामा हो, पहिलोपटक मैले 'म टिचर हुन चाहन्छु' लेखेँ ।

मेरा शिक्षक जो मेरो बाबाको साथी पनि हुनुहुन्थ्यो, उहाँले हकार्नुभयो, 'डाक्टरको छोरी टिचर हुन्छु भन्छे !'

बाबाको मेडिकल क्लिनिक भएकाले धेरैले उहाँलाई डाक्टर नै भन्थे । त्यो बेला मेडिकल हुनेलाई डाक्टर भन्ने चलन नै थियो । त्यसपछि 'मैले डाक्टर हुन्छु' भनेर निबन्ध लेख्न थालेँ ।

स्कुलमा प्राथमिक तहमै भएका बेला बाबा गाउँ जाँदा आफूसँगै मलाई पनि लैजानुहुन्थ्यो । हाम्रो गाउँ धनगढीबाट तीस किलोमिटर दुरीमा छ । बर्षायामबाहेक अरू बेला बस चले पनि हामी प्रायः साइकलमा जान्थ्यौं । गाउँ जाने बाटोमा बाबा आफ्ना साथीहरूलाई भेट्नुहुन्थ्यो । म उहाँहरूको गफ ध्यान दिएर सुन्थेँ ।

उहाँको गफ जमिनदारले कमैया-कम्लहरी र किसानहरूमाथि गर्ने अत्याचारमा केन्द्रित हुन्थ्यो । त्यो सुन्दा मलाई जमिनदारप्रति साह्रै रिस उठ्थ्यो । अनि मलाई चेत भयो, जमिनदार त जुकाभन्दा खतरनाक हुने रहेछ । उसले श्रमिकहरूको रगत र पसिना जुकालेभन्दा धेरै चुसिरहेको हुन्छ ।

यस्तो चेत आउनुमा मेरो बाबाले प्रकाशन गर्ने वार्षिक पत्रिका 'मुक्तिक डगर' ले ठूलो सहयोग पुऱ्यायो । दस, एघार वर्षकै उमेरमा मैले उक्त पत्रिका सबै पढेर भ्याइसकेकी थिएँ । जमिनदारहरू र राज्यले गर्ने अन्यायविरूद्धको एक बुलन्द आवाज थियो मुक्तिक डगर ।

त्यहाँ लेखिएका कविता, गीत, लेखहरूले मेरो बालमस्तिष्कमा शोषक, सामन्त र जमिनदारप्रति तीव्र घृणा पैदा गरेको थियो भने निम्नवर्गीय, श्रमिक, कमैया-कम्लहरीहरूको अधिकारप्रतिको चेतना जगाएको थियो ।

यो बेलासम्म स्कुलको निबन्धमा 'डाक्टर हुन्छु' भनेर म केवल लेख्नका लागि मात्र लेख्थेँ । तर खासमा म अर्कै सपना देख्न थालिसकेकी थिएँ । सपनाको निर्माण र विघटन आफूले पाएको वातावरणले गर्दो रहेछ । कहिले व्यक्तिगत आवश्यकता त कहिले सामूहिक मुक्तिको बोधले गर्दो रहेछ । मेरो सवालमा पनि त्यस्तै भयो ।

आफ्नो वरिपरि व्याप्त अन्याय, अत्याचार अनि विभेद अन्त्य गर्नुपर्छ भन्ने अठोटले मभित्र जन्म लिइसकेको थियो । तर अन्त्य कसरी गर्ने, मलाई थाहा थिएन ।

द्वन्द्वकालमा हाम्रो जीवन भयावह बनेको थियो । बाँच्ने र मर्ने कुराको ठेगान थिएन । आमालाई हामी जिउँदै रहौंला भन्ने विश्वास नै नभएको अहिले पनि सुनाउनुहुन्छ । मर्ने-बाँच्ने ठेगान नभएको परिस्थितिमा पनि आमाले हामीलाई पढाउन भने छाड्नुभएन । मेरी आमालाई कखरा पनि आउँदैन । डर र चिन्ताले हाडछाला मात्र बाँकी रहेकी आमाले हामीलाई पढाउने कुरामा भने खुट्टा कमाउनु भएन । हाम्रो पढाइ खर्च जुटाउन आमाले बर्षामा धान रोप्ने र अरू बेला अर्काको घरको काम गर्नुहुन्थ्यो । एक आम अनपढ थारू महिलाका लागि त्यो अकल्पनीय कुरा थियो ।

मलाई अझै पनि अचम्म लाग्छ- यी सबैका बाबजुद हामीलाई पढाउनुपर्छ भन्ने चेत उहाँमा यति बलियो गरी कहाँबाट आयो ? यसको चित्तबुझ्दो जवाफ आमाले कहिल्यै दिनु भएन । आमाले भन्ने यत्ति हो- 'हम्रे टे लाटागोंगा बटि, लरका टे ना रहिट ।' (म त लाटो छु केही नजान्ने, बच्चाहरू यस्तो नहोऊन् ।)

पढाइ खर्च जुटाउन समस्या भइरहेका बेला गाउँको एउटा स्कुलले मेरो भर्ना लिएन । भाइहरू गाउँकै सानो स्कुलमा भर्ना भए । म माथिल्लो कक्षामा पढ्ने भएकाले अर्को स्कुल जानुपर्ने भयो । तर मलाई त्यो स्कुलले लिनै मानेन । नजिकैको प्रहरी चौकीबाट माओवादीको छोरीलाई स्कुल भर्ना नलिनू भन्ने 'थ्रेट' आएको छ भनेर स्कुल पन्छियो ।

पढ्नका लागि म फेरि धनगढी आएँ । मेरो बाबाको चिनजानका एक व्यक्तिले मलाई आफ्नो घरमा बस्न दिने भए । स्कुल समयबाहेकको अरू सबै समय मैले उनको घरको काम गर्नपर्थ्यो । उनको घरका सबैको लुगा धुनु, भाँडा माझ्नु, घर लिपपोत गर्नु लगायतका धेरै काम गर्नुपर्थ्यो । होमवर्क गर्न पनि मैले समय पाउँदिन थिएँ । स्कुल सधैं ढिलो पुग्थेँ । मलाई त्यहाँ बस्न कत्ति पनि मन थिएन ।

त्यसै बेला अचानक उनले मेरी आमालाई बोलाएर मलाई 'लैजान' भने । उनका अनुसार राती प्रहरी आएका थिए । मलाई उनको घरमा राखे उनलाई माओवादीको आरोप लाग्न सक्थ्यो अनि उनलाई खतरा हुन सक्थ्यो । यो म कक्षा चारमा पढ्ने बेलाको कुरा हो ।

अनि म स्कुलहरू फेर्दै, बास सर्दै पढाइलाई निरन्तरता दिन थालेँ । गन्न थालेँ भने कालिका, एरिष्टो, कैलाली विद्या निकेतन, स्टेपिंगस्टोन, दीपेन्द्र मावि, मोडर्न एरा, धनगढी मावि गरी कक्षा दससम्मको पढाइ पूरा गर्न मैले सात वटा विद्यालयहरू फेरेछु । सपना देख्ने मेरो उमेर थरीथरीका स्कुल फेर्दैमा बित्यो ।

मेरो प्राथमिक र माध्यमिक विद्यालय वर्षको दौरान, गाउँ र सहर अनि सरकारी र निजी स्कुलका बीच स्पष्ट असमानताहरू थिए । सरकारी विद्यालय जान मलाई सहज लाग्थ्यो । कारण थियो, त्यहाँ सामान्य चप्पल वा जुत्ता भए हुन्थ्यो । झोला नभए हातमा किताब बोक्न सकिन्थ्यो । महत्वपूर्ण कुरा, बहुसंख्यक विद्यार्थी थारू हुन्थे ।

निजी विद्यालयमा मैले नकारात्मक जातीय धारणाहरू सामना गर्नुपऱ्यो । त्यहाँ म बेग्लै ग्रहबाट आएकी जस्तो ठानिन्थेँ । मेरो बोली, लवज, अनुहार उनीहरूको जस्तो थिएन । उनीहरूका भाषामा 'थारू' को जस्तो थियो । थारू भनेको उनीहरूभन्दा फरक, कमजोर सामाजिक, आर्थिक, राजनीतिक हैसियतको ! अर्थात् थारू भनेको उनीहरूका लागि कमैया-कम्लहरी बस्ने या त उनीहरूका बटैया गर्ने हैसियतको ।

त्यहाँ पढ्नेहरू सम्पन्न परिवारका थिए । उनीहरूको स्कुल युनिफर्म आइरन गरिएको चिटिक्कको हुन्थ्यो । केहीले बुट लगाउँथे । त्यसभन्दा अगाडि मैले त्यस्तो बुट जुत्ता सिनेमामा मात्र देखेकी थिएँ । मेरो स्थिति उनीहरूको भन्दा निकै फरक थियो । न खाजा हुन्थ्यो, न खाजा खाने पैसा । भोकै बस्नुपर्थ्यो । अरूसँग मागेको पुरानो किताब पढ्नुपर्थ्यो । जति माथिल्लो कक्षामा गयो, उति नै आवश्यकता बढ्दै जान्थ्यो ।

हो म सानै थिएँ, मृत्यु के हो र यसले कति गहिरो प्रभाव मान्छेमा पार्न सक्छ भन्ने बुझ्न सक्दिनँ थिएँ । तर समय जतिजति बित्दै गयो, पितृसत्तात्मक समाजमा सबै पुरुष अभिभावक गुमाउनुको अर्थ बुझ्दै गएँ । हाम्रो समाजमा पुरुषलाई, घरको सबैभन्दा बलियो खम्बा मानिन्छ । तीन जना अभिभावक गुमाएपछि हामी अभावै अभावबाट गुज्रिरहेका थियौं । आमा र हजुरआमालाई बेसहारा र कमजोर महिलाको व्यवहार गरिन्थ्यो । मलाई बहुत नमज्जा लाग्थ्यो ।

उनीहरूलाई के थाहा मेरी आमा र हजुरआमा आफ्ना लोग्ने र छोरा गुमाउँदा पनि परिवारको दायित्व निर्वाह गर्दै भोलिका लागि कति आशावादी थिए ! आइपरेको परिस्थितिमा आफूलाई ढाले र सन्तानका लागि दिनरात लागि परे । त्यस्ता महिलालाई मेरो समाज भने कमजोर ठान्थ्यो । हेप्थ्यो । अझै पनि लोग्ने, बुबा, छोरा, दाजुभाइ गुमाएका महिलालाई कमजोर ठान्ने समाजको नजरमा खासै परिवर्तन भएको छैन ।

दिनप्रतिदिन प्रकट हुने प्रत्येक प्रतिकूल परिस्थितिले भविष्यका लागि सपना देख्ने अनुमति दिँदैन थियो । बाल्यकालमा त बाँच्नु नै मेरा लागि सपना भइदियो । अलिपछि अलि सन्तोकले पढ्न पाउनु पनि सपना नै भयो । माध्यमिक तह पार गरेपछि मलाई यो पनि बोध भयो, पढेर डाक्टर, इन्जिनियर, नर्स बन्ने सपनाको फ्रेमभित्र हामी पर्दैनौं । मलाई थाहा भइसकेको थियो, त्यसका लागि धेरै पैसा चाहिन्छ । त्यो हामीसँग थिएन ।

आमा र हजुरआमाले मलाई 'अर्काको घर जाने जात' को रूपमा कहिल्यै व्यवहार गर्नु भएन । 'छोरीले घरको काम सिक्नुपर्छ, नभए भोलि अर्काको घरमा दुःख पाइन्छ' कहिल्यै भन्नु भएन । सबै काम आफैंले भ्याएर आमाले मलाई पढ्न मात्रै भन्नुहुन्थ्यो । पढेर के गर्ने वा के बन्नेबारे आमाले कहिल्यै भन्नु भएन । आमालाई थाहा पनि नहुँदो हो । आमाले पढ्न, पढ्न अनि धेरै पढ्न मात्र भन्नुहुन्थ्यो ।

पढ्न पनि थारूको बच्चालाई भनेजस्तो सजिलो कहाँ हुन्छ र !

आमा नेपाली बोल्न जान्नुहुन्न, त्यसैले मैले घरमा थारू मात्र सिकेँ । नेपाली बोल्न नजानेर कक्षामा सबैभन्दा पछाडि बस्थेँ । नेपाली बोल्न सिकिसकेपछि पनि बोल्दा आउने मेरो थारू उच्चारणका कारण कैयौंपटक म मजाक बनेकी छु । सुँगुर खाने, घोंघी खाने, मुसा खाने भन्दै गरेको अपमानले मलाई सधैं बिझाइराख्छ । कुनै बेला लाग्थ्यो, के मेरा सपनाहरू पनि मैले मेरो भाषामा देख्दा यसरी नै बहिष्करणमा त पर्दैनन् ?

एसएलसी सकेको भोलिपल्टै दोस्रो जनआन्दोलन सुरू भयो । सामाजिक, राजनीतिक परिवर्तनको लडाइँमा खुलेर लागेको त्यो मेरो पहिलो पाइला थियो । आन्दोलनमा सहभागी हुन हौस्याउने ठोस कारणको जवाफ मसँग छैन । तर आन्दोलनका मागहरू, जस्तै गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक प्रतिनिधित्व, महिला अधिकारका कुराले मलाई आकर्षित गरेका थिए ।

जनआन्दोलनबाट प्राप्त नयाँ राजनीतिक संरचनाले थारूहरूलाई बेवास्ता गरेको थियो । थारूहरूको पहिचान नै स्वीकारेको थिएन । सरकारको त्यो निर्णयविरूद्धको आन्दोलनमा म सक्रियतापूर्वक सहभागी भएँ । सामाजिक, साँस्कृतिक, राजनीतिक विभेदविरूद्धका विभिन्न अभियानहरूमा म जोडिएँ । त्यसले मलाई हाम्रो समाज र राज्यको चरित्र बुझ्न निकै सहयोग पुऱ्यायो ।

०७२ सालको टीकापुर घटनापछि थारूहट आन्दोलन सुस्त भएको थियो । राज्यसहित सञ्चार प्रसारका सबै माध्यमहरूले थारूहरूलाई अपराधी करार गरेका थिए । उक्त घटनापश्चात सर्वसाधारण थारूहरूले भोग्न परेको राज्यको ज्यादतीबारे कसैले बोलिरहेको थिएन । न कसैले लेखिरहेको थियो । बाध्य भएर मैले नै लेख्न सुरू गरेँ । मलाई लाग्छ, मेरो समुदायको कथा मैले लेख्नु नै अब मेरो सपना हो ।

लेखन मेरो सचेत छनौट थिएन । परिस्थितिले मलाई लेख्न लगायो । छापा र अनलाइन मिडियामा प्रकाशित मेरा लेखहरू संकलन गर्दा किताबकै रूप लिने भयो । अनि प्रकाशित भयो मेरो लेखहरूको संगालो 'निलम्बित निबन्ध' ।

त्यसैगरी थारू र जनयुद्धको विषयलाई केन्द्रमा राखेर मैले प्रकाशन गरें 'मुक्तिक डगर' जुन पहिला मेरो बाबाले निकाल्नुहुन्थ्यो । यसरी बाबाको सम्झनामा उहाँको अभियानलाई पनि मैले मेरो सपना बनाएँ ।

लेख्दा धेरैको वाहवाही पाइयो । धेरैको गाली खाइयो । आफ्नो समुदायका बारेमा लेख्ने भएकाले धेरैले जातिवादी भने । थारूभन्दा माथि उठ्न नसकेको भने । वाहवाही र गाली दुबैले मलाई लेख्न प्रेरणा दिइरहे ।

म के हुने वा के बन्ने भन्ने कुरामा मसँग ठोस कुरा कहिल्यै भएन । डर, अभाव र अपमानमा बितेको मेरो बाल्यकालले सपना देख्न हौस्याएन । परिस्थितिले मलाई जता पुऱ्यायो, म उतै पुगें । मेरा सपनाहरू कहिल्यै निर्धारित थिएनन्, छैनन् । यद्यपी विभेदविरूद्ध लड्न म सधैं दृढ छु । यही दृढता नै मेरो सपना हो । किनकी बाल्यकालमा सपना नदेख्ने म एक्ली थिइनँ । मेरो समुदायका, मजस्तै अभावमा हुर्किएका, मझैं अभिभावक गुमाएका थुप्रै छोरीहरू त्यो समयमा सपना नदेखी हुर्किए ।

म आफ्नो बितेर गएको समय फर्काउन सक्दिनँ । तर अब आउने दिनमा विभेदको कुचक्रमा परेर कुनै छोरीले सपना देख्नै नपाउने स्थिति नहोस् भन्न म विभेदविरूद्ध लड्न त सक्छु ! मेरो लडाइँले ती तमाम छोरीहरूलाई सपना देख्ने बाटो बनाइदियोस्, बस् म यति चाहन्छु !



आन्विका गिरी



संगिता उराँव



ममता कुमारी बैठा



शैली चौधरी



भावना गुरुङ



रुक्शना कपाली



एलिजा ढकाल



समन इक्वाल सिद्दिकी



कुन्साङ



अस्मिता वादी



इन्दु थारु

# लेखक परिचय

**आन्विका गिरी** नेपाली साहित्यमा परिचित नाम हो । साहित्यसँगै लैंगिक, जातीय तथा वर्गीय विभेदविरूद्ध तथा समानता, लोकतन्त्र, समावेशीजस्ता मुद्दामा गिरी सार्वजनिक रूपमै मुखर छिन् । कथा हुँदै उपन्यास लेखनको अनुभव लिएकी गिरीसँग रेडियो, टेलिभिजन, छापा लगायतका माध्यममा एक दशक पत्रकारिता गरेको अनुभव पनि छ । गिरी अरूका कथा आफूले लेख्ने मात्र होइन, अरूलाई लेख्न पनि हौस्याउँछिन् ।

**संगिता उराँव -** संगिता नेपालको एक अल्पसंख्यक आदिवासी समुदायकी हुन् । हाल नेपाली रंगमञ्चमा सक्रिय उनी आफ्नो समुदायकी पहिलो कलाकार हुन् ।

**ममता कुमारी बैठा -** महोत्तरीकी ममता महिला तथा दलित अधिकारका लागि सक्रिय छिन् । विवाहपछि पनि आफ्नो पढाइलाई निरन्तरता दिन संघर्ष गरेकी उनी आफ्नो सपनाको कथा लेख्दै गर्दा समता फाउण्डेसन महोत्तरीमा आवद्ध थिइन् ।

**शैली चौधरी -** युवा अधिकारकर्मी शैली क्वेर महिलावादी हुन् । उनी आफ्ना विभिन्न अभियानमार्फत् विभिन्न क्षेत्रका सिमान्तकृतहरूको समावेशितामा लागि परेकी छिन् । तीमध्ये उनको एक अभियान उनले चलाउने 'शैली अब बोलेगी' पडकास्ट हो । उनी आफूलाई 'शी/दे' को रूपमा चिनाउँछिन् ।

**भावना गुरुङ -** भावना विपद् सञ्चार क्षेत्रमा काम गर्छिन् । उनी जीवन बचाउ सूचनामा केन्द्रित 'संकटमा साथी' पडकास्ट चलाउँछिन् । उनी आफूलाई शब्द र फोटो दुबैमा व्यक्त गर्न पोख्त छिन् ।

**रुक्शना कपाली -** रुक्शना २३ वर्षीया पारलैंगिक महिला हुन् । उनी भाषा र कानुनकी विद्यार्थी हुन् । उनी क्वेर अधिकार र नेपालभाषा आन्दोलनमा सक्रिय छिन् ।

**एलिजा ढकाल -** एलिजा नेपाल विद्यार्थी संघकी पूर्व केन्द्रीय सदस्य हुन् । अहिले उनी नेपाली कांग्रेस तनहुँ क्षेत्र नं. १ प्रदेश सभा (क) को गण्डकी प्रदेश अधिवेशनबाट सर्वाधिक मतसहित प्रतिनिधि चुनिएकी छिन् ।

**समन इक्वाल सिद्दिकी -** समन नेपालकी पहिलो अन्तर्राष्ट्रिय ब्याडमिन्टन अम्पायर हुन् । अनि उनी बैंकर पनि हुन् ।

**कुन्साङ** कुन्साङ लेखक हुन् । हिमाली जीवन र त्यहाँका महिलाहरूका बारेमा उनले लेखेका लेखलाई नेपाली मूलधारे सञ्चारमाध्यमले प्रमुखताका साथ छाप्छन् र पाठकले पनि उत्तिकै रूचिका साथ पढ्छन् ।

**अस्मिता वादी -** अस्मिता कवि हुन् । उनी आफ्ना कवितामा दलित तथा महिला अधिकारका बारेमा प्रखर रूपमा व्यक्त हुन्छिन् ।

**इन्दु थारु -** इन्दु लेखक र अनुसन्धानकर्मी हुन् । उनका 'मुक्तिक डगर' र 'निलम्बित निबन्ध' गरेर दुई पुस्तक प्रकाशित छन् । हाल उनी कोरियामा अध्ययनरत छिन् ।

**Imprint**
©२०२१ फ्रेडरिक–एवर्ट–स्टिफटुङ
सानेपा, वार्ड नं. २, ललितपुर, नेपाल
पोस्ट बक्स: ११८४०

**जोनाथन मेंगे, आवासीय प्रतिनिधि**

nepal.fes.de

FESNP

पुस्तकका लागि सम्पर्क:
fes@fesnepal.org

यो प्रकाशनमा व्यक्त गरिएका विचारहरु लेखकका निजी हुन् ।

एफइएसद्वारा प्रकाशित सबै प्रकाशनहरुको व्यवसायिक प्रयोजनका लागि पूर्व लिखित स्वीकृति आवश्यक छ ।

फ्रेडरिक-एवर्ट-स्टिफटुङ (एफइएस) नागरिक शिक्षा, अनुसन्धान र अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट सामाजिक लोकतन्त्रको भावना झल्किने गरी सामाजिक, राजनीतिक र आर्थिक उन्नतिको लागि प्रतिबद्ध जर्मनीको सबैभन्दा पुरानो राजनीतिक प्रतिष्ठान हो ।

नेपालमा सन् १९९५ देखि सामाजिक न्याय र लोकतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउन हामी हाम्रा साझेदार संस्थाहरु–श्रमिक आन्दोलन संगठन, बुद्धिजीवी, नागरिक समाज र राजनीतिक दलहरु–सँग मिलेर काम गरिरहेका छौं ।

nepal.fes.de

EFQM
Committed to excellence